# त्रि-बोधिरस

त्रि-बोधिरस (Tri-Bodhirash) बौद्ध मासिक पत्रिका

त्रि-बोधिरस बौद्ध मासिक पत्रिका Tri-Bodhiras Buddhist Monthly Magazine

वर्ष २, अंक ९-११, पुष-फागुन पूर्णिमा बु.सं. २५६३, ने.सं. ११३९, वि.सं. २०७६, 2019 A. D. Jan-March


## बुद्धरस




न तं माता पिता कयिरा-अञ्ञे वा पि च ञातका
सम्मा पणिहितं चित्तं-सेरय्सो नं ततो करे ॥

सुमार्गय् लगे जूगु चित्तं थःयात गुलि उपकार याईगु खः
उलि उपकार मां, बाः व कुटुम्बपिन्सं नं याये फइमखु।।

सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार
गर्दछ, त्यति उपकार बाबु आमा र कुटुम्बले समेत
गर्न सक्तैनन ॥

*Not a mother, nor a father, nor any other relative can do more for the well being of one than arightly directed mind can.*




गत अंक

## बिषयसूची


महान धर्मचक्र सूत्रोपदेश
✍ महाशी सयादो महास्थविर ३

पट्ठान पाली
✍ डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर ६

अङ्गुत्तरनिकाय
✍ भिक्षु बोधिसेन महास्थविर ९

दुःखबाट मुक्त हुने चाहना बढाउनुपर्छ
✍ भिक्षु बोधिज्ञान महास्थविर १३

प्रेरक प्रसङ्ग
✍ भिक्षु विमलो स्थविर १६

जातक बाखँ
✍ दुण्डबहादुर बज्राचार्य २१

मिलिन्द प्रश्न २५

विशुद्धिमार्ग के हो ?
✍ भिक्षु सम्यकसम्बोधि 'प्राणपुत्र' २९

बुद्धका नौ गुण
✍ बसन्त महर्जन ३२

धर्म निरपेक्षता व नेपाल सरकारया उदासिनता
✍ बिपुल शाक्य ३५

अष्टाङ्ग मार्ग : बुद्धले दिएको सफलताको सूत्र
✍ आर. मानन्धर ३७

बुद्धशिक्षामा वातावरण
✍ पूर्णमान महर्जन ४१

वासवदत्ता र भिक्षु उपगुप्त
✍ सुर्य घिसिङ ४५

यस्ता छन् असफलताका ३१ कारण.... ४८




Downloaded from http://www.dhamma.digital

त्रि-बोधिरस
त्रि-बोधिरस
बौद्ध मासिक पत्रिका

धम्मानुशासक
**संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर**
'अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज'

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
**भिक्षु भद्दिय महास्थविर**
**भिक्षु बोधिज्ञान महास्थविर**

सम्पादक
**भिक्षु विमलो स्थविर**
मो. ९८४१५९८३८३

विशेष सहयोगीहरू
**भिक्षु चन्दिमो**
**भिक्षु रेवतो**

आर्थिक व्यवस्थापक/प्रायोजक
**कपिल शाक्य/प्रविता शाक्य**
**राजेश श्रेष्ठ/शोभा श्रेष्ठ**
सितापाइला, काठमाडौं
मो. ९८५१०६१९७५

विज्ञापन व्यवस्थापक
**कृष्ण गोविन्द महर्जन**
मो. ९८५११७२३९५

वितरण व्यवस्थापक
**रामकृष्ण महर्जन**
मो. ९८४१९३४४९४

वितरकहरू
**गौतम तुलाधर**
**कृष्ण प्रताप महर्जन**
**जमुना महर्जन**
**सनम महर्जन**

सेटिङ्ग/मुद्रण
**आइडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः ५५३०५२२

मूल व्यवस्थापन
**श्री सिद्धिमंगल बुद्ध विहार**
सिद्धिपुर, महालक्ष्मी नगरपालिका-६

**प्रकाशक/सम्पर्क कार्यालयः**
**त्रि-बोधि विपश्यना ध्यान केन्द्र**
सिद्धिपुर, ललितपुर, फोनः ५७०९४९५
E-mail: pashavimalo@gmail. com
tribodhirasa@gmail. com

# सम्पादकीय

बुद्ध भन्नु हुन्छ संसारमा गुण लाउने र गुण तिर्ने दुई थरीका मानिसहरु दुर्लभ छन् । गुण लाउने र गुण तिर्ने गुणधर्मलाई सत्पुरुषहरुको स्वभाव धर्म भनेर पनि चिनिन्छ । गुण लाउनु, गुण तिर्नु दुई गुणधर्म भनेका शुद्धचित्तको उपज हो । शुद्धचित्त भित्रमात्र गुणधर्मको विकास हुन्छ । गुणधर्मले मात्र व्यक्तिको विकास हुन्छ । अनि मात्र व्यक्ति भित्रका अवगुण निकास हुन्छ ।


गुण लाउने व्यक्ति बाँचुन्जेल पनि सबैको माझ प्रिय हुन्छ भने मनुष्य, अमनुष्य, देव ब्रह्महरुको सम्म अति प्रिय हुन्छ र यो लोक पश्चात परलोक सम्म पनि उसको किर्ति फैलिन्छ अनि दिवंगत हुँदा पनि उसलाई हर व्यक्तिले आफ्नो हृदय भित्र जिवित बनाउँछ । त्यसैले मृत्यु पश्चात पनि यस लोकमा जिवित रहने हो भने अवश्यमयव गुण धर्म अभिवृद्धि गर्न सक्नु पर्छ । गुण विनाको मानिस मृत्यु पश्चात उसको अस्तित्व रहँदैन यस लोकमा ।

हृदयमा गुणधर्म अभिवृद्धि गर्नु भनेकै हृदय शुद्धिकरणको मार्गमा अग्रगमण गर्नु हो । गुणधर्म अभिवृद्धि हुनेबित्तिकै हृदयमा भएका विकार, विसंगति आदि नकारात्मक विषयहरु शिथिल भई सकारात्मकताले स्थान लिन्छ । सकारात्मकताले व्यक्तिलाई सकारात्मक रुपमा विकास गर्छ । जीवन सकारात्मक रुपमा सफल हुन्छ । सार हुन्छ, सार्थक हुन्छ । जीवन सन्तोषको प्रतिबिम्ब हुन्छ अनि सन्तोषको कारण हेतु जीवन सुखमय हुनेमा दुईमत छैन । त्यसैले सुख चाहिने हरकोहीले आफ्नो हृदय भित्र विद्यमान, विकार, विसंगति, विकृतिलाई हताएर सकारात्मक उन्नति प्रगति चाहनेले जसरी फिटकिरी ढुंगा धमिलो पानीमा राख्दा पानी सफा कन्चन हुने स्वभाव धर्म हुन्छ फिटकिरीको शुद्ध गर्ने स्वभाव धर्मको कारण हेतु धमिलो पानीसम्म प्रयोग र सेवन गर्नु योग्य भए झैं गुणधर्म अभिवृद्धि गर्नेले पनि हृदयमा भएका अकुशल रूपी मैल हटाएर हृदय कन्चन परिशुद्ध गर्न सक्छ र जसरी फिटकिरीको कारण हेतु जल सेवक योग्य भए झैं गुणधर्म अभिवृद्धि गर्ने व्यक्ति पनि संगत र सेवनिय व्यक्ति हुन्छ, यहाँ सम्म की त्यस्ता व्यक्तिलाई मानिसले मात्र नभई देवब्रह्म अमनुश्यहरुले सम्म सेवन गर्दछ । उ सबैको प्रिय हुन्छ । ऊ सबै माझ आदरणीय हुन्छ उसको चैतर्फी यशकिर्ति फैलिन्छ । फूलको सुगन्ध त हावाको बेगसंग मात्र फैलिन्छ तर गुणी व्यक्तिको यशकिर्ति बिना हावाको बेगमा टाढै सम्म निरन्तर फैलिन्छ । यस लोकमा मात्र हैन परलोक सम्म पनि किर्ति फैलिन्छ । उसलाई यस लोक र परलोक दैवलोकमा सुख शान्ति प्राप्त हुन्छ । त्यसैले भगवान बुद्ध भन्नु हुन्छ यस लोकमा गुण लाउने र गुण तिर्ने दुई थरिका व्यक्तिहरु दुर्लभ छन् । त्यसैले बुद्धद्वारा प्रशंसित व्यक्ति भएर जिउनु कति सुखकर होला आजै देखि अभ्यास किन नगरौं ।

अहिले हामी माझ गुँला महिनाको शुभारम्भ छ धर्मकर्मको सम्पादन गर्ने महिना । बालक देखि बुद्धले सम्म धर्मकर्मको अभ्यास गर्नुपर्छ भन्ने मनोभाव विकसित महिना गुँला महिना । राम्रो देख्न पाउने, सुन्न पाउने, बोल्न पाउने व्यवहार गर्न पाउने, मन धर्मकर्ममा झुकाउन पाउने अवसर जुरेको महिना हो गुँला महिना । धर्मकर्ममय भएको महिना हो गुँलामहिना । बालकदेखि वृद्धसम्म धर्मकर्ममा उत्साहित हुने महिना हो गुँला महिना । त्यसैले जताततै धर्मकर्मको यस्तो अवसर जुरेको समय अझ भनौं सम्यकसम्बुद्धद्वारा लोक हितसुख गर्ने हेतु महाकरुणा राखी देशना गर्नुभएको सद्धर्मको देशना पनि बौद्ध विहार विहारमा भिक्षुहरुबाट प्रारम्भ हुन्छ गुँला महिनामा । सद्धर्मश्रवण गर्नु पनि दुर्लभ हो यस्तो दुर्लभ स्वामित्व प्राप्त भएको अवसरमा हामी श्रद्धा चित्तले सद्धर्मश्रवण गरी हृदय भित्र रहेको विसंगति, विकृति, विकारहरु अलग्याएर हृदय भित्र गुणधर्म अद्धिवृद्धि गर्न गराउन सकेमा अवश्य हामी पृथकजनबाट सत्पुरुष, सत्पुरुषबाट आर्य भई दुःखमुक्तिको मार्गमा पुग्ने छौं । त्यसैले सुख चाहने हरकोहीले यस्तो अवसरलाई नगुमाई अवसरको सदुपयोग गरी आफ्नो हृदयमा गुणधर्म अभिवृद्धि गरि जीवन सार अर्थपूर्ण बनाऔं । साधु ।



जार योद्धाहरूमा विजय पाउन सरल छ, तर आफै माथि विजय पाउँछ उहि साँच्चैं विजयी हो । - भगवान् बुद्ध

Downloaded from http://www.dhamma.digital




**अग्गमहापण्डित महोपकारक महाशी सयादो महास्थविरज्यूले देशना गर्नुभएको**

# महान धर्मचक्र सूत्रोपदेश




**गत अंकबाट क्रमशः .......**

## खाना खाएको नमिल्दा, पाचक ओखती खाए झैं

प्रत्यवेक्षणद्वारा निरीक्षण गर्नु, शमथ विपश्यनाद्वारा भाविता गरेर जानेको मार्गाङ्ग आठ अन्तर्गत पर्ने स्मृति, समाधि र प्रज्ञा नै हुन्। ती कस्ता हुन् त भने, खाएको पिएको गडबडी हुँदा पचाउने ओखती खाएको जस्तै हो। भर्खरै मात्र जरो (ज्वर) आएको जातिहुन थालेको र बिरामी अवस्थाबाट पूरा नछुटिसकेका व्यक्तिहरुले खान नहुने (बार्नुपर्ने) खाने कुरा पिउने चीज सेवन नगरी मुख बार्नु पर्छ। मुख बार्न नसकेर खान मनलागे त्यस्ता खाना खाएपछि गडबडी भएमा पचाउने ओखती खानु आवश्यक छ। त्यसो गरे ज्वर पनि चढ्दैन, आफूलाई खान मनलागेको खान पाएर बल शक्ति पनि पूरा आउने हुँदैछ। ठीक त्यसै गरी, प्रत्यवेक्षण निरीक्षण गर्नु, सचेत भई भाविता गरिरहनु, उपभोग गरिरहेका चीजवस्तु आरम्मणहरुसित सम्बन्ध राखेर क्लेशहरु उत्पन्न नहुने गरी रक्षा गर्नु रोकथाम गर्नु नै हो। विशेषतः जतिपटक देखियो, जति पटक सुनियो, जटि पल्ट भेट भइरह्यो, जति पल्ट जानियो त्यति त्यति नै पटक भाविता गर्दै सचेत रही उत्पत्ति विनाश अनित्य दुःख अनातम यथार्थ स्वभावलाई जानीरहने योगीसित उक्त हरेक देखिने-सुनिने आदि आरम्मणहरुसित सम्बन्ध राखी लोभ पनि उत्पन्न हुनसक्तैन, दोष आदि पनि उत्पन्न हुन सक्तैन। चार प्रत्यय उपभोग गर्दाहुँदी पनि देखेको, सुनेको, सुँघेको, खाएर जानेको, छोएर जानेकोलाई भाविता गर्दै सचेत भई थाहा गरिरहेमा (जानिरहेमा) ती चीजवस्तुहरुसित सम्बन्ध राखी क्लेश उत्पन्न हुनसक्तैन। त्यसो हुँदा इच्छा भएको खान पनि पाइयो, दुःख कष्ट पनि नहुने भयो। भाविता गर्दै जानी-बुझी सेवन गरिएको हुँदा मनपर्दो, रमाइलो र मज्जा लाग्ने (भाव) उत्पन्न नहुने भएकोले कामसुखल्लिक पनि भएन। दुई छेउ (टुप्पा, अन्त) बाट मुक्त पनि रहेछ। तसर्थ भाविता गर्दै जानेर सेवन गर्नु बीचको मार्गको आचरण रहेछ। नमिल्दो, हानिकारण खाना खाएर बिराउँदा पचाउने ओखती खाए झैं भयो। त्यसैले ६ द्वारबाट उत्पनन भएर आउका जम्मै आरम्मणहरुको भाविता गरी सचेत भई सही रुपले जानेको यो मध्यम प्रतिपदा आचरणमार्गद्वारा प्रज्ञाचक्षु खोलिनेदेखि लिएर निर्वाण साक्षात्कार गर्नेसम्म आनिशंस प्रतिफलहरु लाभ गर्न सक्तछ। त्यसरी लाभ गर्न सक्नुलाई यसरी जोड्दै आज्ञा गर्नुभयो–

**तथागतेन=** तिमीहरुका शासता म तथागतले; **अभिसम्बुद्धा=** प्रतिवेध गरी जानेर आएको; **मज्झिमा पटिपदा=** बीचको मार्गको आचरण; **चक्खुकरणी=** प्रज्ञाचक्षु उत्पन्न गराउन खोलाउन जानेको हो, **ञाणकरणी=** ज्ञान पनि उत्पन्न गराउन सक्षम भएको हो।

## प्रज्ञाचक्षु र ज्ञान उत्पन्न गराउने ढाँचा

बीचको मार्गको आचरण भनेको मार्गाङ्ग आठ हुन्। त्यसको आचरण गरेमा, उत्पन्न र वृद्धि गराएमा त्यो आचरण गर्ने व्यक्तिको सन्तानमा प्रज्ञाचक्षु उत्पन्न गराउने हुन्छ। ज्ञान पनि उत्पन्न गराउने हुन्छ। यहाँ ज्ञान भन्नाले (तस्सेव वेवचनं-भनी वर्णन गरिराखेको हुनाले) प्रज्ञाचक्षु भन्नेसित समानार्थी छ। आँखाले देखेझैं छर्लङ्ग र स्पष्ट रुपले जान्न पाइने हुनाले प्रज्ञाज्ञानलाई नै चक्षु (आँखा) भनी आरुढ गी बताइराख्नु भएको हो। यो प्रज्ञाचक्षु प्रज्ञाज्ञानलाई कामसुख अनुभव गरिनुद्वारा उत्पन्न गराउन सकिंदैन। मार्गाङ्ग आठ भन्ने यही बीचको मार्गको आचरणद्वारा मात्र उत्पन्न गराउन सकिन्छ। त्यसैले यो प्रज्ञाचक्षु भन्ने प्रज्ञाज्ञान उत्पन्न हुने ढाँचा महत्वपूर्ण छ। बुद्धशासनमा विपश्यना भावना धर्म उद्योग र अभ्यास गर्नु भनेको यही मार्गाङ्ग आठलाई उत्पन्न र वृद्धि गराउनु हो। मार्गाङ्ग आठलाई उत्पन्न र वृद्धि गराएमा रूपधर्म अनि नामधर्महरुलाई आँखाले देखेको झैं



Downloaded from http://www.dhamma.digital


छर्लङ्ग र स्पष्ट रुपले जान्न र देख्न पाइने हो । उक्त नाम र रुपहरु एकपछि अर्को नयाँ गरी उत्पन्न हुँदै आउने ढंग, हराउँदै गई लोप भएर जाने ढंगलाई पनि साँच्चै उत्पत्ति विनाश भइरहे अनुसार छर्लङ्ग र स्पष्ट रुपले जान्न र देख्न पाइने हो । **अनिच्च=** नित्य नरहने, **दुक्ख=** दुःख हो, **अनत्त=** जीव आत्मा होइन भनिएको अधिकार नभएको स्वभाव धर्महरु हुन् भनिएकोलाई पनि पुस्तक र गुरुहरुले भने अअनुसार मात्र होइन, स्वाधीनस्थ ज्ञानद्वारा नै छर्लङ्ग र स्पष्ट रुपले जान्न र देख्न पाइने हो । अन्तिममा त रूप नाम संस्कार दुःख जति छन् जम्मै निरोध र शान्त रहेको निर्वाण स्वभावलाई पनि साक्षात्कार रुपमा छर्लङ्ग र स्पष्ट हुने गरी जान्न र देख्न पाइने हो । त्यस प्रकारले जान्यो कि देख्यो कि भनी चिन्तन मनन र निरीक्षण गरी हेर्नु आवश्यक छ ।

**प्रज्ञाचक्षु र प्रज्ञाज्ञान तहसितै उत्पन्न हुने ढंग**

हरेक उत्पत्ति क्षणका नाम रुपलाई अटूट नबिराई भाविता गर्दै होश राखी जान्नुपर्ने स्मृतिप्रस्थान भावना विधिद्वारा विपश्यना मार्गाङ्ग धर्म अटूट रुपमा वृद्धि गरिरहने योगीहरुमा यो प्रज्ञाचक्षु उत्पन्न हुने ढंग, प्रत्यक्ष अनुभव जन्य प्रज्ञाज्ञान उत्पन्न हुँदै आउने ढंग अति नै प्रकट हुँदैछ । पहिले प्रारम्भिक रुपले भाविता गरिरहने योगीले फुलिरहेछ, दबिइरहेछ, बसिरहेछु, छोइरहेछु, देखिरहेछु, सुनिँदैछ, आदि भनी भाविताद्वारा सचेत भएर बसे राम्ररी समाधि उत्पन्न नहोइञ्जेलसम्म त केही पनि विशेष रुपले थाहा पाउँदैन (जानिँदैन) । भाविता गर्दै होश राखी तीन चार पाँच दिन बित्न थालेपछि मात्र चित्त स्थिर रहेर निर्मल सफा रहने समाधि राम्रो हुँदै आउँछ । अन्यान्य आलम्बनहरुतिर चित्त पटक्कै नजाने नै भयो कि भने जस्तो भइरहने हुन्छ । भाविताद्वारा जान्नुपर्ने हरेक उत्पत्ति क्षणका रुप र नाम धर्म मात्रमा टालिर स्थिर रहने गर्दछ । त्यतिबेला सचेत भई जान्नुपर्ने रुप अलग्ग, सचेत रही जानेको चित्त नाम अलग्ग छुटिएर देखिरहने हुन्छ ।

भर्खर भर्खर भाविता गर्दै सचेत भइरहँदा त गुरुहरुले निर्देशन गरिराख्नु भए अनुसार फुलिरहेछ, दबिएर गइरहेछ आदि भनी भाविता गरी होश गरिरहे पनि फुलिने रुप र सचेत भई (होश राखी) जानेको, दबिएर जाने र सचेत भई जानेकोलाई छुट्टाछुट्टै जानेको हुँदैन, फुलिने र सचेत भई जानिएको, दबिएर जाने र सचेत भई जानिएकोलाई एउटै नै भनने सम्झीरहने गर्दछ; समाधि सुदृढ भई मजबूत हुँदै आउँदा भने सचेत भई जान्नुपर्ने रुप र सचेत रहेर जानेको चित्त नाम स्वभावतः छुटिँदै जाने गर्दछ । पटक पटक सचेत रहँदा जान्नुपर्ने रुप अलग्ग जानिएको नाम अलग्ग छुटिँदै प्रकट हुन थाल्दछ । जोड्नु (छ्यासमिस पार्नु) सम्म पनि नहुने हुन्छ । त्यतिबेला यस शरीर भित्र यो रुप र यो नाम यी दुई मात्र हुँदारहेछन् । सजीव आत्म भनी छैन रहेछ, रुप अनि नाम दुई समूह मात्र रहेछन् भनी बुझेको, जानेको, देखेको ज्ञान उत्पन्न हुँदै आउने हो । त्यस प्रकारले जानेको पनि विचारेर, चिन्तन गरेर कल्पना गरी जानेको जस्तो होइन, हत्केलामा राखेर हेर्दा देखिने झैं स्पष्ट स्पष्ट हुनेगरी छर्लङ्गै हुनेगरी जान्नु र देख्नुपर्दछ । त्यसरी जान्न देख्न पाउनुलाई प्रज्ञाचक्षु उत्पन्न भएको हो भन्नपर्छ । प्रज्ञाज्ञान उत्पन्न भएको हो भनेर पनि त्यसैलाई भनिएको हो ।

त्यसपछि समाधि ज्ञान एक तह वृद्धि हुनगई शक्तिशाली हुनथाले पछि आँखा हुनाले देखिँदैछ, देखिन योग्य वर्ण रुप भएको हुँदा देखिँदैछ, कान हुनाकारण सुनिँदैछ, सुनिन योग्य शब्द भएको हुँदा सुनिँदैछ;



गत अंक

त्रि-बोधिरस (बौद्ध मासिक पत्रिका)

समयमै वार्षिक ग्राहक बनी बुद्ध शिक्षा पढौं, पढाऔं, धारण, पालना गरौं ।
शासनिक योगदान पुऱ्याऔं ।

प्रकाशक/सम्पर्क कार्यालयः
त्रि-बोधि विपश्यना ध्यान केन्द्र
सिद्धिपुर, ललितपुर, फोनः ५५८१४९५,
E-mail: pashavimalo@gmail. com, tribodhirasa@gmail. com



हाम्रो कर्तव्य हो कि हामी आफ्नो शरीरलाई स्वस्थ राखौ, अन्यथा हामी आफ्नो मनलाई सक्षम र शुद्ध राख्न सकिदैन । - भगवान् बुद्ध

Downloaded from http://www.dhamma.digital

खुम्च्याउन चाहेको चित्त हुनाले खुम्च्याउँदैछ, फैलाउन चाहेको चित्त ुनाले फैलाइँदैछ, हल्लाउन चाहेको चित्त हुनाले हल्लाइँदै छ, सही रुपले (ढंगले) नजानेको अविद्या हुनाले मनपराएर आकर्षित हुँदैछ, मन पराएर आकर्षित भइरहेकोले आसक्त भइरहेछ, आसक्त भइरहेको हुनाले काम गरिंदैछ, काम गरिरहेको हुनाले राम्रा नराम्रा प्रतिफल उत्पनन भइरहनपर्‍यो आदि भनेर पनि बुझ्दै, जानिंदै, देखिंदै आएको हो ।

त्यसपछि समाधि ज्ञान एक तह वृद्धि भएर शक्तिशाली हुँदै आउँदा सचेत भई जान्नुपर्ने आरम्मण अनि सचेत रहेर जानिएको सँगसँगै नयाँ नयाँ उत्पन्न हुँदै हराउँदै गएकालाई आँखाले नै देखे जस्तै स्पष्ट स्पष्ट ढंगले छर्लङ्ग जान्न पाइने हो । त्यतिबेला **अनिच्च=** अनित्य भनिएकोलाई पनि स्पष्ट स्पष्ट रुपले साक्षात्कार गरी जान्न पाइन्छ । **दुक्ख=** दुःख हो, पूरै नराम्रो हो; **अनत्त =** आत्म जीव होइन भनिएको अधीनस्थ नभएको केवल स्वभाव धर्म मात्र नै भनिएकोलाई पनि स्पष्ट स्पष्ट रुपले साक्षात्कार गरिहन जान्न पाइन्छ । त्यो अनित्य दुःख अनात्म प्रज्ञाज्ञानहरु परिपक्व भएर सुदृढ सम्पन्न हुँदै आउँदा रुप नाम संस्कार सम्पूर्ण दुःख जम्मै शान्त भइरहेको निर्वाणलाई पनि आर्यमार्ग ज्ञानद्वारा साक्षात्कार गरिकन जान्न देख्न पाइन्छ । त्यस प्रकारले जानेको देखेको विशिष्ट प्रज्ञाचक्षुहरु नै हुन्, विशिष्ट प्रज्ञज्ञानहरु नै हुन् ।

त्यसै कारण स्मृतिप्रस्थान देशना उपदेश अनुसार हरेक उत्पत्ति क्षणको रुप र नामप्रति अटूट नबिराइकन भाविताद्वारा सचेत भएर अखण्ड जानिरहने (थाहा पाइनै रहने) योगीहरुमा "चक्खुकरणी ञाणकरणी" भनिएको यो देशना अनुरुप भाविता गरी सचेत भई वृद्धि गराउनुपर्ने मार्गाङ्ग आठ आचरणमार्ग प्रज्ञाचक्षु खोल्नलाउने हो; प्रज्ञाज्ञान उत्पन्न गराउने हो भनी साक्षात्करण अनुसार प्रकट भइरहेको छ । अभिधर्म सम्बन्धी ग्रन्थहरुले दर्शाइराखेको अनुसार याद राखी (कण्ठगरी) स्मरण पूवृक निरीक्षण गरिकनै मात्र यस्ता विशिष्ट ज्ञानदृष्टि उत्पन्न होला र ? अघिबाटे कण्ठगरी याद राखेको हेरेर विशिष्ट ज्ञानदृष्टि उत्पन्न होला र ? विचार नगरीकनै निरीक्षण पनि नगरीकन मिल्काइराखे भने याद गरेर सम्झीराखेको पनि बिर्सेर नहराउला र ? किन त त्यो त्यसो हो भने- साक्षात्कार गरेर जानी राखेको प्रज्ञाज्ञान नभएर, याद गरी सम्झीरहेको केवल संज्ञा ज्ञान मात्र हुनाले नै हो भन्ने स्पष्ट छ ।

### पछि पछिका ज्ञान विशेषको ढाँचा

साक्षात्कर अनुसार जानिने गरी अभ्यास र उद्योग गरेमा पहिले पहिलेका समयमा भन्दा पछि पछिका समयमा विशिष्ट प्रज्ञाज्ञान उत्पन्न हुँदै आउनु स्वाभाविक नै रहेछ । त्यसकारण एकपल्ट आयुष्मान आनन्द भिक्षुणी आश्रममा गए । त्यतिबेला भिक्षुणीहरुले (इध भन्ते आनन्द सम्बहुला भिक्खुनियो) भन्ते आनन्द, यस आश्रममा धेरै भिक्षुणीहरु (चतूसु सतिपट्ठानेसु सुप्पतिट्ठितचित्ता विहरन्तियो) चार स्मृतिप्रस्थानमा सुप्रतिष्ठ चित्त युक्त भई विहार गरीकन (उलारं पुब्बेनापरं विसेसं) पहिले पहिलेका समयदेखि पछि पछिका समयमा पवित्रि उत्तम विशिष्ट प्रज्ञाज्ञानलाई (सञ्जानन्ति) जान्दछन् बुझ्दछन् भनी आष्ष्मान आनन्दलाई निवेदन गरे । आयुष्मान आनन्दले "यसरी जान्नु बुझ्नु स्वाभाविकै हो" भनी बताउने र बुझाउने गरे पछि अनि त्यस विषयलाई तथागतसित निवेदन गरे । त्यसबेला तथागतले–

**एवमेतं आनन्द; एवमेतं आनन्द; यो हि कोचि आनन्द भिक्खु वा भिक्खुनी वा चतूसु सतिपट्ठानेसु सुप्पतिट्ठितचित्तो विहरति; तस्सेतं पाटिकङ्खं उलारं पुब्बेनापरं विसेसं सञ्जानिस्सतीति-** भनी आज्ञा गर्नुभो ।


**आनन्द=** आनन्द; **एवमेतं=** त्यो जानिएको ढंग यसरी नै मिल्दोछ; **आनन्द=** आनन्द; **एवमेतं=** त्यो जानिएको ढंग यसरी नै मिल्दोछ; **आनन्द=** आनन्द; **यो हि कोचि=** कुनै एकजना; **भिक्खु वा=** भिक्षु वा; **भिक्खुनी वा=** भिक्षुणी; **चतूसु सतिपट्ठानेसु=** चार स्मृतिप्रस्थानमा; **सुप्पतिट्ठितचित्तो=** राम्ररी स्थिर चित्त युक्त भईकन; **विहरति=** विहार गरी बस्छ; **तस्स=** त्यस भिक्षु वा भिक्षुणीले; **पुब्बेन=** पहिले पहिलेका समय; **वा=** पहिलेका विशेष समयमा भन्दा; **अपरं=** पछि उत्पन्न हुने; **उलारं विसेसं=** पवित्र उदार विशेषता; **सञ्जातिस्सतीति=** जान्न बुझ्न पाइन्छ भन्ने; **एतं=** यस प्रतिफलको; **पाटिकङ्खं=** अवश्य लाभ हुन्छ भन्ने विश्वास गर्न सकिन्छ ।

त्यसमा विशेष प्रकारले जान्न पाइने ढंग वा तरीकालाई अर्थकथाले यसरी वर्णन गरी राखेको छ ।


बाँकी अर्को अंकमा...



Downloaded from http://www.dhamma.digital




# पट्ठान पाली



**संघनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

## भूमिका

बौद्ध जगत्मा अधिधर्मको आफ्नै अस्तित्व छ, महत्व पनि । यद्यपि यो कुनै कुनै तर्कवादी विद्वान भनिनेहरुको निम्ति पछि पछिको दार्शनिक उपजको रुपमा आलोचनाको विषयवस्तु भैरहेको छ । यसमा हामी त्यति अल्झिनु पर्ने आवश्यकता छैन ।

जुन धर्मको मौलिक सार यो जगतमा अहिलेसम्म विद्यमान छ, त्यसको खास विवरण अभिधर्मले जुन ढंगले गरिराख्यो शायद त्यो अन्त पनि उपलब्ध हुन सक्छ भन्ने सम्भव छैन । यस्तो ज्ञानको दर्शन र दिग्दर्शन गर्न सक्ने ज्ञानको भण्डार अभिधर्मको उपज सम्यकसम्बुद्धको जस्तो मस्तिष्क बिना अरुले गर्न सकिन्छ भन्नु सूर्यको अगाडि जुनकिरीको प्रशंसा गर्नु बाहेक अरु के हुनसक्छ ।

तसर्थ बुद्धको उपदेशको यथार्थतालाई जस्ताको तस्तै दर्शाउने यो उपदेश सरल सजिलोसँग बुझ्नु भन्नु साधारण कुरा होइन । मात्र श्रुतमय र चिन्तामय ज्ञानले यो स्तरमा पुग्नु कपोल कल्पना मात्र हुन्छ । जति जति मानिसहरुमा भावनामय ज्ञान वृद्धि हुँदैजान्छ त्यति त्यति नै अभिधर्म उपदेश गहकिलो हुँदै जाने हुनाले बुद्ध वचन अनुसार यो "अतर्काविचार" विषय हो । दुर्दर्शनी हो । दुर्बोध्य हो । शान्त हो । प्रणीत हो । गम्भीर हो । शूक्ष्म हो । अनुभवी पण्डित वेदनीय हो ।

यो उपदेश प्रादुर्भाव कहिले कसरी भयो भन्ने विषयमा संक्षिप्तमा विवरण दिन उपयुक्त सम्झन्छु ।

पट्ठान देशना प्रभावकारी छ भन्ने कुरालाई परिचर्चा गरी स्पष्ट रूपले दर्शाउनुको निम्ति...

१) शूक्ष्म प्रणीत भएर विशाल गम्भीर भैरहेको ।
२) प्रभावशाली देव ब्रह्माहरुले आदर गौरव राखेको उपदेश भैरहेको र
३) बुद्धशासन प्रतिष्ठित गराईराख्न प्रमुख गढ भैरहेको ।

यी तीन कारणलाई पृष्ठभूमि तुल्याई पालि, अर्थकथा, टीकाको आधारमा केही कुरा उल्लेख गर्न योग्य सम्झन्छु ।

### १) शूक्ष्म प्रणीत विशाल गम्भीर देशनाः

पट्ठान देशना शूक्ष्म प्रणीत विशाल गम्भीर देशना हो । साँच्चै हो, पट्ठान देशनामा जान्न र देख्न सजिलो नभएको दुष्कर भएको चित्त, चैतसिक, रुप, निर्वाण, स्कन्ध, आयतन, धातु, सत्य, हेतु, ध्यानाङ्ग, मार्गाङ्ग आदि परमार्थ धर्म देशना गरिराखेको हुनाले यो शूक्ष्म प्रणीत देशना हो ।

यसमा यी परमार्थ धर्महरुलाई परस्परमा कारण कार्यको रुपमा सम्बन्धित भएर अवस्थित भैरहेको उल्लेख गरी दर्शाइराखेको हुनाले यो गम्भीर हो ।

यी कारण कार्यको रुपमा सम्बन्धित भएर अवस्थित भैरहेको धर्महरुलाई कसरी कुन प्रकारले अवस्थित भैरहेको छ भन्नेलाई आदि अन्त र अथाह रुपमा विभिन्न विधि नाना नयद्वारा स्पष्टिकरण दिएर देखाईराखेको हुनाले यो अथाह हो, विशाल हो ।

यसरी शुक्ष्म प्रणीत भएर गम्भीर र विशिाल भएको उपदेश हुनाले यो देशमा प्रभावकारी भैरहेको हो । यो उद्धरण साँच्चैको भैरहेको कुरा उनी तथागतको जीवनी घटना एउटा अघि सारेर नमूनाको रुपमा प्रस्तुत गर्न चाहन्छु ।


उनी तथागत पञ्चममारलाई हटाएर अनुपम बुद्ध हुनु भैसकेपछि २२ औं दिनमा बोधिवृक्षको पश्चिमोत्तर तर्फ चौथौं सप्ताह भैरहेको रत्नाघर चैत्यमा विराजमान भै रहनुभयो । त्यसबेला नै सातवटा अधिधर्मको प्रत्यवेक्षण गर्नुभयो । क्रमशः वहाँले धम्मसंगणी, विभंग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु र यमकलाई क्रमशः परामर्श गर्नुभएको अवस्थामा विशेष अद्भूत घटना कुनै प्रकट



Downloaded from http://www.dhamma.digital

भएन । परन्तु अन्तिम पट्ठानलाई परामर्श गर्नुभएको बेलामा भने वहाँको शरीरबाट छ : वर्ण रश्मि प्रादुर्भाव भएर दायाँ, बायाँ, तल, माथि तेस्रो १० वटा दिशामा पनि अपरिमाण रुपले निर्बिघ्न प्रभावित भयो ।

यसरी छः वर्ण रश्मि अपरिमाण रुपले आदि अन्त नहुने गरी उत्पन्न भएर प्रभावित भएको उनी तथागतको अनन्त भाग्य प्रादुर्भाव भएको नै भयो । अनन्त भाग्य उत्पन्न भएको कारण आदि अन्त नहुनेगरी जान्न देख्न सकिने सर्वज्ञता ज्ञानले शूक्ष्म प्रणीत अपरिमाण विशाल भएको अनन्तनय समन्त पट्ठान आरम्मण गर्न पाएकोले प्रसन्न प्रफुल्लित हुनुभएकोले हो ।



सर्वज्ञता ज्ञान प्रसन्न र प्रफुल्लित भएको अवस्थामा ज्ञानको साथ साथै सम्प्रयुक्त  चित्त चैतसिक धर्महरु पनि प्रसन्न प्रफुल्लित भयो । सर्वज्ञता ज्ञानसँग नै सम्प्रयुत्त चित्त चैतसिक धर्मको आधार हृदयवस्तु भनिएको मुटुको रक्त संचालन पनि प्रसन्न र प्रज्वलित भएर आयो । हृदयवस्तु रक्ततन्तुसँग सम्बन्धित भएको मासु, रगत, हाड, छाला, नसा पाँच इन्द्रिय अरु अरु चित्तज, कर्मज, आहाज, ऋतुज रुपधर्महरु रश्मि चम्केर अनन्त चक्रवालमा अपरिमाण रुपले द्रुतगतिले फैलिएर गयो ।

यहाँ सर्वज्ञता ज्ञानले अन्य धर्मलाई परामर्शन गर्नुभएको अवस्थामा सम्म कुनै विशेषता थिएन, परन्तु जब पट्ठानलाई परामर्श गर्नुभयो तब मात्र विशेष रुपले छः वर्ण रश्मि प्रादुर्भाव भएको पट्ठान देशना प्रभावकारी भएकेले नै भयो ।

अरहन्त बनाउन सकिने पट्ठानः–

उर्बरा शक्ति बढी भएको भूमीमा बीज अनुसार फूल बृक्ष फलफूल राम्रो हुने र वृद्धि हुने जस्तै पट्ठान आरम्मणमा पुगेर प्रकृति ज्ञान प्रज्ञा श्रद्धा चेतनाले फल दिने महान र पवित्र हुने कुरालाई महागतिगमिय तिष्यदत्त स्थविरको नमूनाद्वारा स्पष्ट गराउँछु– लंकाद्वीप निवासी महागतिगमिय तिष्यदत्त स्थविर महाबोधि दर्शन गर्न कामनाले लंकाद्वीपबाट जम्बुद्वीपमा जहाजबाट आइरहनु भएको थियो ।

समुद्रपार गर्दागर्दै वारपार नदेखिने ठूला साना पानीको तरङ्ग उथल पुथल हुनेगरी छालको रुपममा यताबाट उता उताबाट यता पानीको फोहोराझैं बनी चलायमान भैरहेको अवस्थामा “यो समुद्रको फाँटमा भएको पानीको तरङ्ग नै विशाल हुन्छ कि पट्ठान देशनामा भएको विभिन्न नय नै धेरै विशाल र व्यापक हुन्छ” भनी विचार गर्नु भएको बेलामा “समुद्रको फाँट तलतिर हेऱ्यो भने घन पृथ्वी, माथितिर अजटाकाशः दायाँ बायाँ अरुतिर चक्रवालको पर्खालले गर्दा परिमाण भएको भयो । पट्ठान देशना त विभिन्न नयहरु संमिश्रण भएर अन्त नै नदेखिने गरी अति नै विस्तृत र व्यापक भएको रहेछ” भनी निश्चित रुपले जानी देखी सकेपछि पट्ठान देशनामा श्रद्धार विश्वास उत्पन्न भएर आयो ।

त्यसरी श्रद्धा र विश्वास उत्पन्न भएर आएको बखतमा हर्षित हुने सौमनस्य, मनपर्दो हुने प्रीति, रमाउने प्रमुदितता एकपछि अर्को खपापखप् उत्पन्न भएर आई सोही धर्मलाई आधार गरी विपश्यना ज्ञान वृद्धि गरी एउटै आसनमा क्लेश क्षय भई अरहनत हुनुभयो ।

यस घटनामा अरहन्त भएको फल अपरिमित भएको महान फल हो । यसरी महत्फल प्राप्त भएको शूक्ष्म गम्भीर विशाल प्रणीत भएको पट्ठान देशनामा भएको चेतना श्रद्धा धर्मको कारणले नै हो ।

## २) प्रभावशाली देव ब्रह्माहरुको गौरवनीय धर्म :

भगवान् बुद्धले सातौं वर्षावास गर्नुहुने आषाढ पूर्णिमाको दिन श्रावस्तीको आसपासमा कण्डम्ब आँपको रुखमुनि पाल्नुभई तीर्थकरहरुलाई दमन गर्नुको निम्ति पानी र आगो एकेक जोडा छोड्ने यमक प्रातिहार्य देखाउनु भयो ।

त्यसपछि उनी श्रमण ब्राह्मण गृहस्थ सबैले दर्शन गर्दा गर्दै नै त्रायत्रिंश देवलोकमा तीन पाइला चालेर देवराज इन्द्र बस्ने पारिजात वृक्षमूलमा बिछ्याइराखेको पण्डुकम्बल शीलासनमा पलेटि मारेर बस्नुभई आमा बनेर आएका देवपुत्र प्रमुख दश हजार चक्रवालबाट



Downloaded from http://www.dhamma.digital

समागम जुन आएका देव ब्रह्माहरुलाई अभिधर्म देशना व्याख्यान गर्नुभएको हो ।

वर्षा तीन महिनासम्म अभिधर्म देशना व्याख्या गर्नुभै आश्वीन पूर्णिमाको दिन अधिधर्म देशनाको अन्तिम भैरहेको पट्ठान देशनाको अन्तमा दशहजार चक्रवालबाट समागम हुन आएका ८०,००,००,००० (असि करोड) देव ब्रह्माहरुले धर्म जानेर मुक्ति लाभ गरे ।

धर्म जानेर मुक्ति लाभ गर्ने भनेको विशिष्ठ धर्मलाई जानेर अरहन्त भएका भन्ने अभिप्राय हो सामान्य धर्मलाई जानेर कल्याण पृथग्जन भएका, श्रोतापन्न भएका, सकृदागामी भएका, अनागामी भएका, तल तलका मार्ग फल प्राप्त भएका देव ब्रह्माहरुको गिन्ति नै थिएन ।

अवश्य पनि हो । अपदान अर्थकथामाः–

पहिले पहिलेका तथागतहरुको परम्परा र आचार गोचर अनुसार त्रायत्रिंश देवलोकमा पाल्नुभई वर्षावास बस्नुभई वर्षा तीन महिना अटूट अविरल अभिधर्म देशना गर्नुभई मातृ देवपुत्र प्रमुख धेरै नै देव ब्रह्माहरुलाई श्रोतापन्न मार्ग प्राप्त गराउनुभई पाल्नु भएको छ भनी उल्लेख गरिराखेका छन् ।

यसरी धम्मपद अर्थकथामा अभिधर्म देशना सुन्न पाउँदा देव ब्रह्माहरु ८० करोड अरहन्त फलमा प्रतिष्ठित भएको देखाई अपदान अर्थकथामा मातृदेव प्रमुख धेरै नै देव ब्रह्माहरु श्रोतापत्ति मार्ग प्राप्त भएको देखाइराखेको हुनाले अभिधर्म देशना अरहन्त भएर अनगिन्ति रुपले श्रोतापन्न, सकृदागामी, अनागामी भएको कुरा स्पष्ट भएको छ ।

अभिधर्म सातवटा ग्रन्थ मध्ये अनन्त नयले सिंगारिएको पट्ठान देशना सुन्न पाउँदा विशिष्ट धर्म प्राप्त भएर गएका पट्ठान परिषद् देव ब्रह्माहरु अरु अरु उपदेश सुन्न पाएर विशिष्ट धर्म लाभ गरी आर्य भएका देव ब्रह्माहरु भन्दा बढी हुन्छ भन्ने निसन्देह सिद्ध हुन आउँछ ।

यस प्रकारले दुष्परिणामलाई रोकेर सुपरिणामलाई प्राप्त गराउने कारणले गर्दा पट्ठान देशना प्रभावशाली छ भनी पहिलेदेखि लिएर आजसम्म पनि परम्परागत आस्था र विश्वास भैरहेको छ ।

**३) बुद्धशासन स्थितिको निम्ति प्रमुख गढ :**

विश्वमा एक देशको सुरक्षाको निम्ति शत्रु क्षेत्रको नजिकै भएको आफ्नो देशको भित्र प्रमुख गढ (किल्ला) एउटा जहिले पनि निर्माण गरिराख्ने हुन्छ । प्रमुख गढ ध्वस्त भएर शत्रु सैन्यहरु देश भित्र पस्न सकियो भने मनले चाहेजस्तै उपद्रव मचाएर ध्वस्त नष्ट पारी सम्पूर्ण देश अधिनमा गराउन सकिन्छ ।

पछि त्यसको सैन्यशक्ति बलियो तुल्याई फेरी प्रत्याक्रमण गरेर लिन सके पनि आफ्नो देश भित्र युद्धक्षेत्र तुल्याई धेरै धेरै नै हानी हुने गराईरहनुपर्ने हुन्छ ।

तसर्थ एउटा देशको सुरक्षा स्थिर गर्न प्रमुख गढ आवश्यक छ । यो कारणलाई जान्ने राष्ट्रप्रेमीहरुले प्रमुख गढ दृढ र शक्तिशाली तुल्याइराख्न अनुबल दिएर रक्षा गरिरहने हुन्छ ।

यो बुद्धशासनमा पट्ठान देशना प्रमुख अगुवा गढ हो । स्पष्टिकरणको निम्ति अलि विस्तृत गर्दछु–

तथागत शासन लोप हुने अवस्थाको शुरुआतमा कुन प्रकारले लोप हुन्छ भन्ने कुरा पाथिक वर्ग अर्थकथामा निम्न अनुसार देखाईराखेको छ– परियत्तिशासन, प्रतिपत्तिशासन र प्रतिबेधशासन भनिएका तीनवटा शासन मध्ये परियत्तिशासन पहिले लोप हुन्छ ।


परियत्तिशासनमा पनि सुत्र, विनय र अभिधर्मपिटक भनिएका तीनथरी मध्ये अधिधर्म पिटक पहिले लोप हुन्छ । धम्मसंगणी आदि ७ वटा ग्रन्थ मध्ये पनि पट्ठान ग्रन्थ पहिले लोप हुन्छ । त्यसपछि मात्र तलैदेखि क्रमशः ग्रन्थहरु लोप हुने हुन्छ । त्यसपछि सुत्र त्यसपछि विनय ग्रन्थ क्रमशः लोप हुन्छ । परियत्तिशासन लोप भैसकेपछि प्रतिपत्तिशासन र प्रतिबेधशासन दुईवटा लोप हुन्छ भनी उल्लेख गरिराखेका छन् ।

यी शासन लोप हुने बिधि क्रम देखाईराखेकोमा सबभन्दा शीर्षभागमा पट्ठान देशना देखि लोप हुने कुरालाई विशेष होश गर्नु उचित छ । यस्तो भयो भने पट्ठान देशना शासनिक क्षेत्रमा प्रमुख अगुवा भएर रहने भयो । शासन लोप नगराउनुको निम्ति पट्ठान देशना स्थिर र वृद्धि गराईराख्न सुरक्षा गरिराख्नु पर्‍यो । रेखदेख गरिराख्नु पर्ने भयो । अनुबल प्रदान गरिराख्नु पर्ने भयो ।


पट्ठान देशना लोप भयो भने अरु अरु उपदेश पनि लहरै नै लोप भएर जानेछ । त्यसकारण शासन स्थितिको निम्ति प्रमुख अगुवा गढ भैरहेको पट्ठान देशना स्थिर र अभिवृद्धि हुनुलाई सुरक्षा प्रदान गर्ने कार्य गर्दै लैजानु शासनप्रेमीहरुको कर्तव्य भयो । साधु ।।।



Downloaded from http://www.dhamma.digital




# अङ्गुत्तरनिकाय



**उपसंघनायक भिक्षु बोधिसेन महास्थविर**
अनुवादक

## ९. परिक्कमनसुत्तं

१७५. "भिक्षुहो ! यो धर्म भनेको सुरक्षाको निम्ति हो, यो धर्म भनेको असुरक्षाको निम्ति होइन । भिक्षुहो ! कसरी यो धर्म सुरक्षाको निम्ति हो अनि यो धर्म असुरक्षाको निम्ति होइन । भिक्षुहो ! प्राणी हिंसा गर्नेले प्राणी हिंसा गर्नबाट विरत हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! चोरी गर्नेले चोर्नबाट विरत हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! व्यभिचार गर्नेले व्यभिचार गर्नबाट विरत हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! झूटो बोल्नेले झूटो बोल्नबाट विरत हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! चुक्ली गर्नेले, चुक्ली गर्नबाट विरत हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! कठोर वचन बोल्नेले



कठोर वचन बोल्नबाट विरत हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! लोभी हुनेले निर्लोभी हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! द्वेषी चित्त हुनेले अद्वेषी चित्तको हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! मिथ्यादृष्टि हुनेले सम्यकदृष्टि हुँदा सुरक्षित हुन्छ । भिक्षुहो ! यसरी यो धर्म सुरक्षाको निम्ति हो, यो धर्म असुरक्षाको निम्ति होइन ।"

## १०. चुन्दसुत्तं

१७६. मैले यस्तो सुनें– एक समय भगवान पावास्थित चुन्दकुमारपुत्रको आम्रवनमा बस्नुहुन्थ्यो । त्यस समय चुन्दकुमारपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि चुन्दकुमारपुत्रलाई भगवानले भन्नुभयो– "चुन्द ! कसको पवित्रतामा तिमी रुचाउँछौं ? "भन्ते ! पश्चिम भूमिवासी ब्राह्मणहरु कमण्डलुधारी, झ्याउको (सेवाल) मालाधारी, अग्नि परिचर्या गर्ने, पानीमा डुबुल्की लाउने अनि परिशुद्धता प्रकट गर्ने हुन्छन् । उसको पवित्रतामा म रुचाउँछु ।

"चुन्द ! पश्चिम भूमिवासी ब्राह्मणहरु कमण्डलुधारी, झ्याउको मालाधारी, अग्नि परिचर्या गर्ने अनि पानीमा डुबुल्की लाउनेले कसरी आफ्नो परिशुद्धता प्रकट गर्दछन् ? "भन्ते ! पश्चिम भूमिवासी ब्राह्मणहरु कमण्डलुधारी, झ्याउको मालाधारी, अग्नि परिचर्या गर्ने अनि पानीमा डुबुल्की लाउने हुन्छन् । तिनीहरुले आफ्ना



Downloaded from http://www.dhamma.digital

शिष्यहरुलाई यसरी शिक्षा दिन्छ– 'तिमीहरु आऊ, हे पुरुष हो ! तिमीहरु समयमै उठेर पलङ्गमा बसी-बसी नै पृथ्वीको स्पर्श गर्नु । यदि पृथ्वी स्पर्श नगरेमा गिलो गोबर स्पर्श गर्नु । यदि गिलो गोबर स्पर्श नगरेमा हरियो घाँस स्पर्श गर्नु । यदि हरियो घाँस स्पर्श नगरेमा अग्नि परिचर्या गर्नु । यदि अग्नि परिचर्या नगरेमा हात जोडी सूर्यलाई नमस्कार गर्नु । यदि हात जोडी सूर्यलाई नमस्कार नगरे दिनको तीन पटक पानीमा डुबुल्की लगाई नुहाउनु । भन्ते ! यसरी परिशुद्धता प्रकट गर्दछन् । मैले उसको यो पवित्रता रुचाउँछु । पश्चिम भूमिवासी ब्राह्मणहरु कमण्डलुधारी, झ्याउको मालाधारी, अग्नि परिचर्या गर्ने अनि पानीमा डुबुल्की लाउनेले परिशुद्ध भावको यसरी नै प्रकट गर्दछन् । मैले उसको यो पवित्रता रुचाउँछु ।"

"अन्यप्रकारले नै चुन्द ! पश्चिम भूमिवासी ब्राह्मणहरु कमण्डलुधारी, झ्याउको मालाधारी, अग्नि परिचर्या गर्ने अनि पानीमा डुबुल्की लाउनेले परिशुद्ध भावको यसरी नै प्रकट गर्दा रहेछन् । आर्यविनयमा भने अर्कै प्रकारको पवित्रता छ ।" भन्ते ! त्यसो भए आर्यविनयमा कस्तो प्रकारको परिशुद्धता हुन्छ ? साधु भन्ते ! भगवानले आर्यविनयमा जुन परिशुद्धता हुने हो, त्यो धर्मदेशना गर्नुहोस् ।

"चुन्द ! त्यसोभए सुन, राम्रोसँग मनमा धारण गर, भन्नेछु ।" "हवस्, भन्ते !" भनी चुन्दकुमारपुत्रले भगवानलाई प्रत्युत्तर दिए । भगवानले भन्नुभयो–

"चुन्द ! तीनप्रकारल शरीर अपरिशुद्ध हुन्छ । चारप्रकारले वचन अपरिशुद्ध हुन्छ। तीनप्रकारले मन अपरिशुद्ध हुन्छ ।

"चुन्द ! कसरी तीनप्रकारले शरीर अपरिशुद्ध हुन्छ ? "चुन्द ! यहाँ जो प्राणी हिंसा गर्छ, मार्नमा लाग्छ, हात रक्ताम्य हुन्छ, मारकाटमा लाग्छ तथा समस्त प्राणीप्रति निर्दयी हुन्छ ।

"चोर्ने हुन्छ । जुन पराया माल चाहे त्यो गाउँमा वा चाहे जंगलमा होस्, उसले चोर्ने गर्छ ।

"व्यभिचार गर्ने हुन्छ । जो कि उसलाई आमाले रक्षा गरिराखेको हुन्छ, बुबाले रक्षा गरिराखेको हुन्छ, आमा-बुबाले रक्षा गरिराखेको हुन्छ, भाइले रक्षा गरिराखेको हुन्छ, बहिनीले रक्षा गरिराखेको हुन्छ, आफन्तले रक्षा गरिराखेको हुन्छ, गोत्रवालाले रक्षा गरिराखेको हुन्छ, धर्मको आशाले रक्षा गरिराखेको हुन्छ, स्वामी भएकी, दासी अनि अरू त अरू जो माला लगाई नाच्नेसँग पनि व्यभिचार गर्नेहुन्छ । चुन्द ! यसरी तीनप्रकारले शरीर अपरिसुद्ध हुन्छ ।

"चुन्द ! कसरी चारप्रकारले वचन अपरिशुद्ध हुन्छ ? चुन्द ! यहाँ जो झूटो बोल्छ, सभामा, परिषद्मा, आफन्तको माझमा, पंचायतमा वा राजसभामा जाँदा वा साक्षी बकाउनु पर्दा भन्न लगाउँछ– "हे पुरुष ! जे जान्दछौं त्यही भन ।' उसले नजाने पनि 'जान्दछु' भन्छ अनि जाने पनि 'जानेको छैन' भन्छ । नदेखे पनि 'देखेको छु' अनि देखे पनि 'देखेको छैन' भन्छ । यसरी आफ्नो निम्ति वा अरूको निम्ति कुनै लौकिक वस्तुको निम्ति जानी-बुझी झूटो बोल्छ ।

"चुक्ली गर्ने हुन्छ । यताको कुरा उता, उताको कुरा यता ल्याई झगडा गर्न लाउँछ । यसरी मिलेकालाई फुटाउँछ, फुटेकालाई झन फुटाउँछ । फुटाउन रमाउँछ, फुटाउनमा मज्जा मान्छ, फुटाउनमा आनन्दित हुन्छ अनि परस्पर बेमेल हुने कुरा गर्छ ।

"कठोर वचन बोल्छ । जुन वचन असंयत, कर्कश, अरूलाई कटु लाग्ने, अरूलाई अपशब्द लाग्ने, क्रोधित शब्द तथा चित्त थाम्न नसक्ने बोली बोल्छ ।

"बकम्फुस कुरा गर्छ । अकारणवादी, असत्यवादी, अनर्थवादी, अधर्मवादी, अविनयवादी, संग्रह गर्न अयोग्य बोली, तर्कानुकूल नभएको, बेकारको कुरा तथा अर्थहिन कुरा गर्छ । चुन्द ! यसरी चारप्रकारले वचन अपरिशुद्ध हुन्छ ।

"चुन्द ! कसरी तीनप्रकारले मन अपरिशुद्ध हुन्छ ? चुन्द ! यहाँ जो लोभी हुन्छ । अरूको धन-सम्पत्तिप्रति लोभ गर्छ– 'आहा ! जुन अरूको सम्पत्ति हो, त्यो मेरो भए हुन्थ्यो ।'

"द्वेषी चित्तको हुन्छ, द्वेष मनस्थिति भई द्वेषी हुन्छ– 'यो सत्व मरोस् वा बाँधियोस् वा छिन्न-भिन्न, विनाश वा नष्ट होस् ।


"मिथ्यादृष्टि हुन्छ, विपरितदर्शी हुन्छ– 'दानको फल छैन, यज्ञको फल छैन, होमको फल छैन, राम्रो वा नराम्रो कर्मको फल छैन, यो लोक छैन, परलोक



Downloaded from http://www.dhamma.digital

छैन, आमा छैन, बा छैन, ओपपातिक सत्व छैन, लोकमा श्रमण-ब्राह्मण छैन, सम्यकज्ञान प्राप्त भएका छैनन्, सम्यकआचरण गर्ने छैनन् अनि यो लोक र परलोक अभिज्ञात गरी तथा साक्षात्कार गरी प्रकट गर्ने छैनन् । चुन्द ! यसरी मन अपरिशुद्ध हुन्छ ।

"चुन्द ! यी दशअकुशल कर्मपथ हुन् । चुन्द ! यी नै दशअकुशल कर्मपथद्वारा सम्पन्न भएमा ऊ समयमै उठेर शय्यामा बसीबसी नै पृथ्वीको स्पर्श गरेतापनि 'अपरिशुद्ध' नै हुन्छ । पृथ्वीको स्पर्श नगरेतापनि अपरिशुद्ध नै हुन्छ ।



"गिलो गोबर स्पर्श गरेतापनि 'अपरिशुद्ध' नै हुन्छ । गिलो गोबर स्पर्श नगरेतापनि अपरिशुद्ध नै हुन्छ ।

"हरियो घाँस स्पर्श गरेतापनि 'अपरिशुद्ध' नै हुन्छ । हरियो घाँस स्पर्श नगरेतापनि अपरिशुद्ध नै हुन्छ ।

"अग्नि परिचर्या गरेतापनि 'अपरिशुद्ध' नै हुन्छ । अग्नि परिचर्या नगरेतापनि अपरिशुद्ध नै हुन्छ ।

"दुईहात जोडी नमस्कार गरेतापनि 'अपरिशुद्ध' नै हुन्छ । दुईहात जोडी नमस्कार नगरेतापनि अपरिशुद्ध नै हुन्छ ।

"सूर्य नमस्कार गरेतापनि 'अपरिशुद्ध' नै हुन्छ । सूर्य नमस्कार नगरेतापनि अपरिशुद्ध नै हुन्छ ।

"दिनको तीनपटक पानीमा डुबुल्की लगाएतापनि अपरिशुद्ध नै हुन्छ, दिनको तीनपटक पानीमा डुबुल्की नलगाएतापनि अपरिशुद्ध नै हुन्छ । त्यो के कारणले ? यी दशकर्मपथको कारणले गर्दा अपरिशुद्ध नै हुन्छ तथा अपरिशुद्ध नै बनाउँछ ।

"चुन्द ! यी दश अकुशल कर्मपथद्वारा सम्पन्न हुँदा नरकमा जाने देखिन्छ, पशु-पंक्षीको योनीमा जाने देखिन्छ, प्रेतकुलमा जाने देखिन्छ अथवा कुनै दुर्गतिमा पर्ने नै देखिन्छ ।

"चुन्द ! तीनप्रकारले शरीर परिशुद्ध हुन्छ । चारप्रकारले वचन परिशुद्ध हुन्छ । तीनप्रकारले मन परिशुद्ध हुन्छ ।

"चुन्द ! कसरी तीनप्रकारले शरीर परिशुद्ध हुन्छ ? "चुन्द ! यहाँ जो प्राणीहिंसा गर्न छोडी प्राणीहिंसा गर्नबाट विरत हुन्छ । दण्डरहित, शस्त्ररहित हुन्छ, लजालु, दयावान तथा समस्त प्राणीप्रति हितानुकम्पी हुन्छ ।

"चोर्न छाडी चोर्नबाट विरत हुन्छ । जुन पराया माल चाहे त्यो गाउँमा, चाहे जंगलमा, नदिएको नलिने तथा दिएको मात्र लिने हुन्छ ।

"व्यभिचार गर्न छाडी, व्यभिचारी हुनबाट विरत हुन्छ । जो कि उसलाई आमाले रक्षा गरिराखेको हुन्छ, बुबाले रक्षा गरिराखेको हुन्छ, आमा-बुबाले रक्षा गरिराखेको हुन्छ, भाइले रक्षा गरिराखेको हुन्छ, बहिनीले रक्षा गरिराखेको हुन्छ, आफन्तले रक्षा गरिराखेको हुन्छ, गोत्रवालाले रक्षा गरिराखेको हुन्छ, धर्मको आशाले रक्षा गरिराखेको हुन्छ, स्वामी भएकी, दासी, अरू त अरू जो माला लगाई नाच्नेसँग पनि व्यभिचार नगर्ने हुन्छ । चुन्द ! यसरी तीनप्रकारले शरीर परिशुद्ध हुन्छ ।

"चुन्द ! कसरी चारप्रकारले वचन परिशुद्ध हुन्छ ? चुन्द ! यहाँ जो झूटो बोल्न छाडी झूटो बोल्नबाट विरत हुन्छ । सभामा, परिषद्मा, आफन्तको माझमा, पंचायतमा वा राजसभामा जाँदा वा साक्षी बकाउनु पर्दा भन्न लगाउँछ– 'हे पुरुष ! जे जान्दछौं त्यही भन ।' उसले नजाने 'जानेको छैन' भन्छ अनि जानेकोभए 'जानेको छु' भन्छ । नदेखेकोभए 'देखेको छैन' भन्छ अनि देखेको भए 'देखेको छु' भन्छ । यसरी आफ्नो निम्ति वा अरूको निम्ति कुनै लौकिक वस्तुको निम्ति जानी-बुझी झूटो बोल्दैन ।

"चुक्ली गर्न छोड्छ । यताको कुरा उता, उताको कुरा यता ल्याई झगडा गर्न लाउँदैन । यसरी मिलेकालाई छुटाउँदैन, छुटेकालाई मिलाउँछ । मिलाउनमा रमाउँछ, मिलाउनमा मज्जा मान्छ, मिलाउनमा आनन्दित हुन्छ



Downloaded from http://www.dhamma.digital

अनि परस्पर मिलाउने कुरा गर्छ ।

“कठोर वचन बोल्न छाडी कठोर वचन बोल्नबाट विरत हुन्छ । जुन वचन सुन्नयोग्य, कर्णमय, प्रेममय, हृदयस्पर्शी, सभ्य, बहुजनप्रिय, बहुजन मनोनुकूल हुने बोली बोल्छ ।

“बकम्फुस कुरा गर्न छाडी बकम्फुस कुरा गर्नबाट विरत हुन्छ । कालवादी, सत्यवादी, अर्थवादी, धर्मवादी र विनयवादी हुन्छ । संग्रह गर्न योग्य बोली, समयमै बोल्ने, कारणसहित बोल्ने, सीमा ननाधिकन कुरा गर्ने तथा हितकर कुरा गर्छ । चुन्द ! यसरी चारप्रकारले वचन परिशुद्ध हुन्छ ।

“चुन्द ! कसरी तीनप्रकारले मन परिशुद्ध हुन्छ ? चुन्द ! जो यहाँ निर्लोभी हुन्छ । अरूको धन-सम्पत्तिप्रति लोभ गर्दैन– ‘आहा ! जुन अरूको सम्पत्ति हो, त्यो मेरो भए हुन्थ्यो ।’

“द्वेषी चित्त हुँदैन, मनस्थितिमा द्वेष रहँदैन– ‘यो सत्व वैररहित होस्, द्वेषरहित होस्, दुःखरहित होस् अनि आफूलाई सुखी राख्न सकोस् ।’

“सम्यकदृष्टि हुन्छ, विपरितदर्शी हुँदैन– ‘दानको फल छ, यज्ञको फल छ, होमको फल छ, राम्रो वा नराम्रो कर्मको फल छ, यो लोक छ, परलोक छ, आमा छ, बा छ, ओपपातिक सत्व छ, लोकमा श्रमण-ब्राह्मण छ, सम्यकज्ञान प्राप्त गरेका छन्, सम्यकचरित छन् अनि यो लोक र परलोकलाई अभिज्ञात तथा साक्षात्कार गरी प्रकट गर्नेछन् । चुन्द ! यसरी मन परिशुद्ध हुन्छ ।

“चुन्द ! यी दशकुशल कर्मपथ हुन् । चुन्द ! यी नै दशकुशल कर्मपथद्वारा सम्पन्न भएर ऊ समयमै उठेर शय्यामा बसीबसी नै पृथ्वीको स्पर्श गरेतापनि परिशुद्ध नै हुन्छ । पृथ्वीको स्पर्श नगरेता पनि परिशुद्ध नै हुन्छ ।

“गिलो गोबर स्पर्श गरेतापनि परिशुद्ध नै हुन्छ । गीलो गोबर स्पर्श नगरेतापनि परिशुद्ध नै हुन्छ ।

“हरियो घाँस स्पर्श गरेतापनि परिशुद्ध नै हुन्छ । हरियो घाँस स्पर्श नगरेतापनि परिशुद्ध नै हुन्छ ।

“अग्नि परिचर्या गरेतापनि परिशुद्ध नै हुन्छ । अग्नि परिचर्या नगरेतापनि परिशुद्ध नै हुन्छ ।

“दुईहात जोडी सूर्य नमस्कार गरेतापनि परिशुद्ध नै हुन्छ । दुईहात जोडी सूर्य नमस्कार नगरेतापनि परिशुद्ध नै हुन्छ ।

“दिनको तीनपटक पानीमा डुबुल्की लगाएतापनि परिशुद्ध नै हुन्छ, दिनको तीनपटक पानीमा डुबुल्की नलगाएता पनि परिशुद्ध नै हुन्छ । त्यो के कारणले ? यी दशकुशल कर्मपथको कारणले परिशुद्ध नै हुन्छ तथा परिशुद्ध नै बनाउँछ ।

“चुन्द ! यी दशकुशल कर्मपथद्वारा सम्पन्न हुँदा देवकुलमा जाने देखिन्छ, मनुष्यकुलमा जन्मेको देखिन्छ अथवा कुनै सुगतिमा जन्मेको देखिन्छ ।”

यसरी भन्नुभएपछि चुन्दकुमारपुत्रले भगवानलाई भने– “धेरै राम्रो भन्ते ! ... आजदेखि म प्राण रहुञ्जेल शरणमा परेको उपासक भनी भगवानले धारण गर्नुहोस् ।”

## ११. जाणुस्सोणिसुत्तं


१७७. त्यस समय जाणुस्सोणि ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई भेटी प्रसन्न भए । प्रसन्न भएपछि कुशल वार्ता गरे । कुशल वार्तापछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि जाणुस्सोणि ब्राह्मणले भगवानलाई यसरी भने–

“भो गोतम ! हामी ब्राह्मण हौं । दान दिन्छौं, श्राद्ध गर्छौं– ‘यो दानद्वारा परलोक गएका आफन्त तथा रक्तसम्बन्धीले प्राप्त गरोस् । यो दान परलोकका आफन्त तथा रक्तसम्बन्धीले उपभोग गरोस् ।’ भो गोतम ! के त्यो दान आफन्त रक्तसम्बन्धीकहाँ पुग्छ, के त्यो दान आफन्त तथा रक्तसम्बन्धीले उपभोग गर्न पाउँछन् ? “ब्राह्मण ! यदि त्यो ठाउँमा छ भने पाउँछ, ठाउँमा छैन भने पाउँदैन ।”


“भो गोतम ! त्यो पाउने ठाउँ कुन हो अनि नपाउने ठाउँ कुन हो ?” “ब्राह्मण ! यहाँ कसैले प्राणी हिंसा गर्छ, चोरी गर्छ, व्यभिचार गर्छ, झूटो बोल्छ, चुक्ली गर्छ, कठोर वचन बोल्छ, बकम्फुस कुरा गर्छ, लोभी, द्वेषी र मिथ्यादृष्टि हुन्छ । ऊ शरीर भेद भई मृत्यु पश्चात नर्कमा उत्पत्ति हुन्छ । नरकमा उत्पन्न हुँदा त्यहाँ जुन आहार हो, त्यो आहारद्वारा उसको गुजारा चल्छ । त्यसैबाट उसको जीवन चल्छ । ब्राह्मण ! यो पनि अस्थान (प्राप्त नहुने ठाउँ) हो, जहाँ रहँदा त्यो दान दिएको पाउँदैन ।



Downloaded from http://www.dhamma.digital



# दुःखबाट मुक्त हुने चाहना बढाउनुपर्छ



**भिक्षु बोधिज्ञान**
बिश्व शान्ति विहार

विभिन्न काममा लाग्दा लाग्दै आफूलाई फुर्सत कहिले हुन्छ त ? बिहान उठयो हात मुख धोयो खाना खायो काममा गयो फर्केर आयो सुत्यो। यो स्थिति कहिले सम्म त ?

विभिन्न कुरामा दक्षता भएर समर्पित भएर आ–आफ्नो दैनिक व्यवहारको काम, संघसंस्था, विहार, शासनको सेवा गरिरहेपनि लक्षित काम सकेपछि आफूलाई फुर्सद भएको बेलामा के गर्ने त ? भोजन गर्नलाई जाँदा र भोजन गरिसकेर फर्किरहँदा वा फर्किसकेपछि के काम गरिरहेका छौ त? कुनै काम गरिरहँदा के थाहा पाइरहेका छौ त ? कुनै काम गरिसकेपछि एकक्षणको फुर्सदको समयमा मनमा कस्तो विचार आइरहेको छ त? मन कहाँ पुगिरहेको छ त ?

जबसम्म हामीमा राग, द्वेष, मोह, मान, ईर्ष्या, मात्सर्य, अहिरिक, अनोत्तप्प आदि क्लेशहरु हुन्छ, तबसम्म हामीहरु ती क्लेशहरुको पछि लाग्दै विभिन्न कामहरु गर्न पुग्छौं। जब कुनै काम गरिन्छ, त्यसको फल पनि आउने नै हुन्छ। राम्रो काम गरेमा राम्रो प्रतिफल र नराम्रो अकुशल काम गरेमा दुःखद परिणाम नै भोग्नु पर्ने हुन्छ। दान पुण्य गरेर, शील पालन गरेर दश कुशल पुण्य संचय गरी मनुष्य देव सुगति भव प्राप्त हुन्छ। विभिन्न भवभोग सम्पत्ति अभाव नहुने गरी जीवनलाई अगाडी बढाउन सक्ने भई थप कुशल संचय गर्न सक्नेहुन्छ। मैत्री, करुणा, मुदिता, उपेक्षा ब्रह्मविहार ध्यान लाभ गर्दै ब्रह्मभूमिमा बह्मा भई जन्म लिन सक्ने हुन्छ।

पञ्चशीललाई पालन नगरी अकुशल काम गरेका व्यक्तिहरु मनमा सुख शान्तिको अनुभव गर्न नसकी त्यसै नराम्रो कामको फल दिंदा नर्क, प्रेत, असुर र तिर्यक गतिमा जन्म लिई दुःखले जीवन ब्यतीत गर्नुपर्ने हुन्छ। जीवनमा होश राखेर सचेत भई कामकुरो गरिरहेपनि छन्द, दोष, भय र मोह भनिने चार अगतिमा परेर अकुशल कर्म गर्न पुगिरहेका हुन्छन् हामीहरुले।

-मौद्गल्यायन महास्थविर एक जन्ममा आफ्नै आमा बुबालाई पिटेर आएको कारणले अन्तिम जन्मसम्म पनि डाँकाहरुद्वारा मरणासन्न हुनेगरी पिटाउनुपरेको,

-सारिपुत्र महास्थविर एक जन्ममा राजा हुँदा रक्सीको सुरमा आफनै छोरालाई मारेर छोराको समेत मासु खाएको,

-असदृस दानको व्यवस्था मिलाउने र कोशल राजाले पशु बलि चढाएर गर्न लागेको यज्ञ रोक्न सफल र धेरै विचारवान, पुण्यवती मल्लिका महारानी जीवनको अन्तिम अवस्थामा आफना पति राजालाई आफ्नो दोष लुकाउन झूठा कुरा गर्न पुगेर त्यसको कारणले पश्चाताप भई मर्न पुगेर नर्कमा ७ दिन नर्कको दुःख भोग गर्नुपरेको,

-खराब संगतमा परी अजातशत्रुले श्रोतापन्न भइसकेको बुबा बिम्बिसारलाई अनेक यातना दिइ मार्दा त्यसको कारणले जीवनमा सुख शान्तिको अनुभव गर्न नसकेको र श्रामण्यफलको उपदेश सुनेर मार्गफल लाभ सक्ने क्षमता भएतापनि त्यसबाट बञ्चित भएको,

-बोधिसत्व हरितच ८० करोड अपार धनसम्पत्ति त्याग गरेर ऋषि भई ध्यानको प्रभावले ध्यान अभिज्ञा लाभ गरेको र एक समयमा भोजन दान गर्ने रानीप्रति रागचित्त उत्पन्न भई अहिरिक, अनोत्तप्प सहित मोहको बशमा परी अनुचित काम गर्दा लाभ भइसकेको ध्यान अभिज्ञा पनि नाश भएर गएको र निन्दा चर्चाको पात्र भएको (आचरणीय व्यवहारिक अभिधर्म - पेज १०, १३, १५) कथावस्तु नमूनालाई विचार गर्दा दान, शील भावनादि कुशलकर्म गर्दैरहेपनि संसारमा जन्म लिइर हेसम्म आफूबाट केही अकुशल कर्म हुँदैन भन्ने कसैले ग्यारेन्टी लिन सक्ने अवस्था छैन। चार अपायमा पतन भएपछि विभिन्न किसिमका सास्ति कष्ट झेल्नुपर्ने हुन्छ भने देव, मनुष्य बह्मा भएर जन्म लिएपनि आ–आफ्नो आयु सकेर फेरी जन्मलिएपनि एकदिन त मर्नुनै पर्नुपर्नेहुन्छ। जबसम्म सबै क्लेश नाश हुँदैन तबसम्म त



Downloaded from http://www.dhamma.digital

फेरी फेरी आ–आफ्नो कर्म अनुसार कुनै न कुनै रुपमा जन्म लिइरहन्छ। जन्म भएपछि बूढाबूढी हुनु, रोगी हुनु, ज्ञातिब्यसन आदि पाँच कारणले शोक सन्ताप भई मनमा डाह हुने, शारीरिक दुःख मानसिक दुःख भोगिरहनुपर्ने, प्रिय व्यक्तिसंग बिछोड हुनुपर्ने, अप्रिय व्यक्तिसंग संगै रहनुपर्ने, आफूले इच्छा नगरेपनि विभिन्न किसिमका परिस्थिति सामना गर्नुपर्ने, आफूले इच्छा गरे अनुसार नहुने र अन्तमा जतिसुकै पढेलेखेका, विद्वान, शिक्षित, धनी, परिवारजन, रुपसौन्दर्यले युक्त नै किन नहुन मृत्यु हुन नचाहेतापनि एक सिंको पनि साथै लिन नसकी मृत्यु भएर जानुपर्छ।

बाँचिरहेतापनि कुनै बेला नराम्रो कामको कारणले जेलमा थुनिनुपर्ने, उपचारबाट निको हुनै नसक्ने रोग लागेर दुःख भोग्नु पर्ने, युद्ध, द्वन्द, भोकमरी, अभाव भएको ठाउँमा जन्म लिनुपर्दा, बसिरहनुपर्दा कहाँबाट सुख शान्तिको अनुभूति गर्नसक्छ ? राजा, राष्ट्रपति, प्रधानमन्त्री, राष्ट्राध्यक्ष, नेता भई जतिसुकै शान सौकत, मान सम्मान प्रतिष्ठा पाएपनि कतिपयले बिपक्षीहरुको बिरोधको कारणले निर्विघ्नरुपले राज्य संचालन गर्न पाइराखेका छैनन्। पुर्ख्यौलीदेखि बस्दै आएको दरबारबाट राजा, राजपरिवारहरु बाहिरिनु परेका अनेक घटनाहरु छन् । सयौं हजारौं सेनाहरुले रक्षा गरिरहेपनि राजा भएकाहरु पनि परिवारका सदस्यहरुबाट मारिन पुगिरहेका, आफ्नै सुरक्षागार्डहरुबाट हत्या हुन गएका इतिहासहरु छन् । जतिसुकै बलियो गरी बनाएका नयाँ घर, बंगला बिल्डिंगहरु, दैनिक जीवनमा प्रयोग हुने अनेक सामान प्रशस्त भएपनि कुनै पनि समयमा आएका भूकम्प, बाढी पहिरो, आँधीबेहेरी, सुनामी जस्ता प्राकृतिक प्रकोपले क्षणभरमा नामोनिशान बाँकी नहुने गरी ध्वस्त गरिदिएका ताजा घटनाहरु रहिरहेकै छन् ।

दैनिक जीवन सुचारुरुपले केही बिघ्नबाधा नभईकन चलोस् भन्ने चाहना सबैको हुने गर्छन्। आफूले गरिरहेको काममा केही अप्ठयाराहरु नहोस् भन्ने कामना सबैले गरिरहेकै हुन्छन्। कहीं जाँदा बस्दा केही कठीनाई भोग्न नपरोस् भन्ने पुकारा आशिका सबैको भइरहन्छ नै। सरकारले देश र जनताको भलाइको लागि नयाँ नयाँ विकासका कार्यक्रमहरु ल्याओस् र सम्बिधान निर्माण हुँदा वा नीति नियम तर्जुमा गर्दा आनो माग अनुसार हुनुपर्दछ भनी माग भइरहेको हुन्छ नै। अहिलेको वर्तमान परिस्थितिमा कुनै कुनै देशमा राजनैतिक आदि कारणले वा कुनै माग पूरा नभएकोले होस् वा सानो सानो दबाब सिर्जना गर्नलाई पनि धेरैले विरोध गरिरहेता पनि, धेरैलाई पीर मर्का परिरहेता पनि, बन्द, हडताल, आमहडताल, चक्काजामहरु भइरहेका छन् । एक पक्षको माग पूरा गर्दा अर्को पक्षको डर, धम्की त्राश सुन्नु परिराखेका छन् राजनीतिकर्मीहरुले। राम्रो काम गरिरहेपनि विपक्षीहरुको विरोधको कारणले सरकारले पूरा समय काम गर्न पाइरहेको हुँदैन र सत्ता, पद आफ्नो हातमा लिनको लागि जस्तोपनि घटनाहरु भइरहेका हुन्छन् जसले गर्दा मैत्रीभाव हराएर बदलाको भावले ठाउँ लिइरहन्छ। पछि गएर त मान्छेहरुको आयु १० वर्षमात्र हुने समय आउने बेलामा रिस, राग, घात प्रतिघात चरमसीमामा पुगी काटमार हत्या हिंसा हुने समयमा जन्म लिएको अवस्था छ भने आनो ज्यान बचाउन पनि धौ धौ पर्ने हुन्छ । र धेरैजसो त ती काटमारमा परेर नै मर्न पुगिन्छ भने जस जसले त्यसबाट बच्नु पर्छ भन्ने संवेग उत्पन्न गराउँछ ती व्यक्तिहरु त्यस्तो ठाउँबाट टाढा पहाड, वन जंगलमा गई मैत्री करुणा वृद्धि गरी सत्पुरुष धर्मलाई वृद्धि गरिरहेका हुन्छन् ।

यी कुराहरु परिवर्तनशील भनेर थाहा छन् तर पनि जसले भोगिरहेका छन् तिनीहरुले मानसिक सुख शान्तिको अनुभव गर्न सकिरहेका हुँदैनन्। मनमा छटपटि डर त्राश भय आक्रोसले नै जीवन बिताउनु परिरहेका हुन्छन् । इच्छा, आकांक्षा नहुँदा नहुँदैपनि कतिसम्म यस्तो दुःखको सामना गर्नुपर्ने त ? जतिबेला सम्म जन्म भइरहन्छ त्यसबेलासम्म कल्पना नै गर्न नसक्नेखालका दुःखहरु एकपछि अर्को पछिपछि लागेर आइरहेका हुन्छन्। के यस जन्म मरण तथा विभिन्न प्रकारका दुःखहरुको अन्त छैन त ? सिद्धार्थ कुमारले त्यस्तो दुःखबाट अलग भएको बाटो पहिल्याउन राज्य त्याग गर्नुभयो, र अन्तमा सफलता प्राप्त गरी भगवान् बुद्ध हुनुभयो । भगवान् बुद्धले दुःख, दुःखको कारण, दुःखको निरोध र दुःख निरोध हुने मार्ग सत्य पनि पत्तालगाउनु भई वेनेरय सत्वप्राणीहरुलाई त्यसै अनुसार उपदेश गर्दै जानुहुँदा राजा महाराजा, गरीब, धनी, स्त्री, पुरुष, देव ब्रह्माहरुले पनि उपदेशलाई बुझेर तद्अनुसार उद्योग अभ्यास गर्दा जन्म मरणको चक्र दुःखबाट मुक्त भएर गए। महाकप्पिन राजा, भद्दिय राजा दरबारमा सेनाहरुले सुरक्षा दिएर राज्य चलाइरहेको अवस्थामा प्राप्त गर्न नसकेको मानसिक सुख शान्ति भिक्षु भएर भगवान् बुद्धको उपदेश सुनेर चतुरार्य सत्यलाई



Downloaded from http://www.dhamma.digital

बोध गरी भय अन्तराय नभएको जीवन भएको महशुस गरी अहो सुखको वाक्य उच्चारण गरिरहेका हुन्थे ।

**धम्मपदको गाथा र कथावस्तुबाट प्रेरणा**

प्रव्रजित जीवनमा परियत्ति अध्ययन गर्ने र विविध शासनिक काममा लाग्नेको साथसाथै ध्यान अभ्यास गरेको छ भने मात्र आफूमा उत्पन्न भइरहने विभिन्न विचार, भावलाई थाहापाएर अकुशल विचारलाई फालेर कुशल कर्म गर्नलाई, अप्रमादी भएर इन्द्रिय संवरबाट सम्पन्न हुनलाई सहयोग हुने हो । प्रव्रजित जीवन ध्यान अभ्यास गर्नलाई खुल्ला आकाश जस्तो जीवन भएर पनि अध्ययन अध्यापनमा त्यस्तै गरी दाताहरुको दान आदि मंगल कार्य र विभिन्न जिम्मेवारी काममा लाग्दालाग्दै आफूहरु नभ्याईने भएतापनि समथ विपस्सना ध्यान भावना गर्ने समय निकालेर अभ्यास गरिरहन पायो भने अभ्यास गरेजस्तो अलि अलि क्लेशहरु कम हुँदै गएर **संसार वट्ट दुक्खतो मोचनत्थाय पब्बज्जं याचामि** भन्ने प्रवजित जीवन धारणको उद्देश्यको नजिकै एक पाईला दुई पाईला गर्दै नजिक पुग्न जान्छ ।

ध्यान नभएको चित्तमा राग, द्वेष मोह रुपी पानी पर्दछ ( धम्मपद १३), राम्ररी ध्यान भएको चित्तमा राग, द्वेष, मोह रुपी वर्षा पानी पर्दैन (धम्मपद १४), आफूहरु धेरै जान्ने बुझ्ने भएपनि पढेको अनुसार आचरण गरेन भने धर्मको रस थाहापाउन सक्दैन (धम्मपद १९), अलिकति मात्र जान्नेबुझ्ने भएर तदनुसार आचरण गर्यो भने मात्र सत्यधर्मको रसपान गर्न सकिन्छ (धम्मपद २०), अकुशल कामले पश्चाताप गर्नुपर्दछ (धम्मपद ६८), कुशल काम गर्दा चित्त प्रसन्न हुन्छ (धम्मपद ६९), संसार पारी जान नखोज्ने मूर्ख भोगले नाशिन्छ । अर्कालाई नाश गराउन खोजे झै बराबर भोगको तृष्णामा परेर त्यस मूर्खले आनो विनाश गराउँछ । (धम्मपद ३५५), लाभ प्राप्त हुने मार्ग अरु नै, निर्वाण प्राप्त हुने मार्ग अरु नै ( धम्मपद ७५), शुद्ध हुने र अशुद्ध हुने आफू आफूले नै हो, कसैले कसैलाई शुद्ध गर्न सक्दैन (धम्मपद १६५), भिक्षुहरु ध्यानमा लाग, बेहोशी नहुनु (धम्मपद ३७१)................. आदि धम्मपदको गाथासँगै सम्बन्धित उपदेश कथाहरु पढ्दा पनि अकुशल काम गर्नेबाट टाढा भएर कुशल कर्म गर्नको लागि प्रमादी नभएर अप्रमादी हुनुपर्दछ भन्ने धेरै नै प्रेरणा प्राप्त भइरहेको हुन्छ ।

त्रिपिटक ग्रन्थलाई पढेको भएपनि, पढाएको भएपनि आफूले त्यही अनुसार आचरण गर्न सकेन भने, गरेन भने त्यसबाट सार तत्व भेटाउन सकिदैन । प्रवजित जीवनको लक्ष्यमा नजिक पुग्न जानको लागि आफूले त्रिपिटक सम्बन्धी ज्ञान दिईराखेपनि, पढाईराखेपनि त्यही अनुसार उद्योग अभ्यास गरेर जानको लागि भगवान् बुद्धले भिक्षुहरुलाई उपदेश दिनु भएको प्रेरणात्मक कथावस्तुहरुबाट पनि हामीहरु थप सचेत हुनैपर्छ ।

शारीरिक, मानसिक दुःखकष्टबाट मुक्त हुनको लागि, सम्पूर्ण क्लेशह्रुलाई नाश गर्नको लागि चारवटा सतिपट्ठानको अभ्यास मात्र एउटा बाटो भएको र कसैलाई भईरहेको शोक परिदेवलाई हटाईदिनलाई गर्नुपर्ने उपदेशमा विपस्सना भावनाको कुरा आधार लिनु पर्ने नै हुन्छ ।

विहारमा वा विभिन्न ठाउँमा हुने शिविरमा योगीहरुलाई रेखदेख गर्ने र अन्तर्वाता लिएर सहयोग गर्नुपर्ने र शिविर सजिलो गर्नलाई पनि आफूहरुमा ध्यान शिविरको अनुभव भइरहनु पर्ने हुन्छ । आफूमा अभ्यास भयो भने मात्र योगीहरुको स्थिति बुझेर अरुहरुलाई उचित निर्देशन दिन सक्ने, भन्न सक्ने हुन्छ ।

त्रिपिटक बुद्धवचन धेरै भिक्षुहरुलाई सिकाई बुझाई गरेर शासनलाई सहयोग गरिराखेको पोट्ठील स्थविर भगवान् बुद्धकोमा वन्दना दर्शन गर्न आउँदा काम नलाग्ने खोट्टा पोट्ठील आयो, वन्दना गरेर गयो भन्ने भगवान् बुद्धबाट शब्द सुन्नुपर्दा आफूले त्रिपिटक बुद्ध वचन धेरै भिक्षुहरुलाई सिकाईराखेको भएपनि ध्यान अभ्यास नगरेको कारणले नै तथागतले उक्त शब्द प्रयोग गर्नुभएको होला भन्ने महशुस गरेर ध्यान भावना गर्नलाई जानुभएको हो । म त्रिपिटक पढाईरहेको, अरुहरुलाई उपदेश सुनाईरहेको, यति थाहापाएको उति थाहापाएको भनेर मनमा राखेर अभिमान गरेर बसुञ्जेल गुरुहरुको निर्देशन अनुरुप ध्यान अभ्यास गर्न नसक्ने भएकोले उसको अभिमानलाई हटाईदिनलाई सात (७) वर्षको श्रामणेरकोमा पठाउनु भएको थियो ठूला जेष्ठ भिक्षुहरुले । श्रामणेरले पनि यो त्रिपिटकधर भिक्षु निर्देशन बमोजिम ध्यान अभ्यास गर्नुहुन्छ कि हुन्न भनेर परीक्षण गरिसकेपछि विधि सिकाउनु भएको अनुरुप ध्यान गर्दै लग्दा बुद्धको उपदेशबाट प्रेरणा लिएर उहाँले आनो प्रवजित जीवनको उद्देश्य पूरा गर्नुभयो । (धम्मपद २८२ को कथावस्तु)

अस्तु ।



Downloaded from http://www.dhamma.digital



# प्रेरक प्रसङ्ग

**भिक्षु विमलो स्थविर**
श्री सिद्धिमंगल बुद्ध विहार, सिद्धिपुर

## माथि हेर्न भुल्नु भो कि ?



मान्छेहरु के सोच्छ भने कोही नभएको ठाउँमा जे गरे पनि हुन्छ । जब कोही छैन कसले देख्नु ? यस्तै सोचाई बोक्नेहरुले एकान्तम जे पनि गर्न सक्छ आफ्नो फाइदाको लागि, अरुको के वास्ता ? उज्यालोमा त यस्तो ठान्ने मान्छेले अँध्यारोमा के भन्ला ? अँध्यारोमा आफू स्वयम्ले आफैलाई देख्दैन कोही ठान्छन् यस्तो ।

क्या मज्जाको सोचाई । त्यस्तालाई जो आफूलाई एक्लो ठान्छ र स्वतन्त्र छ मनसाय पूरागर्न । तर संसारमा त्यति बिग्न अँध्यारो पनि छैन, जहाँ देख्न नसकियोस् । त्यहाँ हेरिरहने नभए पनि देखिरहने कोही छ । यति बुझ्यौ भने सक्यो ।

एउटा प्रसंगमा त्यस्तै एउटा घटना भएको छ । एउटी आमाले १० वर्षको आफ्नो प्यारो छोरालाई हातले दोहोऱ्याउँदै आफ्नो गन्तब्यतिर लम्किरहेको हुन्छ । त्यसै बेला अगाडी एउटा बटुवाको घाँटीबाट केही चिज खस्न पुग्छ । आमाले छोरालाई अलिक चाँडो दोहोऱ्याई खसेको त्यो चिज कहाँ पुग्छ । सुनको हार पो रहेछ । भाग्य रहेछ आज मेरो, सुनको हार भेट्टाउन पाएँ । नभन्दै त्यस आमा चाहिँले अगाडी, पछाडी, दायाँ, बायाँ चारैतिर नियाली कोही नदेखेपछि खुरुक्क त्यस हारलाई आफ्नो खल्तिमा हाल्छ ।

१० वर्षको छोराले आफ्नो आमाको त्यही क्रियाकलाप चुपचाप नियाली रहेको थियो अन्तमा छोराले अचम्म मान्दै आमालाई सोध्छ - आमा, तपाईले त्यो हार लिनु अगाडी राम्रोसँग आफ्नो अगाडी पनि हेर्नुभयो, पछाडी पनि हेर्नुभयो, दाँया पनि हेर्नु भयो, बायाँ पनि हेर्नु भयो तर आमा तपाईले माथि हेर्न भुल्नु भयो नि, बिर्सनु भयो नि ? तपाईले त्यो हार लिनु अगाडी माथि पनि हेर्नु पर्थ्यो आमा ।

मान्छेहरु प्राय: त्यही आमा जस्तै छन् कि चारैतिर बडो राम्रोसंग नियालेता पनि माथि नियाल्न बिर्सन्छ वा नियाल्न आवश्यकै छैन भन्छ । त्यो मूर्खता सिवाय केही होइन । जसलाई नियाल्नु पर्ने थियो, त्यही मान्छेहरु अनावश्यक ठान्छ र पो सत्य देख्दैन । त्यस्तै भएको छ आजकल ।

हुन त माथि पनि केही छैन तरै पनि कोही छ । जसलाई कर्मको संज्ञा दिन सक्छौं । हामीले केही गर्दा राम्रो वा नराम्रो त्यस पछाडी हाम्रो कर्म लुकेकै हुन्छ । कसैले नदेखेतापनि हामीलाई हाम्रो कर्मले नियालिरहेको हुन्छ, हुन्छ । उसले हेरिरहेको हुँदैन तर देखिरहेको हुन्छ, चाहे तपाई उज्यालोमा होस् चाहे अँध्यारोमा । त्यसैले त भनिएको संसारमा त्यति बिग्न अँध्यारो पनि छैन, जहाँ तपाईलाई देख्न नसकोस् ।

## बल्छीमा पर्ला है



आमा-बुबा साँचै महान् हुन्छ । आदरणीय र गुणवान् हुन्छ । कारण छोराछोरीप्रति हर हमेसा मैत्री करूणाले भरिएको चित्त लिएर विहार गर्छ । गुणको हिसाबमा त अनन्त नै आदरणीयको कुरामा त शिरबाट कहिल्यै नझारौं झैं महान्‌को त सिमा नै छैन ब्रम्ह देवभन्दा महान् । तर त्यस्ता महान्, आदरणीय, गुणवान्, आमा बुबाको आज्ञा पालन गर्ने, कुरा नसुन्ने छोराछोरीहरूको के कुरा भो र । आफ्नो त विनाश गर्छन् नै, आमा बुबाको आज्ञामाथि पनि तुषापार हुन्छ । आज्ञा पालक छोराछोरीहरू त साँच्चै धन्य !

एक जोडी माछाको एउटै मात्र छोरा अति नै प्यारो । त्यसैले होला हरेक दिन आमा बुबाले खोजी ल्याएको



Downloaded from http://www.dhamma.digital

खाना खाई प्वालमै मज्जाले बस्न पाएको । बिस्तारै छोरो माछा ठूलो हुँदै आउँछ । त्यसैले अझ बढी होशियार बनाउन होला, आमा बुबा माछाले छोरो माछालाई यसरी सल्लाह दिन्छ प्रेमपूर्वक–

"छोरा ! बाहिर कतै नजानु है, छोरालाई आवश्यक खाना हामी खोजी ल्याउने छौं । छोरा अझै ठूलो हुन बाँकी छ । खोलाको विषयमा धेरै जानेर बुझेर मात्रै यताउता गए राम्रो । त्यसैले ज्ञानी भएर घरमै बस ! बाहिर जालमा पर्न सक्छ । कसैले बल्छीले मार्न सक्छ । आदि ।

छोरा माछा आमा बुबाको अगाडी मात्र ठीक्क पारी हुन्छ भन्दै विहान निस्किने आमा बुबा साँझ मात्र घर फर्किनु हुन्छ दिउँसो एक्लै, नमज्जा भन्दै दिनभरि यताउता डुल्दै साँझ आमा बुबा घर फर्किने बेला मात्र अलिक पहिले घरमा आई बस्ने गर्दथ्यो । आमा बुबा पनि छोरा आज्ञाकारी छ भन्ने मान्दै ढुक्क थिए ।

एक दिनको कुरो आमा बुबालाई झुक्याएर दिउँसो बाहिर यताउता डुल्न जाने क्रममा यताउता नाच्दै डुल्दै, रमाइलो गर्दै साँझ घर फर्कने क्रममा भोकले च्यापेको कारण केही खाना खोज्ने क्रममा, खोलाको पानी जमेको ठाउँमा एउटा गड्यौला फेला पर्छ छोरो माछा आहा ! भोक पनि लागेको खाना पनि पाएको भाग्य नै रहेछ भन्दै हतारमा त्यस गड्यौलालाई खान्छ, निल्छ । विचरो त्यस माछालाई के थाहा, गड्यौलासँगै भित्र फलामको बल्छी पनि छ भनेर । जुन बेला माछा मार्ने व्यक्तिले माछाले बल्छी निल्यो भनी थाहा पाए, तब उसले बल्छी तान्दा पो बल्ल त्यस छोरा माछाले मुखमा अंकुश पर्दा बल्छीमा परेको थाहा भयो । विचरा माछा अब भने छट्पटिन थाल्छ ।


उकेल्न खोज्छ, छुट्टिन भरमजबुद कोशिस गर्छ । ज्यानको भयले चिल्लाउँछ, कराउँछ, छट्पटिन्छ तर हर प्रयास असफल । उता आमा बुबा साँझपख छोरालाई खाना खुवाउनको लागि घर फर्किंदा घरमा छोरा नभेट्दा छोरा खोज्दै आएका आमा बुबाले आफ्नो प्यारो छोरो अंकुस निलेर छटपटिरहेको देख्दा पीडाको आँसु झारी भन्छ-


छोरा ! हामीले भनेको मानेनौ । हामीलाई झुक्याएर तिमी आफूखुशी हिड्यौ, भनेकै थिएँ बल्छी पनि थापिराखेको हुन्छ । जाल पनि थापिरहेको हुनसक्छ । तिमीले हामीले भनेको बेवास्था गर्‍यौ । अब यो अवस्थामा पुग्यो । छोरा, के गर्ने ? तिमीलाई बचाउने ठूलो इच्छा भएता पनि अब हामीले केही गर्न सक्छौं । इच्छा हुँदैमा अब के पो हुनसक्छ र छोरा ! अब तिम्रो खाना बासी हुनेभयो । आँसु झारी बसेका आमा बुबा सामु नै बल्छी तानेर माछा समाउँछ । माछा छट्पटाउँदै जसरी पानीभित्र छट्पटाएको थियो, पानी बाहिर त्योभन्दा दोब्बर छट्पटाउँदा बल्छीदाइले एउटा ठूलो ढुंगाले त्यस माछालाई ढुंगामाथि राखी टाउकोमा ठोक्छ । माछाको प्राण जान्छ । आमा बुबा आँसु बगाउँदै फर्किन बाध्य हुन्छ ।

साँच्चै आमा बुबाको आज्ञा पालन नगर्नेले आशीर्वाद पनि पाउन सकिदैंन । के पो गरोस् गल्ती हो भनेर थाहा पाउँदा पनि फर्किन नसक्ने अवस्था हो त्यो । न कसैले मैत्री राखेर बचाउन सक्ने अवस्था हो त्यो । यहाँ त माछाको प्रसंग मात्रै । साँच्चै मान्छेको जीवनमा पनि यस्तो हुनसक्छ । कतै हामी पनि त रागरूपी जाल र द्वेषरूपी बल्छीमा फँस्न खोज्दै छौ कि होशियार ! हामी पनि न आफै मुक्त हुनसक्छौं, न कसैले मुक्त बनाउन सक्छ । त्यो अवस्था नआओस्, कामना किन नगरौं । तर सावधान हाम्रो वरिपरि बल्छी र जाल थुप्रै छन्, त्यस्ता बल्छी ननिल्नु, जालमा नपर्नु है ।

## आफ्नो लाभमा ईर्श्या, अरुमा असन्तुष्टि

मानिस सर्वश्रेष्ठ प्राणी हो बुझ्यो भने तर यी कुरालाई नबुझेर मानिसहरू आफ्नो लाभलाई हानी गर्न ऊ स्वयम् उत्साहित भइरहेका हुन्छन् । आफ्नो लाभप्रति खुशी त हुन नै सकिन्न, अरूको लाभप्रति पनि ईर्श्या गर्न पछि नपर्ने मानिसले पक्कै सर्वश्रेष्ठता नबुझेकै हो । यहाँसम्म कि अरूको लाभप्रतिको ईर्श्याले आफ्नो लाभ पनि हानी गरिरहेको हुन्छ । यदि सर्वश्रेष्ठताको पहिचान





भएमा यी कुराहरूबाट बची आफूलाई जहिले पनि लाभभन्दा माथि उठाई अरूको लाभप्रति पनि प्रशंसागरी मनभित्र आध्यात्मिक लाभ पनि उठाउन चुक्दैनन् । सर्वश्रेष्ठ लाभ पनि यही हो तर यी कुराहरूलाई नबुझ्दा पो .......... ।



Downloaded from http://www.dhamma.digital

यहाँ एउटा प्रसंगमा यस्तै भाको छ । अरूको उदारतामा लाभ अनि ईर्श्या परिणाम उही जुन चाहेको हुँदैन । एकजना महाजन वा सेंठ या भनौं साहुले आफ्नो खेतबारीमा आवश्यक अनुसार काम सिध्याउनज्यामी राख्नुपर्ने भो । उसले विचार गऱ्यो कि एकजना ज्यामी राख्यो भने सायद खेतबारीको काम आज सकिन्छ होला । त्यस बेला एकजनाको ज्यामी ज्याला भनौ ५०० रूपियाँ थियो तर त्यस साहुले सजिलै ज्यामी पाउने हेतुले एकजना हत्ताकत्ता ज्यामीलाई रू. १००० ज्याला दिई काममा बिहानैदेखि खेतबारीमा काम गर्न लगाए । ५०० रूपियाँको साविक ज्यालाभन्दा बर्ता भनौ दोब्बर १००० रूपियाँ ज्याला पाउँदाको खुशीसँगै हर्षले ज्यामी बिहानैदेखि काममा तल्लिन भए । हर्षले तल्लिन किन नहोस् त दोब्र जो ज्याला पाएको छ ।

काम गर्दै जाँदा दिउँसो वा भनौं आधा दिन बित्दा साहुले गरेको अनुमान जस्तो दिनभरिमा काम सक्छ कि भन्ने थियो तर सकिएला जस्तो भएन । विकल्पमा साहुले अर्को एकजना ज्यामी थपेर जसरी पनि काम सिध्याउनको लागि बाँकी दिन वा आधा दिनमा फेरी अर्को एकजना बलिया ज्यामी लगाई काम गर्न लगाए । अब भने साथीको आगमनले दुबै ज्यामीहरूमा हर्षको अर्को ईट्टा थपिएको छ । दुबै एक आपसमा मीठा-मीठा कुराकानी गर्दै साहुको खेतबारीको सारा कार्य फत्ते पार्छ ।

कामको तमामले केही बेर आरामको श्वास फेर्दै मालिकलाई कार्य समाप्तिको सूचना दिन पुग्छन् ज्यालाको आशासँगै । समाप्तिको खबरले मालिक पनि प्रसन्नतासँगै स्याबासीका शब्दहरू व्यक्त गरी ज्याला दिन्छन् हजार-हजारका नोट हातमा ठमाउँदै । आज काम तमाम भएको खुशी हुँदै तिमीहरूलाई ज्याला स्वरूप २-२ हजार रूपियाँ नै दिए ।

सन्तोष त छौ होइन ? मालिकको उदारता र मीठो शब्दसँगै पछि आउने अथवा आधा दिन ज्यामी ज्याला गर्ने ज्यामी अति प्रसन्न भई मालिकको गुणगान गाउन थाल्यो तर अर्को, दिनभरि ज्यामी गर्ने ज्यामी भने सन्तुष्ट थिएनन्, मुखमा असन्तुष्टका धर्साहरू प्रष्टिएका थिए । मालिकको कारण सोधाईसँगै त्यस ज्यामीले मुख खोले–

“मालिक ! तपाईको यो कस्तो असमानता । म दिनभरि काम गर्नेलाई पनि २ हजार ज्याला अनि आधा दिन काम गर्नेलाई पनि २ हजार ज्याला, यो त अन्याय भयो । यदि आधा दिन कार्य गर्नेलाई २ हजार ज्याला हो भने त, म दिनभरि काम गर्नेलाई ४ हजार चाहियो, दिनुस् मालिक ज्यालास्वरूप । कि होइन भने आधा दिनमात्र काम गर्नेलाई हजार मात्र दिनुस् । धिप्पीको कारण सोझो अर्को ज्यामीले आधी ज्याला फिर्ता दिनै लाग्दा अचम्ममा पर्दै अब उदारवादी मालिक भन्छ–

हेर ! तिमी अरूको उदारतामा कति लोभिएको अनि अरूको लाभमा कति ईर्श्या तिम्रो । तिमी आफ्नो यथार्थतामा नउभिएर गणितीय आधारको कुरा गर्छौ । यदि तिमी मेरो उदारतामा लोभिन्छौं अनि अरूको लाभप्रति ईर्श्या गरी गणितीय धरातलमा उभिन्छौं भने मैले तिमीलाई हजार रूपियाँ ज्यालामा ज्यामी काम गर्न ल्याएको हुँ, खोई तिमीलाई हजार रूपियाँ बढी भयो, फिर्ता ले । गणितीय आधारमा तिमीले फिर्ता दिनैपर्छ ।

यति भनी मालिकले त्यस ज्यामीको हातबाट हजार रूपियाँ फिर्ता लिई अर्को ज्यामीलाई थपेर ३ हजार रूपियाँ ज्याला दिए अनि आदेशिय भाषामा भने– “जाऊ, तिमीहरूले आफ्नो सही ज्याला पाएका छौं ।”

प्रसंग यहीं टुंग्याउँ । अरूको उदारतामा लोभिनु अनि अरूको लाभमा ईर्श्या गर्नेले आफ्नै लाभमा हानी हुन्छ । प्रसंगको आसय पनि यही हो । हामी पनि कतै त्यही पहिलो ज्यामी जस्तै पो भएका छौं कि ! कि आफ्नो लाभ पनि गुमाउन बाध्य ! धेरैको जिन्दगीमा यस्तै भएको छ । तपाई हाम्रो सामुन्ने यस्ता उदाहरणहरू थुप्रै छन् । गन्ने हो भने औंलामा अटिन्न । कतै त्यो गन्तिमा तपाई स्वयम् त पर्नु हुन्न । खैर, छाड्नुस यी कुरा । ईर्श्या रहित जीवनसँगै तपाईको जीवन सदा दोश्रो ज्यामी जस्तै लाभी भई जीवन बिताउन सदा सुनौला मौका जुरोस, यही शुभकामना ।

## सर्कलको खेल जिन्दगीको मेल

प्रकृतिको नियम पनि बडा अजीव छ हेर्नुस त नियालेर । घाँस त्यसै उम्रिन्छ अनि सपिन्छ पनि तर अन्नबाली फलाउन सपार्न कति कठिन । घाँस उम्रे जस्तै सप्रे जस्तै अन्नबाली पनि उम्रे, सप्रे कति रमाइलो हुँदो हो तर यो नियम प्रकृतिले अँगाल्दैन । बरू घाँस फरानी नै गर्दा पनि घाँस पुनः उम्रेर छाड्छ, अझ झाँगिन्छ । अन्नबाली यस्तो भए पो ।

प्रकृतिको यो नियम मानव समाजमा पनि लागु



Downloaded from http://www.dhamma.digital



हुन्छ । अझ सियोलाई टुप्पो बनाउनसम्म पछि पर्दैन स्वभावै भइसक्यो दुनियाँको । यस्तै हुन्छ पनि खोइ के नमिलेको भन्ने यस्तै हुन्छ रे दुनियाँमा । त्यसैले त बुझ्नु पर्ने देखेको जति, सुनेको जति पनि सही हुँदैन बुझ्न गाह्रो छ बुझ्नु पनि यही हो । बझ्न सजिलो होस्, एउटा सानो प्रसंग जोडिहालौ ।

एउटा स्कूलमा एक शिक्षकले विद्यार्थीहरुलाई सुनेको जति सहि हुँदैन भन्ने विषयमा एउटा कानेखुशी गरी खेल्ने खेल खेलाउँछ । खेल कस्तो छ भने १० जना जतिको गोलो चक्र हुन्छ । त्यसमा १ देखि १० सम्मका विद्यार्थीहरुको नम्बर छुट्याएको हुन्छ र सरले १ नम्बरको विद्यार्थीलाई एउटा शब्द भन्छ र त्यही शब्द सही रूपले त्यस १ नम्बर विद्यार्थीले २ नम्बरलाई, २ नम्बर विद्यार्थीले ३ नम्बर विद्यार्थीलाई गर्दै १० नम्बरसम्म पुऱ्याउनु पर्थ्यो । एकले अर्काको स्वर सुन्नु हुँदैन, कानेखुशी न हो ।

१ नम्बर विद्याथीृलाई जुन सरले भनेको शब्द १० नम्बर विद्यार्थीसम्म आइपुग्दा के बन्छ, हेर्नु पो छ त । यस्तै गरियो खेलियो बडो होशियारीका साथ सरको जुन शब्द छ त्यही शब्द अन्तिमसम्म पनि यथावत राख्ने । तर त्यस्तो हुँदैन । अन्तिममा त्यो शब्द सियोबाट पहाड बनेर छाड्छ । कारण भनेको एउटा सुनेको अर्कै अथवा सुनेको जति सारा सही हुँदैन रहेछ त्यसैले त कानको पनि दास बन्दो रहेछ । यहाँ यस्तै भाको छ ।

त्यस खेलमा भएको के रहेछ भने सरले त्यस १० जना विद्यार्थीहरूलाई खेलाउँदा परिणाम के भयो त भन्दा अन्तिममा सरले दिएको पहिलो शब्द अन्तिम विद्यार्थीले “बाघ” भनेछ । ९ नम्बरको विद्यार्थीले “भालु” भनेछ । त्यस्तै ८, ७, ६, ५, ४, ३, २ र १ पुग्दा सुन भएछ । हुन त सरले कानमा खुसुक्क “नुन” भनेको थियो । उसले “सुन” सुनेछ । अर्कोलाई सुन भन्दा दोस्रोले चुन सुनेछ । यस्तै क्रममा दशौं विद्यार्थी पुग्दा बाघै हुन गएछ । कस्तो अचम्म ! कति हासियार कति सजकता कति एकाग्रता तर खोइ त ? एउटा शब्द १ बाट १० पुग्दा नुनबाट सुन हुन जान्छ । सुनेको कुरा सबै सही हुँदैन रहेछ नि ।

हामी थान्छौं मात्र त्यो सही हो तर यथार्थता अर्कै हुन्छ । यस्तै त भयो नि त्यो खेलमा । अझ एकाग्रता, हासियार, सजकता नरहने हो भने के के पो हुने हो । विद्यार्थीहरू अचम्ममा पर्छन् पनि सरको सही शब्द सुनेपछि । एक विद्यार्थीले अर्को विद्यार्थीलाई उसले त मलाई यही शब्द नै भनेको अडान लिन्छन् तर सही कोही पनि छैनन् । सत्य नुन थियो, हुन गयो सुन, चुन.... बाघ । प्रसंगले हामीलाई यही सिकाउँछ कि सुनेका सारा कुनरा सही हुँदैनन् ।

अझ यो दुनियाँमा त कुरै बंग्याइदिने कसरी पो सम्हाल्ने हो, खोइ । खेलमा नुनबाट बाघ बनेजस्तै यो दुनियाँमा सियोबाट पहाड बनाइन्छ । खेलाडीहरू बडा सिपालनु हुन्छन् तर जसरी सरले १० जना विद्यार्थीको सर्कल खेलमा विद्यार्थीहरु हारे, यस्तै परिणाम छ दुनियाँको । कहीं तपाई पनि त्यस विद्यार्थीहरू हारे, यस्तै परिणाम छ दुनियाँको । कहीं तपाई पनि त्यस विद्यार्थीहरू नुन, सुन, चुनको सर्कलमा परेजस्तै सियोबाट पहाडको सर्कलमा त पर्नु भएन ? याद गर्नुस्, यहाँ त प्रसंगले सुनेको कुरा सारा सही हुँदैन भन्ने सन्देश दिन्छ तर यो पनि बुझ्नु आवश्यक छ, देखेको पनि सबै सही हुँदैन । हो ? मिठो अनुभव तपाईसँग पनि छ नि, होइन ? कति पटक तपाईसँग पनि यस्तै भाछ अनि कति पटक त तपाई पनि यही सर्कलमा पर्नु भाको छ, हो ? सही छु म ? ठीक सत्य स्वीकार्नुस् तपाई पनि यो दुनियाँबाट अछुटो हनु हुन्न । सर्कलमा पर्नु हुन्न भने, साधु साधु साधु ।

## सही पहिचान

जीवन असाध्यै गहन, महत्वपूर्ण र दुर्लभ छ । यस्तो गहन, महत्वपूर्ण र दुर्लभ स्वामित्व हामीले प्राप्त गरिरहेका छौं । यो ठूलो अवसर हो हाम्रो लागि । यो अवसरलाई सही सदुपयोग गर्न सक्यौं भने मुक्त हुने क्षमता राख्छ यो जीवनले । त्यसको लागि जीवनको सही पहिचान आवश्यक हुन्छ । जसले जीवनको सही पहिचान गर्न सक्छ, उसमा एउटा उर्जा बृद्धि हुन्छ । त्यो उर्जा हराएको भने होइन, हामी भित्रै समाहित छ । बस्, सही पहिचानको ढिलाई हो । प्रयास किन नगरौं ।

पहिचानको सन्दर्भमा एउटा जंगलको प्रसंग ! शिकारीको लखताईमा एउटा गर्भिणी बघिनीले बीच बाटोमै बाघ जन्माई आफ्नो ज्यान जोगाएर भाग्न



Downloaded from http://www.dhamma.digital

सफल हुन्छ । संयोगको कुरो ! त्यस भर्खरको दमरू जंगलको भेडाहरुको बठानमा सामेल हुन जान्छ। शुरूमा भेडाहरू डराए पनि बिस्तारै घुल्मिलिदै जान्छ। यहाँसम्म कि एउटा भेडाले त्यस बाघलाई आफ्नै दूध खुवाएर बढाउँछ, हुर्काउँछ । जब दमरू पनि भेडाको बठानमा सामेल भई भेडाहरूकै जीवन यापन गर्छ उसको बोलाई खवाई व्यवहार सबै भेडाकै जस्तै हुनजान्छ। बिहान भेडाहरू जस्तै जंगल चड्न जाने । भेडा जस्तै कराउने । भेडाकै जस्तै व्यवहारले गर्दा भेडाको बठानमा नै उठ्बस निरन्तर जारी थियो । उसले आफ्नो सही पहिचान गर्न सकेन कि ऊ बाघ हो । उसले आफूलाई भेडा नै सम्झेका थिए । त्यसैले त ऊ भेडै जस्तो पो देखिन्छ ।




एक दिनको कुरो । जंगलमा त्यही भेडाको बठानमा एउटा ठूलो बाघको शिकारको सामना हुन्छ । सारा भेडाहरू बाघको डरले भागाभाग भए। अब त्यस दमरू पनि त भेडाकै स्वभाव भएका ऊ पनि के कम भाग्न थाले भेडा जस्तै ज्यान बचाउन। तर अचम्म पर शिकारी बाघ भेडाहरूसँगै भेडाको बठानमा दमरू पनि भाग्दै गरेको। आश्चर्यमा पर्दै त्यस बाघले अब भने भेडाहरूलाई लक्षित नबनाई आफ्नो शिकार त्यही दमरू बनाउने योजनासँगै पाइला चाल्छ । बाघहरूको शिकार गर्ने तरीका खासैको हुन्छ। भागदौडसँगै केही समयमा नै त्यस शिकारी बाघले भेडाहरूको बठानबाट त्यस दमरूलाई अल्याउन सफल हुन्छ । अन्ततः शिकारी बाघले त्यस दमरूलाई आफ्नो नियन्त्रणमा लिन्छ ।

अब भने दमरू मर्ने डरले भेडा जस्तै कराउँछ। भेडा जस्तै बोल्छ– बाघ दाई मलाई नमार, मलाई नखाऊ, मेरो ज्यान बकस देऊ, मलाई जान देऊ । अब शिकारी बाघ भन्छ– हे, तिमी नडराऊ । किन ज्यानको भिख माग्छौं भेडाले जस्तो ? तिमी बाघ पो हौ त। के तिमीले आफूलाई चिन्न सकेनौं ? तिमी बाघ हौ, भेडा होइन । किन तिमी बाघ भएर भेडाको अभिनय गर्छौ ?

शिकारी बाघको कुरा सुनेर दमरू जिल्ल पर्छ– म बाघ भेडा होइन, मलाई भुक्याउन नखोज, मलाई फकाउन नखोज । बाघ दाई, मलाई मेरो परिवार कहाँ फर्कन देऊ । म बाघ होइन भेडा हुँ ।

अब भने शिकारी बाघ रिसाउँदै गर्जिन्छ आफ्नो जातको लाचारी देखेर । शिकारी बाघले दमरूको कठालो समाउँदै भन्छ- यो तिम्रो कस्तो लाचारीपन ? तिमीले आफ्नो जातलाई बिर्सिदियौ बाघ यति काँथर हुनुहुन्न । तिमी भेडाहरूको बठानमा बसेर आफ्नो पहिचान बिर्सिन थाले जस्तो छौं । आऊ, तिमीलाई म तिम्रो सही पहिचान देखाइदिन्छु भन्दै त्यस शिकारी बाघले दमरूलाई एउटा सफा पानीको मुहानमा लग्छ र भन्छ-


हेर, तिम्रो रूप । पानीमा तिम्रो रूप मेरै जस्तै छ न कि भेडाको जस्तो । नियाल राम्रोसँग आफैले आफूलाई । नभन्दै त्यस दमरूले पानीमा नियाल्दा आफू पनि शिकारी बाघ जस्तै भएको यथार्थता देख्दछ । आफू भेडा नभएको जानकार पनि हुन्छ ।

जुन बेला त्यस दमरूले आफू भेडा नभएको र बाघ भएको सही पहिचान गर्छ, तब त्यस दमरूले भेडाको मुटुलाई छाडी बाघको छाती लिई गर्जिन्छ, जंगलै थर्किने गरी । भेडाको आवाज हराउँछ अब । बाघको आवाज बिउँतिन्छ। दमरूमा भेडात्व हराउँछ सजिलै, जब उसले आफूलाई बाघको रूपमा देख्छ, जब उसले आफूलाई यथार्थता उभ्याउँछ। बाघ भएर पनि भेडाको खोल ओढेर आफ्नो पहिचान बिर्सेका त्यस दमरू जस्तै हाम्रो जीवन नहोस् । हुन त त्यस दमरूमा बाघ हराएको थिएन, पहिचान मात्रैको कमी थियो । बाघ त ऊ थियो नै तर भेडाको खालले आफ्नो अस्तित्व बिर्सेर बाघ भएर पनि घाँस चढ्ने, डर त्रासले जीविका गर्ने आदि इत्यादि भेडाको जीवन जिउँन बाध्य बाघ आफ्नो पहिचानसँगै स्वाभिमानको जीवन थालनी हुन्छ ।

यही हो हाम्रो आवश्यकता पनि । हामीले प्राप्त गरिरहेको जीवनको यथार्थ स्वभाव हामीले सही पहिचान गर्नुछ । जसरी बाघ भेडाहरूको बठानमा बसेर भेडाकै जस्तो आचरण गर्न लाचार त भएनौ हामी ? एक पल्ट ठन्दा दिमागले सोचौं । आफैले आफूलाई नियाली मानवताको सही पहिचान गर्न सक्यौ त मानवताको क्षमता निखारिन्छ र अन्य सारा पखालिन्छ भेडाको अस्तित्वबाट बाघमा दमरू उठे सरी । हामी पनि सही मानवतामा उठ्नुछ, नियाल्नु गहिरिएर कहीं आज पो सही पहिचान हुन्छ कि !



Downloaded from http://www.dhamma.digital



# जातक बाखँ



**दुण्डबहादुर बज्राचार्य**

## ४१५. कुम्मासपिण्डि जातक

"न किरत्थि…" थुगु गाथा शास्तां जेतवनय् च्वना बिज्यागु इलय् मल्लिकादेवीयागु बारे कया आज्ञा जुया बिज्यागु जुल–

### वर्तमान कथा

व श्रावस्तीयाम्ह छम्ह तःधंम्ह गथुया म्त्याय् खः । व अतिकं बांलाम्ह, रुपवतीम्ह अले महापुण्यवान्म्ह । भिंखुदँया वैशय् व मेपिं ल्यासेतलिसे स्वाँया बगैचाय् वना च्वन । वना च्वंबले स्वंगः धकिइ कुल्माषयागु लड्डु तया ज्वना वना च्वन । नगरं पिहाँ वना च्वंगु इलय् भगवान्यागु शरीरं प्रभा पिज्वया च्वंगु खन । वं कुल्माषया लड्डु (माय्यागु पकौरी ग्वारा) या स्वंगः धकिं छाये यंकल । शास्तां चातुर्महाराजिक देवतापिंसं बिया तःगु पात्रय् फया स्वीकार याना बिज्यात । वं तथागतयागु चरणय् वन्दनायात अले बुद्धभक्तिं प्रमुदित जुया छखेलिक्क दना च्वन । शास्तां वयात सवया मुसुक्क न्हिला बिज्यात । आनन्द स्थविरं तथागत छाय् न्हिला बिज्यात धका मती तया वसपोलयाके न्ह्यसः तया न्यना बिज्यात । शास्तां न्हिला बिज्यानागुया कारण कना बिज्यात– "थुगु कुल्माषया लड्डु दान याःगुया फलस्वरुप थुम्ह म्ह्यायम्चा थौं हे कोशल जुजुया महारानी जुइ । उम्ह म्ह्यायम्चा नं स्वाँया बगैचाय् वन ।

उखुन्हुया हे दिनय् अजातशत्रुलिसे युद्ध याना कोशल जुजु युद्धय् बुना बिस्यूं वःगु जुया च्वन । अनं सलम्हय् च्वना वना च्वंबले वं वयागु म्यें न्यना वया प्रति आसक्त जुया सलयात आराम (क्यम) पाखे स्वकल । पुण्यववान्म्ह म्ह्यायम्चा जुजु खना बिस्यूं मवं । व वया सलयागु लगाम ज्व. वल । जुजुं सलम्हय् च्वना तुं न्यन– "मिजं दुम्ह खः वा मखु ?" व मिजं मदुनिम्ह खः धका सिइका सलम्हं कुहाँ वया फसं निभालं त्यान्हु चाम्ह जुया पलख वयागु मुलय् गोतुला विश्राम (आराम) काल । हानं सलया म्हय् च्वना सेनासहित नगरय् दुहाँ वन । वयात वयागु छेंय् छ्वया, सन्ध्या इलय् सत्कार सम्मान यासे वयागु छेंनं यंका रत्नयागु द्वँय् फेतुका, अभिषिक्त याना महारानी दय्का बिल । अनंनिसें व जुजुया यःम्ह मनं ज्वंम्ह (जुजु) दने न्ह्यो आदि न्यागू भिंगु गुण दुम्ह जुल अले थःम्ह भातयात देवताथें माने याना तल ।

बुद्धपिनि नं यःम्ह खः । शास्तायात कुल्माषया स्वंग धकि लड्डु दान ब्यूगुलिं थुगु सम्पत्ति दुगु खः धयागु खँ नगर छगुलिं फैले जुल । छन्हु धर्मसभाय् खँ जुया च्वन– "आयुष्मान्पिं ! मल्लिकादेवीं बुद्धपिंत स्वंगः लड्डु ब्यूगुया प्रतापं व हे दिनय् महारानी जुल । अहो ! बुद्ध-गुणया महानता (आनुभाव) ।"

शास्तां बिज्याना न्यना बिज्यात– "भिक्षुपिं ! थन फेतुना छु खँ ल्हाना च्वनागु ?" "थुजा-थुजागु खँ ।" धका बिन्ति यायेवं शास्तां आज्ञा जुया बिज्यात– "भिक्षुपिं ! छम्ह सर्वज्ञ बुद्धयात कुल्माषया स्वंग लड्डु ब्यूगुलिं मल्लिका कोशल जुजुया महारानी जूगु खँय् छुं आश्चर्य चाये माःगु मदु । छाय् ? बुद्धपिनिगु गुण महानताया कारणं । पुलांपिं पण्डितपिंसं प्रत्येकबुद्धपिंत चि मदय्क, चिकं मदय्क, साखः मदय्क कुल्माष दान यात अले उकियागु फलं व मेगु जन्मय् स्वसः योजनयागु काशी राष्ट्रया राज्यश्रीया स्वामी जुइ दत ।" थुलि आज्ञा जुया पूर्वजन्मया खँ आज्ञा जुया बिज्यात–

### अतीत कथा

न्हापा न्हापा वाराणसी ब्रह्मदत्तं राज्य याना च्वंगु इलय् बोधिसत्वव छगू गरीब कुलय् जन्म जुल । तःधिक जुइवं वं छम्ह सेठयाथाय् ज्या वना प्वाः पाले याना च्वन । छन्हु वं बजारं (पसलं) सुथे कौलाया नितिं प्यंगः कुल्माषयागु लड्डु न्यात । लड्डु न्याना ज्वना बुँइ वना च्वंबले वं प्यम्ह प्रत्येकबुद्धपिंत भिक्षाया नितिं वाराणसी स्वया बिज्याना च्वंगु खन । वं मती तल– "थ्वसपोलपिं वाराणसी बिज्याना च्वन अले जिके नं प्यंगः कुल्माषया लड्डु दु । थ्व जिं वसपोलपिंत दान बिये ।"



Downloaded from http://www.dhamma.digital



थुलि मती तया व वसपोलपिंथाय् वना वन्दना याना धाल– “भन्ते ! जिके कुल्माषया लड्डु प्यंगः दु । जिं थ्व छलपोलपिंत बिये । भन्ते ! छलपोलपिंसं ग्रहण याना कया बिज्याहुँ । थुगु पुण्यकर्मं ताःकालतक जिगु हित सुखया नितिं जुइमा ।” वसपोलपिनिगु स्वीकृति दुगु खँ सिइका वं फियागु तजागु प्यंगू आसन दय्का उकी दचोने सिमाया कचामचा हः लाया अन प्रत्येकबुद्धपिंत छसिंकथं भ्वःलाक फेतुइकल । अले हःलय् लः कया हया लः हाय्का दान बिल । प्यंगः पात्रय् प्यंगः लड्डु तया वन्दना यात । अले प्रार्थना यात– “भन्ते ! थुगु दानया प्रतापं गरीब कुलय् जन्म काःवने म्वालेमा अले थुगु दान सर्वज्ञता ज्ञानया कारण जुइमाः ।”

प्रत्येकबुद्धपिं भोजन याना बिज्यायेधुंका दानानुमोदन याना ब्वया बिज्याना नन्दमूलपर्वतय् बिज्यात । बोधिसत्वं ल्हाः बिन्ति याना प्रत्येकबुद्धपिनिप्रति प्रीतिभाव मनय् तया वसपोलपिंत मिखां न्ह्याये दतले स्वया, खने मदयेवं बुँइ वन । गुबलेतक व म्वाना च्वन उबलेतक वं उगु दान लुमंका तइ तल । सिना वनेवं उगु दानयागु पुण्यं व वाराणसी जुजुया महारानीया कोखं जन्म जुल । वयागु नां तल ब्रह्मदत्तकुमार । व पलाछिना वने सःबले वं पूर्वजन्मयागु ज्ञानं न्हापायागु छगू जन्मया सकतां वृतान्त खँ न्हाय्कनय् दुने थःगु ख्वाःया किचः खनीथें गुकथं वं थःम्हं थ्व हे नगरय् ज्यामी ज्या याना बुँज्याय् वना च्वनागु इलय् प्रत्येकबुद्धपिंत कुल्माषयागु प्यगः लड्डु ब्यूगु खँ, अले उगु दानयागु पुण्यं थन ग्रहण काःगु धयागु खँ खंका काल ।

तःधिक जुइवं व तक्षशिला वन अले अन सकतां विद्या सय्के सिइके याना लिहाँ वया थःम्ह बौयात क्यंवल । बौम्ह लय्ताया वयात युवराज दय्का बिल । लिपा जूबले बौम्ह सिइवं व जुजु जुल । कोशल जुजुयात भिंम्ह, रूप दुम्हम्ह्याय्मचा हया बिल । वयात महारानी दय्का बिल । छत्र धारण याःगु दिनय् नगर छगुलिं देवनगरथें झझः धायक सिंगार पतार याना बांलाकल ।

नगरयागु प्रदक्षिणा याना बांलाक झझः धायक समाये याना तःगु दरबारय् वल । अन तःजा जुइक दबू दय्का तःजागु तुयुगु कुसा दुगु सिंहासनय् फेतुत । व छखेपाखे दना च्वंपिं छचाखेरं घेरा लगे याना च्वंपिं अमात्यपिं, छखेपाखे दना च्वंपिं थीथी प्रकारयागु भेषभूषां छाय्पिया तःपिं ब्राह्मण-गृहपतिपिं, छखेपाखे दना च्वंपिं थीथी प्रकारयागु कोसेलि ज्वना च्वं च्वपिं बांलाक तिसा वसतं छाय्पिया तःपिं, देवअप्सराथें जापिं झिंखुद्वः प्याखँ हुलिपिं मिसापिंत खन । अनंलि व थुगु अति मनोरम श्री वैभवयात खंका– “थःगु पूर्वकर्मयात लुमंका थुगु लुँयागुलिं दय्का तःगु कञ्चनमाला दुगु तुयुगु कुसा, थुपिं अनेक सहस्र हिसित, सलत तथा रथवाहनत, थुपिं मणि मोतिं जाःगु भण्डार, थुपिं थीथी प्रकारयागु व जाकिं जाःगु महापृथ्वी, तथा थुपिं देवअप्सराथें जापिं मिसात, सकतां श्री वैभव सुं मेपिनिपाखें दुगु मखु, थ्व व हे प्यम्ह प्रत्येकबुद्धपिंत बिया वयागु कुल्माषयागु प्यंगः लड्डुयागु दानं प्राप्त जूगु खः” धका लुमंकल । थुकथं वं प्रत्येकबुद्धपिंत लुमंका थःगु कर्म प्रकट यात । न्हापा याना वयागु कर्म लुमना वयेवं वयागु म्ह छम्हं प्रीतिं भय् भय् बिया वल । वं प्रीति प्याका जनताया न्ह्योने उदान-गीत हाहां निपु गाथात धाल–

**“न किरत्थि अनोमदस्सिसु, पारिचरिया बुद्धेसु अप्पिका ।**



Downloaded from http://www.dhamma.digital

**सुक्खाय अलोणिकाय च, पस्स फलं कुम्मासपिण्डिया ॥**
**"हत्थिगवास्सा चिमे बहू, धनधञ्ञं पथवी च केवला ।**
**नारियो चिमा अच्छरूपमा, पस्स फलं कुम्मासपिण्डिया'ति" ॥**

"अनोमदर्शी प्रत्येकबुद्धपिनिगु सेवा अल्पफलदायी जुइ मखु । गंगु, चि मदुगु कुल्माष लड्डु दान यानागुया फल स्व सा ।"

"थुपिं जिमि आपालं किसित, सात, सलत, धनधान्य, सकतांया सकतां पृथ्वी व अप्सराथें जापिं मिसापिं कुल्माष लड्डु दान यानागुया फलं दुगु छको स्व सा ।"

बोधिसत्व थःत छत्र धारण याःगु उत्सवया दिंखुन्हु गुगु प्रीति व आनन्द जूगु खः उकिं प्रेरित जुया थुपिं निपु गाथातद्वारा उदान गीत (म्यें) हाला च्वन । अबलेनिसें बोधिसत्वया प्याखँमो मिसातय्‌सं, मेपिं गन्धर्वतय्‌सं आदि प्याखँमोतय्‌सं नं अन्तःपुरय् च्वंपिंसं नं, नगर निवासीपिसिं नं, नगरं पिने च्वंपिसं नं त्वनेथाय् सुलिमय् च्वनिपिंसंनं, अमात्यपिंसं नं– "थ्व झीम्ह जुजुया यःगु म्यें खः धकाः थःपिसं नं म्यें हाला च्वन ।"

थुकथं समय वंलिसें लिपा छन्हु उम्ह महारानीया थुगु म्येंया अर्थ सिइके मास्ते वल । वं धाःसा बोधिसत्वयाके न्यना स्वयेगु आँट याये मफु । छन्हु जुजुं लानियागु गुण खना लय्‌ताया धाल– "भद्रे ! बर फ्वं ! छंत वर बिये ।"

"ज्यू, देव ! फ्वने ।"

"किसि सल आदि मध्ये छंत छु माः ?"

"छपिनिगु कारणं जिके थुजागु वस्तु छुं मदु धाये म्वाक दु । जित थुजागु छुं वस्तु माःगु मदु । यदि बिया बिज्यायेगु खःसा छपिनि थःगु म्येंया अर्थ कना बिज्याहुँ ।"

"भद्रे ! थुगु वर कयां छं छु यायेगु ? मेगु न्ह्यागुसां वर फ्वं ।"

"देव ! जित मेगु छुं ज्या ख्यले दु । थ्व हे फ्वने ।"

"भद्रे ! ज्यू, कना बिये । छ याकचित एकान्तय् तया कनेगु मखु । झिंनिगू योजन दुगु वाराणसी नाय्‌खिं च्वय्‌का लाय्‌कु ध्वाखाय् रत्नमण्डप दय्‌का रत्नयागु सिंहासन तया, अमात्यपिं, ब्राह्मणपिं, नागरिकपिं तथा झिंखुद्वल मिसापिनि दथुइ रत्न सिंहासनय् फेतुना कनेगु ।" वं "ज्यू देव !" धका स्वीकार यात ।


जुजुं अथे हे याना तयार याकल । अले जनताया दथुइ रत्नयागु सिंहासनय् थुकथं विराजमान जुया बिज्यात, गथे देवतापिनि दथुइ इन्द्र । लानिं नं सकतां तिसा वसतं छाय्‌पिया लुँया आसनय् फेतुइका छखेपाखें मिखाया कुनं स्वल अले उगु आसनय् फेतुना धाल– "देव ! छपिं लय् लय्‌तातां म्यें हाला बिज्याइगु म्येंया अर्थ आकाशय् चन्द्रमाथें छुटे छुटे जुइक कना बिज्याहुँ ।" लानिं स्वपुगु गाथा धाल–

**"अभिक्खणं राजकुञ्जर, गाथा भाससि कोसलाधिप ।**
**पुच्छामि तं रट्ठवड्डन, बाल्हं पीतिमनो पभाससी'ति" ॥**

"हे कुशल कर्मया स्वामी ! हे राजकुञ्जर ! हे राष्ट्रवर्धन ! गुगु छपिंसं अत्यन्त प्रीतिं युक्त जुया बारम्बार हाला बिज्याना च्वनागु गाथा खः, जिं उकिया अर्थ न्यना च्वना ।"

उगु गाथायागु अर्थ कनेया नितिं बोधिसत्वं प्यपु गाथात धाल–

**"इमस्मिंयेव नगरे, कुले अञ्ञतरे अहुं ।**
**परकम्मकरो आसिं, भतको सीलसंबुतो ॥**
**"कम्माय निक्खमन्तोहं, चतुरो समणेद्दसं ।**
**आचारसीलसम्पन्ने, सीतिभूते अनासवे ॥**





Downloaded from http://www.dhamma.digital

**"तेसु चित्तं पसादेत्वा, निसीदेत्वा पण्णसन्थते ।**
**अदं बुद्धानं कुम्मासं, पसन्नो सेहि पाणिभि ॥**
**"तस्स कम्मस्स कुसलस्स, इदं मे एदिसं फलं ।**
**अनुभोमि इदं रज्जं, फीतं धरणिमुत्तम'न्ति" ॥**

"थ्व हे नगरय् जि छगू कुलय् (न्हापा) जन्म जुयाम्ह खः । जि छम्ह मेपिनिगु ज्या याना प्वाः पाले याना च्वनाम्ह, शील संयम दुम्ह सदाचारीम्ह ज्यामी जुया च्वनाम्ह खः ।"

"बुँइ वना च्वनागु इलय् जिं आचारशीलं सम्पन्नपिं रागादि मि शान्त जुइ धुंकूपिं आस्रव मदयेधुकूपिं प्यम्ह श्रमणपिंत खना ।"

"वसपोलपिनिप्रति चित्त प्रसन्न याना जिं वसपोल (प्रत्येकबुद्ध) पिंत सिमा हः घाँय् लाया फेतुका लय्ताःगु चित्त तया थःगुहे ल्हातं कुल्माषया लड्डु दान बिया वयागु खः ।"

"थ्व व हे कुशल कर्मयागु थुजागु फल खः । गुकिं याना जिं उत्तम श्रेष्ठगु पृथ्वीया समृद्धशालीगु राज्य अनुभव याना च्वनागु खः ।"

थुकथं बोधिसत्वं थःगु कर्मफलयात विस्तारं न्यंकूगु खँ न्यनेधुंका लय्तागु मन तया लानिं धाल– "महाराज ! यदि छपिंसं थुकथं दानयागु फल थःगु हे मिखां खं, स्यू धयागु जूसा आवंल छप्ये जक जा दःसां उकिमध्ये धार्मिक श्रमण ब्राह्मणपिंत बिया जक भपा बिज्याहुँ ।" वं बोधिसत्वयागु स्तुति यायां थुगु गाथा धाल–

**"ददं भुञ्ज मा च पमादो, चक्कं वत्तय कोसलाधिप ।**
**मा राज अधम्मिको अहु, धम्मं पालय कोसलाधिपा'ति" ॥**

"हे कुशल कर्मया स्वामी ! दान ब्यु अले थःथम्हं भोग याना बिज्याहुँ । प्रमाद जुया बिज्याये मते । थुकथं चक्र (=पतिरूप देस वास इत्यादि प्यंगू चक्रवाल) चले याना बिज्याहुँ । हे राजन् ! अधार्मिक जुया बिज्याये मते । हे कोशलाधिप ! धर्मयात पालन याना बिज्याहुँ ।"

बोधिसत्वं वयागु खँ स्वीकार याना थुगु गाथा धाल–

**"सोहं तदेव पुनप्पुनं, वटुमं आचरिस्सामि सोभने ।**
**अरियाचरितं सुकोसले, अरहन्तो मे मनापाव पस्सितु'न्ति" ॥**

"हे शोभा दुम्ह ! जिं हानं हानं व हे लँपुया अनुशरण याये, गुगु लँपुइ, हे सुकोशलम्ह ! आर्यपिंसं अनुशरण याःगु दु । जिं अरहन्तपिंत दर्शन याये मास्ते वः ।"

थुलि धया लानियागु सौन्दर्यपाखे स्वया जुजुं धाल– "भद्रे ! जिं छंत थःगु पूर्वजन्मयागु कुशल कर्मयागु खँ सविस्तार कनेधुन । उपिं मिसापिंमध्ये छम्ह नं रूपय् अथवा हावभावय् छ समान बांलाम्ह मेपिं सुं मदु । छं गजागु कर्म यानागु दु, गुकिं याना छंत थज्यागु रूप-सम्पत्ति प्राप्त जूगु खः ?" जुजुं थ्व खँ न्यन्यं थुगु गाथा धाल–

**"देवी विय अच्छरूपमा, मज्झे नारिगणस्स सोभसि ।**
**किं कम्ममकासि भद्दकं, केनासि वण्णवती सुकोसले'ति" ॥**

हे भद्रे ! छ मिसापिनि पुचलय् अप्सराथें बांलाना शोभा दुम्ह खः । हे सुहोशले ! छं छु कर्म याना वयागु दुगुलिं थपाय्सकं बांलासे च्वंम्ह जूगु खः ?

लानिं नं थःगु पूर्वजन्मयागु कुशल कर्मयागु खँ क्यनेया नितिं ल्यं दुगु निपु गाथात धाल–

**"अम्बट्ठकुलस्स खत्तिय, दास्याहं परपेसिया अहुं ।**
**सञ्ञता च धम्मजीविनी, सीलवती च अपापदस्सना ॥**
**"उद्धटभत्तं अहं तदा, चरमानस्स अदासिं भिक्खुनो ।**
**वित्ता सुमना सयं अहं, तस्स कम्मस्स फलं ममेदिस'न्ति" ॥**

"हे क्षत्रिय ! जि छम्ह अम्बट्ठ कुलयाम्ह दासी जुया च्वनाम्ह खः । गुम्हसिया ज्या मेपिंसं ज्या ब्वःथें उखें थुखें ज्याय् वने माःम्ह खः । जि संयम दुम्ह जुया च्वनाम्ह खः । धार्मिकपूर्वक जीवन हना च्वनाम्ह खः । शीलवती व पाप मदुम्ह खः ।"

"अबले जिं थःगु भागयागु खाना भिक्षाया नितिं चाःहिला बिज्याना च्वंपिं क्लेश मदयेधुंकूपिं प्रत्येकबुद्धपिंत बिया । अबले जि सन्तुष्ट जुया भिंगु मन दुम्ह जुया च्वना । थ्व जिगु उगु हे कर्मयागु फल खः ।"

थुकथं निम्हसिनं नं थथःगु पूर्वकर्म सविस्तारं कन अले अनंनिसें प्यंगू नगर ध्वाखाय्, नगरया दथुइ, वा लाय्कु ध्वाखाय् छगू याना खुथाय् दानशाला दय्का जम्बुद्वीप छगुलिं नाय्खिं च्वय्का महादान यात । इपिं निम्ह सदाचारी जुया, उपोसथ कर्म पालन याना सिना वनेवं स्वर्गगामी जुल ।

शास्तां थुगु धर्मदेशना न्ह्यथना जातकयागु स्वापू क्यना बिज्यात । उगु इलय्या लानि राहुल-माता खः । जुजु जुलसा जि हे खः ।




Downloaded from http://www.dhamma.digital

# मिलिन्द–प्रश्न

### ६. गर्भावक्रान्ति विषयमा प्रश्न

४३. "भन्ते नागसेन ! भगवान्ले यस्तो भन्नुभएको छ– 'भिक्षु हो ! तीन कुरा मिलेपछि नै गर्भधारण हुन्छ– (१) आमा-बुबाको मिलन (२) आमाको ऋतुमती अवस्था र (३) गन्धर्व । यी तीनैको मिलनबाट नै गर्भधारण हुन्छ । यो कुरो सबै ठाउँमा लाभू हुने हो । कुनै यस्तो ठाउँ छैन जहाँ यो कुरो झूटो ठहरियोस् । यसमा अरू कुनै समालोचना गर्न सकिनन । यो कुरो अर्हत्‌द्वारा भनि(एको हो । उहाँले देवताहरु र मानिसहरुका माझ बसेर भन्नुभएको थियो– दुई (स्त्री र पुरुष) को मिलनबाट नै गर्भ रहन्छ ।' 'द्रुकूल नामको तापसले पारिका नामकी तापसीको नाइटोमा उनी ऋतुमती भएको बखत आफ्नो दाहिने हातको औंलाले छोएका थिए । त्यति छुनु मात्रले सामकुमार नामको उसको एउटा छोरो जन्मियो ।' 'मातंग ऋषिले पनि ब्राह्मणकी छोरीको नाइटोमा उनी ऋतुमती भएको बेलामा आफ्नो दाहिने हातको औंलो छुइदिएका थिए । सोही स्पर्शबाट माण्डव्य नामको उनको एउटा छोरो जन्मियो । भन्ते नागसेन ! (क) यदि भगवान्ले माथि भन्नुभएको कुरा साँचो हो भने सामकुमार र मा(ण्डव्य यसरी जन्मने कुरो असत्य ठहरिन्छ । (ख) र यदि भगवान्ले यथार्थमा यसो भन्नुभएको हो कि सामकुमार र माण्डव्य यी दुई केटाहरुको जन्म त्यसरी नाइटोलाई छुँदैमा भएको थियो भने उहाँले, भन्नुभएको कुरा झूटो ठहरिन्छ कि ती तीनवटैको संयोगले नै गर्भधारण हुन्छ । भन्ते ! यो दुविधा पनि बडो गम्भीर र सूक्ष्म छ । यो बुद्धिमान्‌हरु मात्रले बुझ्ने खालको छ । त्यसैले यो दुविधा तपाईका सामु राखिएको छ । विपक्षी मतहरुको खण्डन गरेर ज्ञानको उत्तम प्रकाशलाई फैलाउनुहोस् ।"

४४. "महाराज ! भगवान्ले यो ठीक भन्नुभएको छ– 'भिक्षुहरु हो । तीन कुराहरु मिल्नाले नै गर्भधारण हुन्छ– (१) आमा-बाबुको संयोग (२) आमा ऋतुमती हुनु र (३) गन्धर्व (काम) प्रवेश । यी तीनैवटा मिलनले नै गर्भधारण हुन्छ ।' महाराज ! भगवान्ले यो पनि ठीक भन्नुभएको छ कि सामकुमार माण्डव्यको जन्म नाइटोलाई छुँदैमा भएको थियो । भन्ते ! कृपया यसलाई स्पष्ट पारेर मलाई सम्झाउनुहोस् ।" "महाराज ! के तपाईले पहिले




कहिले सुन्नुभएको छ कि सांकृत्य (संकिच्च) कुमार, इसीसिङ्ग (ऋष्यश्रृङ्ग) तापस र स्थविर कुमार काश्यपको जन्म कसरी भएको थियो ?" "हो भन्ते ! सुनेको छु । उनीहरुको जन्मको कुरा कसले जान्दैन ? दुई मृगीहरु ऋतुवती भएको समयमा दुई तपस्वीहरुको पिसाबघर अनि ती तपस्वीहरुको पिसाब पिए । त्यसैबाट सांकृत्य कुमार र ऋष्यश्रृङ्ग तापसको जन्म भयो ।" "एक पटक उदायि स्थविर भिक्षुणीहरुको आश्रममा गएका थिए । त्यस बखत उनको चित्तमा काम उत्पन्न भयो अनि उनले भिक्षुणीका गुह्यस्थानहरुको सम्झना गर्न थाले । यसबाट उनको अन्तरवासममा शुक्रमोचन भयो । त्यसपछि उनले ती भिक्षुणीलाई भने– 'बहिनी ! अलिकति पानी ल्य(इदेऊ । म आफ्नो अन्तरवासलाई धुन्छु ।' भिक्षुणीले भनिन्– 'मलाई दिनुहोस् । म धोइदिन्छु । भिक्षुले आफ्नो लुगा दिए । ती भिक्षुणी त्यस बखत ऋतुमती थिइन्, उनले ती भिक्षुको शुक्रलाई केही मुखमा राखेर निलिन् र केही उनले आफ्नो गुप्ताङ्गमा हालिन् । त्यसैबाट स्थविर कुमार काश्यपको जन्म भयो । मानिसहरु यो कथा यही रुपमा भन्छन् ।"

"महाराज ! तपाईं यसलाई ठीक मान्नुहुन्छ कि



Downloaded from http://www.dhamma.digital

हुन्न ?" "हो भन्ते ! यसका लागि एउटा ठूलो प्रमाण छ जसबाट मैले स्वीकार गर्नुपर्छ ।" "त्यो कुनचाहिँ प्रमाण हो ?" "भन्ते ! जब खेत हिलो (थलथले) भएर तयार हुन्छ, त त्यसमा जुन बीउ रोपिन्छ, त्यो निकै छिटो जम्छ हैन ?" "हो महाराज !" "भन्ते ! यसरी नै, ती ऋतुमती भिक्षुणीको कलल अडेको, रगत रोकिएको अनि धातु स्थिर भएको हुँदा त्यो शुक्रलाई कललमा हालिन् । त्यसैबाट उनीमा गर्भ रहन गयो । यही एउटा ठूलो प्रमाण हो ।" "महाराज ! म पनि यो स्वीकार गर्दछु । त्यसो हो भने तपाईं कुमार काश्यपको गर्भधारणबारे भनिने यस कथालाई स्वीकार गर्नुहुन्छ, हैन ?" "हो भन्ते ! स्वीकार गर्छु ।" "साधु महाराज ! तपाईं मेरो बाटोमा आइपुग्नुभयो । तपाईंले जो एक प्रकारले गर्भधारण सम्भव हुने मान्नुभयो त्यसबाट मलाई ठूलो बल प्राप्त भयो । अँ, अब यो भन्नुहोस् कि जो ती दुई मृगीहरुले पिसाब पिउनाले तिनीहरुमा गर्भ रह्यो, त्यसमा विश्वास गर्नुहुन्छ कि गर्नुहुन्न ?" "हो भन्ते ! जेसुकै खाइन्छ, पिइन्छ अथवा चाटिन्छ सबै कललमै जान्छ अनि आफ्नो ठाउँमा आएर बढ्न थाल्छ । भन्ते ! जसरी सबै नदीहरु समुद्रमै गएर मिसिन्छन्, त्यसरी नै जेसुकै खाए पिए वा चाटेमा सो सबै कललमै जान्छ । यसै कारणले म यो पनि मान्दछु कि मुखबाट गएर पनि गर्भधारण हुनसक्दछ ।" "ठीक हो महाराज ! तपाईं त मेरो बाटोमा आइहाल्नुभयो । तपाईं सांकृत्य कुमार र माण्डव्य माणवक तापसको जन्मबारे भनिने कथालाई स्वीकार गर्नुहुन्छ, हैन त ?" "हो भन्ते ! स्वीकार गर्दछु ।"

४५. "महाराज ! साम कुमार र माण्डव्य माणवकको जन्ममा पनि तीनवटै कुरा सम्मिलित छन् । उनीहरुको जन्म पनि माथि उल्लेख भएको सित मिल्छ । म त्यसको कारण भन्छु– 'दुकुल नामको तापस र पारिका नामको तापसी'– यी दुबै जङ्गलमा बस्दथिए । ती दुबैको ध्यान विवेक, उत्तम अर्थको खोजीमा लागिरहन्थ्यो । उनीहरुको तपस्याको तेजले ब्रह्मलोक पनि तात्यो । त्यस बखत स्वयं इन्द्र पनि बिहान बेलुका दुबै समयमा उनीहरुको सेवामा उपस्थित रहन्थे । इन्द्रले उनीहरु दुबैका बिषयमा मैत्री-भावना गर्ने समयमा देखे– 'पछि गएर यी दुबै अन्धा हुनेछन् ।' यो देखेर इन्द्रले ती दुबैसँग भने– "कृपया, तपाईंहरु मेरो एउटा कुरा स्वीकार गर्नुहोस् । मलाई ठूलो इच्छा भइरहेको छ कि तपाईंहरुको एउटा छोरो होस् । त्यस छोरोले तपाईंहरुको सेवा गरेर ठूलो सहारा दिदोहो ।" "हे इन्द्र ! हामीहरुलाई छोरोसित मतलब छैन । तपाईं यस्तो प्रार्थना नगर्नुहोस् । यसलाई हामी स्वीकार गर्न सक्दैनौं ।" उनीहरुको भलो चाहने इन्द्रले दोस्रो, र तेस्रो पटक पनि भने– "मेरो एउटा कुरो कृपयापूर्वक मान्नुहोस् । तपाईंहरुको एउटा छोरो भएमा बडो राम्रो कुरो हुने थियो । उसले तपाईंहरुको निकै सेवा गर्ला अनि बुढेसकालमा धेरै भर हुनेछ ।" तेस्रो पटक पनि उनीहरु दुबैले भने– "ल भयो इन्द्र ! हामीहरुलाई तपाईं अनर्थमा नलगाउनुहोस् । यो शरीर कहिले नष्ट नहुने हो र ? नष्ट हुन्छ, नष्ट हुनु त यसको स्वभावै हो । पृथ्वी टुक्राटुक्रा भएमा पनि, पहाडहरु ढले पनि, शून्य आकाश फाटो तापनि तथा चन्द्रमा र सूर्य टुक्रा भएर झरेमा पनि हामीहरु सांसारिक काममा फँस्न सक्दैनौं । अब तपाईं हाम्रासामु नआउनुहोस् । तपाईं पाल्नु हुँदा केही विश्वास भएको थियो, तर अहिले थाहा हुन्छ कि तपाईं हाम्रो कुभलो चाहने हुनुहुन्छ ।"

त्यसपछि देवेन्द्रले उनीहरुलाई राजी गराउन नसके तापनि विनयपूर्वक हात जोरेर भने– "यदि तपाईं मेरो कुरा मान्न तयार हुनुहुन्न भने, यति मात्र गर्नुहोस् कि तापसी ऋतुमती र पुष्पवती भएपछि उनको नाइटोलाई आफ्नो दाहिने हातको औंलाले छुनुहोस् । यति मात्रले पनि उनलाई गर्भधारण हुनेछ । गर्भधारणको लागि यति मात्र पर्याप्त हुनेछ ।" "हो इन्द्र ! म यति त गर्न सक्छु । यसो गर्दैमा हामीहरुको तप भङ्ग हुने छैन ।" यति भनेर स्वीकार गरे ।

"त्यस बखत देवलोकमा एक पुण्यवान् देवपुत्र थिए । आफ्नो पुण्य सिद्धिएकोले त्यहाँ उसको आयु पनि सिद्धिंदैथियो । आफ्नो इच्छाअनुसार जहाँ सुकै ऊ जन्म ग्रहण गर्न समर्थ थियो । उसले इच्छा गरेको भए चक्रवर्ती राजाको कुलमा पनि ऊ जन्मन सक्थ्यो । देवेन्द्रले देवपुत्र भए ठाउँमा गएर भने– "सुन्नुहोस् मारिष ! तपाईंको भाग्य जाग्यो । तपाईंले निकै ठूलो सिद्धि पाउनुभयो । आज म तपाईंलाई एउटा सहायता गर्न चाहन्छु । तपाईंको जन्म निकै राम्रो ठाउँमा हुनेछ । निकै नै अनुकूल कुलमा तपाईं जन्मनु हुनेछ । असल आमाबाबुबाट तपाईंको पालनपोषण हुनेछ । मार्ष ! तपाईं मेरो कुरा मान्नुहोस् ।" दोस्रो र तेस्रो पटक पनि देवेन्द्रले हात जोरेर त्यस देवपुत्रसँग यसरी बिन्ती गरे ।"

त्यसपछि देवपुत्रले भने– "मार्ष ! त्यो कुनचाहिँ



Downloaded from http://www.dhamma.digital

कुल हो, जसको तपाईं बारम्बार यति प्रशंसा गर्दैहुनुहुन्छ ?" "दुकूल नामको तापस र पारिका नामको तापसी – यिनीहरुकै कुलको ।"

देवपुत्रले देवेन्द्रको कुरामा चित्त बुझाई स्वीकार गरे– "हुन्छ मार्ष ! तपाईंको जे इच्छा छ त्यही हुनेछ । मार्ष ! म तपाईंले भन्नुभएको कुलमा जन्म लिनेछु । कुन कुलमा जन्म लिऊ– अण्डज या जरायुज या संस्वेदज या औपपातिक (जसको जन्म आमा-बाबुको मिलनबेगर केवल मनःसङ्कल्प मात्रले हुन्छ) कुन कुलमा ?" "मार्ष ! तपाईं जरायुज योनिमा जन्म लिनुहोस् ।" त्यसपछि देवेन्द्रले उसको जन्मले दिनलाई गनेर दुकूल तापसलाई भने– "प(ल्लानो दिन तापसी ऋतुमती र पुष्पवती होलिन्, त्यसो हुँदा त्यस दिन तपाईंले उनको नाइटोमा आफ्नो दाहिने हातको औंलाले छुन होला ।" "महाराज ! ठीक सोही दिन तापसी ऋतुमती भइन् । देवपुत्र पनि उनको गर्भमा प्रतिसन्धि ग्रहण गर्न तैयार थिए । तापसले पनि तापसीको नाइटोलाई आफ्नो दाहिने हातको औंलाले छोइदिए । छुनेबित्तिकै तीनवटै काम भयो । नाइटोलाई छुँदा तापसीमा काम-राग उत्पन्न भएर आयो । किन्तु नाइटोलाई छुनु मैथुन थिएन । ख्यालठट्टा गर्नु, कुरा गर्नु, आँखा जुधाउनु, आपसमा स्पर्श गर्नु – यस्ता सबै कुराले गर्दा गर्भ रहन जान्छ ।"



४६. "महाराज ! मैथुन क्रिया नगरी यस प्रकारले पनि गर्भधारण हुन्छ । महाराज ! जसरी आगोले टाढा भएर पनि नछोइकनै नै कुनै चिसो वस्तुलाई तातोइदिन्छ, त्यसरी नै, मैथुन-धर्म सेवन नगरीकनै केवल छोएर मात्र पनि गर्भ रहन जान्छ ।"

४७. "महाराज ! यी चार कुराहरुले गर्भधारण हुन्छ– (१) आफ्नो कर्मको अधीन भएर, (२) योनिको प्रभावबाट, (३) कुलको कारणले (४) प्रार्थनाको वशमा परेर । तर सबै सत्व जीवहरुले कर्मको अनुसार नै जन्म लिन्छन् ।" "भन्ते ! कर्मको कारणले गर्दा जीवहरुको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! ज्यादै पुण्यवान्, मानिसहरु क्षत्रिय, ब्राह्मण, गृहपति, देवता, अण्डज, जरायुज, संस्वेदज अथवा औपपतिक – जुन कुलमा जन्म लिन चाहन्छन्, त्यसैमा लिन सक्छन् । महाराज ! जसरी कुनै ठूला धनी मानिस, जोसँग थुप्रै सुन चाँदी छ, प्रशस्त सम्पत्ति छ र जसका आफन्त पनि धेरै छन्, दास दासी, खेत, गाउँ, नगर वा जिल्ला, जोसुकै लिन चाहेमा दोब्बर तेब्बर धन दिएर पनि किन्न सक्छ । त्यसरी नै, धेरै पुण्यवान् मानिसहरु जुन कुलमा जन्म लिन चाहन्छन्, त्यसैमा लिन सक्छन् । यसरी नै, कर्मले गर्दा जीवहरुको गर्भधारण हुन्छ ।" (क)

४८. "योनिको प्रभावबाट जीवहरुको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! कुखुरालाई हावा चल्नाले, बकुल्लालाई बादल गर्जनाले पनि गर्भ रहन जान्छ । देवताहरु गर्भाशयममा जन्म ग्रहण गर्दैनन् । अन्य जीवहरुको जन्म विभिन्न प्रकारले हुन्छ । जसरी महाराज ! भिन्न-भिन्न मानिसहरुको भिन्न-भिन्न प्रकारको ढाँचाकाँचा छ– कोही अगाडि, कोही पछाडि लुगा लगाउँछन्, कोही नाङ्गै डुल्छन्, कोही शिर खौराएर सेतो लुगा लगाउँछन्, कोही फेटा बाँध्छन्, कसैले शिर खौराएर गेरुवा लुगा (काषायवस्त्र=प्रव्रजितले लगाउने वसत्र) लगाउँछन्, कोही जटा बढाउँछन् र वल्कल (वृक्षको बोक्राद्वारा बनेको पोसाक) धारण गर्दछन्; कोही छोलाको लुगा लगाउँछन्, कोही मोटो कपडा लगा(उँछन्– त्यस्तै गरी भिन्न-भिन्न जीवहरु अनेक प्रकारले गर्भधारण गर्दछन् । यसरी नै योनिको प्रभावले जीवहरुको गर्भ धारण हुन्छ ।" (ख)

४९. "प्रार्थनाको प्रभावबाट जीवहरुको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! अण्डज, जरायुज, संस्वेदज र औपपातिकको भेदअनुसार चारवटा कुल हुन्छन् । आ-आफ्ना कर्मअनुसार जीवहरुले ती-ती कुलमा जन्म



Downloaded from http://www.dhamma.digital


लिन्छन् । ती कुलहरुमा उनीहरु जस्तै नै जीवहरु उत्पन्न हुन्छन् । जसरी जति पशु वा पंक्षीहरु हिमालयको सुमेरु पर्वतमा पुग्छन्, ती सबै आ-आफ्ना रङलाई छोडेर सुनौलो रङका हुन जान्दछन् । त्यसरी नै जीवहरु जुन-जुन ठाउँबाट आएर कुन कुलमा उत्पन्न हुन्छन् तिनीहरुजस्तै हुन्छन् । यसरी नै, कुलको कारणले जीवहरुको जन्म हुन्छ ।" (ग)



५०. "प्रार्थनाको प्रभावबाट जीवहरुको गर्भधारण कसरी हुन्छ ?" "महाराज ! कुनै कुनै कुल निपूतो (सन्तान-हीन) हुन्छ । त्यस कुलमा प्रशस्त सम्पत्ति हुन्छ । कुलका सदस्यहरु श्रद्धाप्रसन्न, शीलवान कल्याणधर्मपरायण र तपःपरायण हुन्छन् । त्यस बेला कुनै देवपुत्र आफ्नो पुण्य क्षीण हुनाले देवलोकबाट च्युत हुने हुन्छ । त्यसपछि देवेन्द्रले त्यस कुलप्रति माया गरेर त्यस देवपुत्रसित प्रार्थना गर्छन्– 'हे मार्ष ! तपाईं फलानो कुलमा जन्म लिनुहोस् ।' त्यस देवपुत्रले देवेन्द्रको प्रार्थनालाई स्वीकार गरेर सोही कुलमा जन्म लिन्छन् । महाराज ! जसरी पुण्यको चाहना गर्ने मानिसले कुनै शीलवान् भिक्षुलाई बिन्तीभाउ गरेर आफ्नो घरमा यस निम्ति लैजान्छन् कि उनी आउनाले कुलको कल्याण हुनेछ, यसै गरी इन्द्रले ती देवपुत्रलाई प्रार्थना गरेर त्यस कुलमा लैजान्छन् । यसरी प्रार्थनाको प्रभावबाट पनि जीवहरुको गर्भधारण हुन्छ ।" (घ)

५१. "महाराज ! देवेन्द्रद्वारा प्रार्थना गरिएपछि साम कुमारले पारिका तापसीको कोखमा जन्म ग्रहण गरे । महाराज ! साम कुमार बडो पुण्यवान् थिए । उनको आमाबाबु पनि निकै शीलवान् र कल्याणकारक थिए । त्यसमाथि पनि प्रार्थना गर्ने स्वयं देवेन्द्रजस्तो योग्य व्यक्ति थियो । यी तीनैको हित चित्त प्रणिधि (प्रार्थना) मिल्नाले साम कुमारको जन्म भयो । महाराज ! कुनै सिपालु मानिसले राम्ररी तयार पारिएको खेतमा बीउ रोपोस् । यदि बीउमा कुनै खोट छैन भने के त्यो बीउ बढ्ने काममा कुनै अडकाउ होला ?" "अहँ, भन्ते ! कुनै रोकावट नभएमा बीउ अवश्य चाँडो बढ्ने छ ।" "महाराज ! यसरी नै, कुनै पनि बाधा नरहनाले र तीनवटैको चित्त प्रणिधिले गर्दा साम कुमारले जन्म लिए ।"


५२. "महाराज ! के तपाईंले पहिले सुन्नुभएको छ कि ऋषिहरुको मनमा रिस उत्पन्न भएपछि रमणीय तथा शोभायुक्त देश पनि नष्ट हुन्छ ?" "हो भन्ते ! यस्तो सुनिन्छ कि दण्डकारण्य, मेध्यारण्य, कालिङ्गारण्य र मातङ्गारण्य यी सबै पहिला मानिसहरुको शोभायुक्त नगर थिए, जो ऋषिहरुको श्रापबाटै जङ्गल भए ।" "महाराज ! यदि ती ऋषिहरुले रिस गर्दा नगरका नगर जङ्गल भइदिन्छन् भने के उनीहरु खुसी भएमा कुनै राम्रो कुरो हुन सक्दैन ?" "हो भन्ते ! अवश्य हुन सक्छ ।" "महाराज ! त यसरी तीन महाबलशाली व्यक्तिहरुको मन मिल्नाले साम कुमारको जन्म भयो । ऋषिको निमित्तले, देवताको निमित्तले र पुण्यको निमित्तले साम कुमारले जन्म लिए । महाराज ! यसलाई यस्तै सम्झनुहोस् । महाराज ! तीन देवपुत्रहरु



देवेन्द्रले प्रार्थना गर्दा शुभ कुलमा उत्पन्न भए । ती तीन को-को हुन् ? (१) साम कुमार, (२) महापनाद र (३) कुश राजा । यी तीनै बोधिसत्व हुन् ।"



Downloaded from http://www.dhamma.digital



# विशुद्धिमार्ग के हो ?

अनुवादक : भिक्षु सम्यकसम्बोधि 'प्राणपुत्र'



विशुद्ध= सब मलरहित, अत्यन्त परिशुद्ध निर्वाण भनेर जान्नुपर्दछ। त्यस विशुद्धिको मार्ग नै विशुद्धिमार्ग हो। निर्वाणको प्राप्तिको उपायलाई मार्ग भनिएको छ। त्यस विशुद्धिमार्गलाई बताउँदछु भन्ने अर्थ हो।

(१) त्यो विशुद्धिमार्गको व्याख्या कतै विपश्यना कै दृष्टिकोणले गरिएको छ। जस्तै – धम्मपद (२७७) अनुसार भनिएको छ–

**सब्बे संखारा अनिच्चा ति यथा पञ्ञाय पस्सति।**
**अथ निब्बिन्दति दुक्खे एस मग्गो विसुद्धिया॥**

(सबै संस्कार अनित्य छन्– यसरी जब प्रज्ञाले देख्दछ, तब सबै दुःखबाट निर्वेद (विराग) प्राप्त हुन्छ– यही नै विशुद्धिको मार्ग हो।)

२. कतै ध्यान र प्रज्ञाको दृष्टिकोणले। जस्तै – धम्मपद (३७२) अनुसार भनिएको छ–

**यम्हि झानञ्च पञ्ञा च स वे निब्बान सन्तिके॥**

(जसमा ध्यान र प्रज्ञा छन्, ऊ नै निर्वाणको नजिक हुन्छ।

३. कतै कर्म आदिको दृष्टिकोणले। जस्तै – मज्झिम निकाय (३,५,१), संयुक्त निकाय (२,२,१०) अनुसार भनिएको छ–

**कम्मं विज्जा च धम्मो च सीलं जीवितमुत्तमं।**
**एतेन मच्चा सुज्झन्ति न गोत्तेन धनेन वा॥**

(कर्म, विद्या, धर्म, शील र उत्तम जीविका – यिनबाट प्राणी शुद्ध हुन्छ, न कि गोत्रले या धनले।)

४. कतै शील आदिको दृष्टिकोणले। जस्तै – संयुक्त निकाय (२,२,५) अनुसार भनिएको छ–

**सब्बदा सील सम्पन्नो पञ्ञवा सुसमाहितो।**
**आरद्धविरियो पहितत्तो ओघं तरति दुत्तरं।**

(सर्वदा शीलयुक्त रहने, प्रज्ञावान्, एकाग्रचित्त, उत्साही र संयमी व्यक्ति कठिनाइले मात्र पार गर्न सकिने काम, भव, दृष्टि, अविद्या आदि ओघ (बाढी) बाट पार तर्दछ।)

५. कतै स्मृतिप्रस्थान आदिको दृष्टिकोणले। जस्तै – दीघनिकाय (२,९) मज्झिम निकाय (१,१,१०) अनुसार भनिएको छ–

भिक्षुहरु, यो जुन चार स्मृतिप्रस्थान छन्, ती प्राणीहरुका विशुद्धिका लागि, शोक, विलाप समतिक्रमणको लागि, दुःख दौर्मनस्य शान्त गर्नको लागि, आर्यमार्ग प्राप्त गर्नको लागि, निर्वाण साक्षात्कार गर्नका लागि एउटै मात्र मार्ग हुन्।

सम्यक प्रधान आदिमा पनि यसैप्रकारले। जस्तै– (१) अनुत्पन्न अकुशलहरु उत्पन्न नगर्न, (२) उत्पन्न अकुशलहरु प्रहाण गर्न, (३) अनुत्पन्न कुशलहरु उत्पन्न गर्न, (४) उत्पनन कुशलहरु चिर स्थायी गर्नको लागि गरिने प्रयत्न, उद्योग, वीर्य आदि।

तर यस प्रश्नोत्तरमा शील आदिको दृष्टिकोणले बताइएको छ। त्यसको संक्षिप्त व्याख्या निम्नप्रकार छः–

सीले पतिट्ठाय = शीलमा उभिएर। शीललाई राम्ररी पालन गर्नेलाई नै शीलमा उभिएको भनिन्छ। त्यसैले शीलको परिपूर्णताद्वारा शीलमा उभिएर भन्ने अर्थ हो। नरो = सत्व (प्राणी)। सपञ्ञो = कर्मद्वारा उत्पन्न हुने अलोभ, अदोष, अमोह आदि त्रिहेतुक प्रतिसन्धि (पुनर्जन्मको प्रथमचित्त) को प्रज्ञायुक्त प्रज्ञावान्। चित्तं पञ्ञञ्च भावयं = समाधिं र विपश्यनाको भावना गर्दै। चित्त शब्दले यहाँ समाधि निर्दिष्ट भएको छ र प्रज्ञा शब्दले विपश्यना। आतापी = वीर्यवान्। वीर्य नै क्लेशहरुलाई तपाउने, पोल्नेको अर्थमा 'आताप' भनिन्छ। त्यो (योगी) वीर्यवान् छ, यसैले ऊ आतापी (वीर्यवान्, उद्योगी)



Downloaded from http://www.dhamma.digital

हो । निपको= नैपक्व (प्रज्ञाले युक्त) । यस शब्दद्वारा कर्मस्थान (ध्यान) लाई परिपूर्ण गर्नमा लागेको परिहार्य प्रज्ञा देखाइएको छ ।

यस प्रश्नोत्तरमा प्रज्ञा शब्द तीन पटक आएको छ । पहिलो जाति (जन्मबाट उत्पन्न) प्रज्ञा, दोस्रो विपश्यना प्रज्ञा, तेस्रो हिंडने, उठ्ने, बस्ने आदि सबै कामहरुलाई पूर्ण गर्ने परिहार्य प्रज्ञा ।

संसारमा भय देख्दछ, अतः भिक्खु हो । ऊ यस शीलद्वारा, यस चित्तद्वारा, निर्दिष्ट समाधिद्वारा, यी तीन प्रकारका प्रज्ञाद्वारा र यस वीर्यद्वारा, यी ६ गुणयुक्त भिक्षु । सो इमं विजटये जटं = उसले यस जटालाई सुल्झाउन सक्दछ । जसरी मानिस पृथ्वीमा उभिएर राम्ररी सान लगाएर, धारिलो बनाएको हतियार उठाएर, ठूलो बाँसको झ्याङ्गलाई काट्दछ, यसरी नै शीलरूपी पृथ्वीमा उभिएर, समाधिरूपी ढुङ्गामा सान लगाएर, धारिलो बनाएको विपश्यनाको प्रज्ञारूपी हतियारलाई वीर्य र बलद्वारा पकडेर, परिहार्य प्रज्ञाको हातद्वारा उठाएर, आफूभित्र दबिएका ती सब तृष्णाको जटालाई सुल्झाउँछ, टुक्राटुक्रा गरिदिन्छ, काटेर झारिदिन्छ । मार्ग प्राप्तिको क्षणमा नै भिक्षु त्यस जटालाई सुल्झाउँदछ । फल प्राप्ति भएको क्षण जटारहित भएर ऊ देवताहरुको साथै सारा लोकको अग्रदक्षिणेय (सबैभन्दा पहिले दान पाउनयोग्य) हुन्छ ।

यसैले भगवान्ले भन्नुभएको छ–

**सीले पट्ठिाय नरो सपञ्ञो चित्तं पञ्ञञ्च भावयं ।**
**आतापी निपको भिक्खु सो इमं विजटये जटं ॥**

यो जुन प्रज्ञाद्वारा सपञ्ञो भनिएको छ, त्यसको लागि अलग केही पनि गर्नुपर्दैन । किनकि पूर्वजन्ममा गरिएको कर्मको आनुभावद्वारा नै उसलाई प्राप्त हुन्छ । आतापी निपको = यसमा बताएको वीर्यद्वारा सततः परिश्रम गरेर, प्रज्ञाद्वारा होश सम्हालेर, शीलमा प्रतिष्ठित भएर, चित्त र प्रज्ञाअनुसार बताइएको समथ र विपश्यना भावना गर्नुपर्दछ । भगवान्ले शील, समाधि, प्रज्ञालाई यहाँ विशुद्धिमार्ग बताउनुभएको छ । यहाँसम्म–

(१) तीन शिक्षाहरु, (२) तीन प्रकारको कल्याणकारी धर्म (शासन), (३) त्रिविद्य (तीन विद्या) आदिको उपनिश्रय (प्रधान कारण), (४) दुई अन्त्यको त्याग, (मध्यम प्रतिपदा बीचको मार्ग) को सेवन, (५) अपाय आदिबाट मुक्ति पाउने उपाय, (६) तीन प्रकारले क्लेशको प्रहाण, (७) शिक्षापदको उल्लंघन आदिको प्रतिपक्ष (विरोध), (८) तीनै संक्लेशहरुको विशोधन र (९) स्रोतापन्न आदि मार्गफल पाउने साधन बताइएको छ ।

कसरी ? यहाँ शीलद्वारा अधिशील शिक्षा, समाधिद्वारा अधिचित्त शिक्षा र प्रज्ञाद्वारा अधिप्रज्ञा शिक्षा बताइएको छ ।

शीलबाट धर्म (शासन) को आरम्भमा कल्याणकारी हुने बताइएको छ। संयुक्त निकाय (४७,७,२) को वचनाअनुसार "कुशल धर्मको प्रमाणको लागि धम्मपद (१८३) को गाथा प्रस्तुत गर्न सकिन्छ । जस्तै–

**सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।**
**सचित्त परियोदपनं एतं बुद्धानुसासन ॥**

(नगर्नु सबै पापहरु, गर्नु कुशल सञ्चय, चित्त शुद्ध गर्दै लानु यही बुद्धहरुका शिक्षा)

कुशल धर्मको आरम्भ के हो ? – सुविशुद्ध शील । 'नगर्नु सबै पापहरु' शील धर्मको आरम्भ हो र त्यो पनि आफूले गरेको कर्मलाई याद गरेर पश्चाताप नगर्ने आदि गुणहरु प्राप्त हुने कारणले कल्याणकारी छ । समाधि मध्यमा कल्याणकारी हुने भनिएको छ । "कुशल (पुण्य) को सञ्चय गर्नु" आदि वचनले समाधि धर्मको मध्य हो, त्यो पनि ऋद्धिविध आदि गुणहरुलाई प्राप्त हुने कारणले कल्याणकारी छ । प्रज्ञा अन्तमा कल्याणकारी हुने बताइएको छ। "चित्त शुद्ध गर्दै लानु यही बुद्धहरुका शिक्षा (शासन) हो" यस वचनले, प्रज्ञा सबैभन्दा ठूलो भएको कारण, प्रज्ञा नै शासन (धर्म) को अन्तिम हो र त्यो प्रिय, अप्रिय (आलम्बनहरु) मा एकसमान हुनाले कल्याणकारी छ। जस्तै– धम्मपद (८१) अनुसार भनिएको छ–

**सेलो यथा एकघनो वातेन न समीरति ।**
**एवं निन्दा पसंसासु न समिञ्जन्ति पण्डिता ॥**

(जसरी ठोस पर्वत वायुद्वारा कम्पन हुँदैन, त्यसरी नै पण्डित निन्दा र प्रशंसाद्वारा विचलित हुँदैन)

त्यसरी नै, शील तीनै विद्याहरुको प्राप्तिको उपनिश्रय (प्रधान कारण) बताइएको छ । भिक्षु शील सम्पत्तिको सहाराले तीनै विद्याहरुलाई प्राप्त गर्दछ, त्यसभन्दा अगाडि होइन। समाधि ६ अभिज्ञाहरुको प्राप्तिको प्रधान कारण बताइएको छ । समाधिले सम्पत्तिहरुको सहाराले ६ अभिज्ञाहरुको प्राप्ति हुन्छ, त्यसभन्दा अगाडि होइन । प्रज्ञा अर्थ, धर्म, निरुक्ति, प्रतिभान यी चार प्रतिसम्भिदाका भेदहरुको प्राप्तिको साधन बताइएको छ। प्रज्ञाले समपत्तिले सहाराले चारैवटा प्रतिसम्भिदाहरुलाई



Downloaded from http://www.dhamma.digital

प्राप्त गर्दछ, न कि कुनै अन्य साधनद्वारा ।

शील कामसुखमा लिप्त हुने तृष्णाको अन्त गर्ने त्याग भनिएको छ, समाधि आफूलाई पीडा दिनमा लागिरहने अत्तकिलमथानुयोग अन्त गर्ने त्याग र प्रज्ञा मध्यम प्रतिपदालाई ग्रहण गर्ने साधन बताइएको छ । त्यसरी नै शील नरक, प्रेत, असुर, पशुपंक्षी आदि अपायबाट छुटकारा पाउने उपाय भनिएको छ । समाधि कामधातुको अतिक्रमणको उपाय र प्रज्ञा सारा काम, रुप, अरुप आदि भवहरुलाई नाघेर जाने उपाय भनिएको छ ।

शील तदंग प्रहाणको रुपमा क्लशेहरुको प्रहाण (त्याग) भनिएको छ। समाधि विक्कम्भन (दबाउनु) प्रहाण र प्रज्ञा समुच्छेद प्रहाण भनिएको छ ।

त्यसरी नै, शील क्लेशहरुको दमन र विरोध, समाधि बारम्बार उत्पन्न भएर आउने क्लेशहरुको विरोध र प्रज्ञा कामराग, प्रतिघ, मिथ्यादृष्टि, शंका, मान भवराग, अविद्या आदि सात अनुशयको विरोध भनिएको छ ।

शील दुराचारको खराबीहरुको विशोधन (दूरीकरण) भनिएको छ । समाधि तृष्णाको संक्लेश (खराबी) को विशोधन र प्रज्ञा दृष्टिको संक्लेशको विशोधन भनिएको छ ।

त्यसरी नै शील स्रोतापन्न, सकृदागामी हुने साधन बताइएको छ । समाधि अनागामी हुने र प्रज्ञा अरहन्त हुने साधन बताइएका छन् । अंगुत्तर निकाय (१,२१४-२१५) अनुसार भनिएको छ कि स्रोतापन्न र सकृदागामी चरणहरु शीलहरुलाई परिपूर्ण गर्ने हुन्छन् । अनागामी चरण समाधिलाई परिपूर्ण गर्ने हुन्छ र अर्हत् प्रज्ञालाई परिपूर्ण गर्ने हुन्छ ।

यसप्रकार यहाँसम्म, तीन शिक्षाहरु, तीन प्रकारले कल्याणकर धर्म, त्रिविध आदिको उपनिश्रय, दुई अन्तको त्याग, मध्यम प्रतिपत्तिको सेवन, अपाय आदिबाट छुटकारा पाउने उपाय, तीन प्रकारले क्लेशहरुको प्रहाण, शिक्षापदको उल्लंघन आदिको विरोध, तीनैवटा संक्लेशहरुको विशोधन र स्रोतापन्न आदि (मार्गफल) पाउने साधन – यी नौ र अन्य तीन कुशल मूल, यस प्रकारका तीन गुणहरुद्वारायुक्त धेरै धर्म बताइएका छन् ।

यस्ता अनेक गुणहरुयुक्त शील, समाधि, प्रज्ञाको रुपमा देशना गरिएको यो विशुद्धिमार्ग अति संक्षेपमा नै प्रस्तुत गरिएको छ । यसैले, 'सबैको उपकारको लागि पर्याप्त छैन' भनी सोचेर यसको विस्तृत वर्णन गर्नको लागि, पहिले शीलको सम्बन्धमा यी प्रश्न गरिएका छन्–

(१) शील के हो ? (२) शीलको अर्थ के हो ? (३) यसका लक्षण, रस (कृत्य), प्रत्युपस्थान (जान्ने आकार), पदस्थान (प्रत्यय-सामीप्य कारण) के हुन् ? (४) शीलको गुण के हो ? (५) शील कति प्रकारका छन् ? (६) यसको मल (संक्लेश) के हो ? (७) यसको विशुद्धि के हो ?


## लेखक एवं पाठक–ग्राहकवर्गहरुमा मैत्रीपूर्ण अपिल

- त्रि-बोधिरस बौद्ध मासिक पत्रिकाको लागि नेपाली, नेपालभाषा, तथा अंग्रेजीमा महत्वपूर्ण लेख, रचनाहरू समयमै अनुकूल माध्यमबाट सम्प्रेषण गर्नुभई पत्रिका प्रकाशन तथा शासनिक कार्यमा सहयोग गर्नुहोला । प्रेषित लेख रचनाहरूलाई समय सापेक्ष पत्रिकामा उचित स्थान दिइनेछ ।
- समयोचित समयसापेक्ष लेखक वर्गहरूले बुद्ध-बुद्धधर्म, मानवीय गुण-धर्म-कर्म अभिवृद्धि, नैतिक शिक्षा, ध्यान-ज्ञान तथा बौद्ध लेख-रचना, साहित्य-कला, प्रेरक प्रसङ्ग, कथा, कविता, बौद्ध चिन्तन, बौद्ध गतिविधि, अनुसन्धानात्मक तथा सृजनात्मक लेख रचनाहरू संप्रेषण गरि सहयोग गर्नुहोला । **विपश्यना ध्यान सम्बन्धि लेख-रचनाहरूलाई विशेष प्राथमिकता दिई प्रकाशित गरिनेछ ।**
- यस पत्रिकामा प्रकाशित हुने लेख-रचनाहरूको सम्पूर्ण जिम्मेवारी लेखक स्वयं कै हुने जानकारी दिन चाहन्छौं ।
- लेख-रचनाहरू समयमै प्रकाशन तथा प्रेषित गर्ने साथै सर-सल्लाह एवं सुझावका लागि निम्न ठेगानामा सम्पर्क राख्न सक्नु हुनेछ ।

Facebook page : Tribodhirasabuddhistmonthly
Email: tribodhirasa@gmail.com, pashavimalo@gmail. com

- यस बौद्ध मासिक पत्रिकाको वार्षिक ग्राहक, आजीवन सदस्य, विशेष सदस्य, संरक्षक तथा आर्थिक एवं भौतिक सहयोग र समय सापेक्ष मासिक अंक प्रायोजन गरी सहयोग गर्न सक्नु हुनेछ ।
- संघ-संस्था, उद्योगपति, व्यापार व्यवसायवर्गहरूबाट विज्ञापन दाता बन्नु भई आफ्नो व्यापार व्यवसायको प्रचार प्रसार तथा बुद्धशासनप्रतिको श्रद्धा प्रस्फुत गरी **त्रि-बोधिरस** बौद्ध मासिक पत्रिका निरन्तरताको लागि मैत्रीपूर्ण सहयोग गर्नु होला ।
- त्रि-बोधिरस बौद्ध मासिक पत्रिकाको निरन्तरता र गुणस्तरताको लागि सम्बद्ध क्षेत्रबाट रचनात्मक सहयोग, सल्लाह सुझाव तथा समालोचनाको अपेक्षा लिएका छौं । साधुवाद

– **त्रि-बोधिरस बौद्ध मासिक पत्रिका**




Downloaded from http://www.dhamma.digital



# बुद्धका नौ गुण

बसन्त महर्जन

गौतम बुद्ध (इ.पू. ५६३-४८३) का बारेमा जान्न बुझ्न चाहने प्रशस्तै छन् भन्ने कुराको प्रमाण वर्तमान विश्वमा यसबारेमा खोजीनीति गर्नेहरूको संख्या बढ्दै रहनु हो । स्वयं बुद्धले जसले धर्म बुझ्छ, त्यसले म (बुद्ध)लाई जान्छ र जसले म(बुद्ध)लाई जान्छ, त्यसले धर्मलाई जान्छ भनेबाट बुद्ध र धर्मलाई बुझ्ने अनेक उपाय छन् भन्ने बुझ्न सकिन्छ । यसको अर्थ हो- आ-आफ्नो रुचि र क्षमताअनुसार अभ्यास गरी बुद्ध र धर्मलाई जान्न सकिन्छ । एक भिक्षु थिए, बुद्धको तेजिलो र सुन्दर अनुहारबाट मोहित भएर दृष्यपानको मौका छोप्न प्रव्रजित भई भिक्षु बन्न आएका। बुद्धको सम्मुखमा बस्ने भए पनि धर्म लाभ नभएको प्रसंगबाट बुझ्न सकिने अर्को कुरा हो, कहाँ जन्मेको, कहिले जन्मेको, आमाबाबु को हो, के खान्छन्, के खाँदैनन् जस्ता भौतिक कुराको जानकारीले मात्रै बुद्धलाई जान्न सकिन्न । यही भएर मुख्य कुरा उनको उपदेश हो, उपदेशमा ध्यान देउ भनी बुझ्नेहरूले भन्ने गरेको ।



बौद्धहरु गौतम बुद्धमा असीम श्रद्धा राख्छन्। तर, भक्ति होइन। भक्तिभावको संस्कृतिमा हुर्केकाले श्रद्धालाई पनि भक्ति नै देख्नु बेग्लै कुरा हो। श्रद्धा र भक्ति उही होइन। करुणा राखी जसले महत्वपूर्ण उपदेश दिए र त्यो उपदेशबाट आफूलाई धेरै राम्रो भएको अनुभव भयो भने त्यहाँ श्रद्धा उत्पन्न हुन्छ । बुद्धको मूर्ति छेउमा दुई हात जोडी नमस्कार गर्दा बौद्धहरू मूर्तिलाई साक्षात् बुद्ध ठान्दैनन् बरु त्यसलाई आलम्बन बनाएर बुद्धका उपदेशहरू सम्झन्छन् र बुद्ध गुणलाई मनन गर्छन् । उपदेश त उपदेश नै भयो, विभिन्न ग्रन्थमा संग्रहित छन् र मान्छेहरू सोहीअनुसार जीवनमा उतार्ने अभ्यास गर्छन् । बुद्ध गुण भनेको के हो त ? भन्ने प्रश्न पनि आउँछ । बौद्धहरू त्रिरत्न (बुद्ध, धर्म र संघ)को वन्दना गर्छन् र यस क्रममा बुद्ध वन्दना गर्दा आ-आफ्नो भाषा र परम्परा तथा तौरतरिकाअनुसार अलि फरक भए पनि मुख्यतः बुद्धलाई नमस्कार गर्ने, गुणानुस्मरण गर्ने गर्छन् । यस क्रममा पालि भाषा प्रयोग गर्ने थेरवादी बौद्धहरू सर्वप्रथमतः 'नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स' भनी नमस्कार गर्छन् । यसरी नै त्यसपछि 'इतिपिसो भगवा अरहं सम्मासम्बुद्धो, विज्जाचरणसम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्मसारथी, सत्था देवमनुस्सानं, बुद्धो भगवा'ति भन्छन्' यसैभित्र निहित छ, बुद्धका नौ वटा गुण। यहाँ पालि सन्दर्भमा बुद्धका नौ गुणका बारेमा चर्चा गरिन्छ।

भंग राग, भंग द्वेष, भंग मोह, राग आदि हटाई सकेका, द्वेष नामको क्लेशलाई पनि जडदेखि नै उखलेर बारबार जन्माउने तृष्णारूपी गृहकार र अविद्यारूपी अन्धकारलाई हटाइसकेकाले उनलाई 'भगवान' भनिएको बौद्ध मान्यता छ ।

'इतिपिसो भगवा अरहं' को शाब्दिक अर्थ 'उहाँ भगवान अर्हत' हो। 'अरहं' शब्दले बौद्ध दार्शनिक क्षेत्रमा


यो व्यक्तिको स्वयं सोच नै हुन्छ जो त्यस खराबी तिर लैजान्छ कि उस्को दुश्मन । - भगवान् बुद्ध


Downloaded from http://www.dhamma.digital

ठूलो महत्व राख्छ । अरहं’को शाब्दिक अर्थ गर्ने हो भने, ‘अ’ भनेको न र ‘रहं’ भनेको गुप्त एकान्त स्थानमा पनि कुनै पाप, अकुशल नचिताउने, कुनै, कसै, कोहीसँग पनि तुलना गर्न नहुने अतुलनीय रूप, वर्ण, होस् अथवा शील, समाधि, प्रज्ञा अनन्तो अनन्त हुने सत्व बुझ्नु पर्छ। यस अवस्थामा प्राणी फेरि फेरि जन्म लिनु नपर्ने गरी जन्ममरणको चक्रबाट मुक्त भइसकेको हुन्छ । यस्तो गुणले सम्पन्न हुनु भनेको भगवान हुनु हो । यस्तै, अरि भन्नाले शत्रुको अर्थ पनि लाग्छ । क्लेश, लोभ, मोह, द्वेष, रागरूपी शत्रुहरूलाई ‘हन्त’ अर्थात् अन्त्य गरिसकेको हुनाले ‘अर्हत्’ पनि भनिन्छ, जसले ‘अर्हत्व’ प्राप्त गरेको हुन्छ । बौद्ध दर्शनभित्रको हिनयानी परम्परामा ‘अर्हत्व’ प्राप्ति नै मुख्य आदर्श हो ।

‘सम्मासम्बुद्ध’ भनेको सम्यक्सम्बुद्ध हो । अर्हत् हुने क्षमता राखेर पनि अन्य प्राणीप्रति करुणा राखी उनीहरूको कल्याणार्थ ‘बोधिसत्व’ मार्गतिर लाग्ने र प्रत्येक जन्म अरुका लागि समर्पित हुनु बोधिसत्व मार्ग हो । बोधिसत्वको कामलाई ‘बोधिचर्या’ भनिन्छ । यो अत्यन्तै कठिन कार्य हो तर, महाकरुणाको भाव जगाउने हो भने यो सम्भव भएको बौद्ध दृष्टान्त छ। यो मार्गबाट पुण्यलाभ गर्दै अन्ततः सम्यकसम्बुद्ध हुने अनेकौ बुद्धमा एक लुम्बिनी वनमा माता मायादेवीको कोखबाट जन्मेको गौतम बुद्ध पनि हुन् ।

‘विज्जाचरणसम्पन्नो’ अर्थात्, विद्या र आचरणले सम्पन्न। यो भनेको तीन विद्या, आठ विद्या र पन्ध्र प्रकारका आचरणले परिपूर्ण हुनु हो । तीन विद्या भन्नाले पूर्वजन्महरूलाई देख्न सक्ने ज्ञान ‘पुब्बेनिवासनुस्सति’, टाढा नजिक तथा अति शुक्ष्म र छोपिएको कुरालाई पनि देख्न सक्ने ज्ञान ‘दिब्बचक्खु’ र आश्रव क्षयसम्बन्धी ज्ञान ‘आसवखय’ हो । यहाँ आश्रव क्षय ज्ञान भन्नाले काम, भव, दृष्टि तथा अविद्यासम्बन्धी आश्रव भनेर बुझ्नुपर्छ ।

यसरी नै आठ विद्या भन्नाले ‘पुब्बेनिवासनुस्सति, दिब्बचक्खु, आसवखय, दिब्बसोत, इद्धिविद, चेतोपरिय, मनोमयिद्धि र विपस्सना हो। यसअनुसार दिव्यस्रोत भन्नाले टाढा नजिक भएका सबै प्राणीको भाषालाई आफ्नै कानले सुन्न सक्ने ज्ञान हो भने ऋद्धिविद् ज्ञान भनेको साधारणतया अचम्म लाग्ने, अलौकिक प्रतीत हुने शक्ति हो, जसलाई ऋद्धि प्रातिहार्य पनि भनिन्छ । चेतोपरिय ज्ञान भनेको अरूको चित्त विचार मनलाई जान्न सक्ने



ज्ञान हो । यसरी नै ‘मनोमयिद्धि ज्ञान’ भनेको मनको ऋद्धि, सिद्धि, शक्तिले आफ्नो इच्छाअनुसार चिताएको परि पूर्ति गर्न सक्ने ज्ञानसम्बन्धी विद्या हो। ‘विपस्सना ज्ञान’ भनेको प्रज्ञप्तिलाई हटाएर परमार्थ स्वभाव धर्म (नाम, रूप अर्थात् पंचस्कन्धको सोभाव धर्म) लाई जान्न देख्न सक्ने विद्या। यसअन्तर्गत दुःख, अनित्य, अनात्म देख्ने विद्या पनि पर्छ ।

आचरणका सम्बन्धमा पन्ध्र प्रकारका आचरणले सम्पन्न भनिएको छ । यसअनुसार सीलसम्बर (शील सदाचारलाई राम्रोसँग सुरक्षा गर्ने), इन्द्रियसंवर (चक्षु श्रोत, घ्राण, जिह्वा, काय, मन इन्द्रियहरूलाई सम्यके ढंगले सुरक्षा गर्ने), भोजनेमत्तञ्ञुता (आहार भोजनमा संयम गर्ने अर्थात् भोजनको मात्रा थाहा हुने), जागरियानुयोग (अति जागरिलोपन हुने), श्रद्धा (त्रिरत्न, कर्म र कर्मको फलमा दह्रिलो विश्वास राख्ने), सति (स्मृति र सद्धर्ममा सधैं सजगभई होस् पुऱ्याई रहने स्मृतिवान), बहुसच्च (बहुश्रुत), वीर्य (उत्साह,जोशका साथ कुशल कर्महरू प्रति अल्छी नमानी प्रयत्नशील हुने) प्रज्ञा ज्ञान (देख्नु, सुन्नु, बोल्नु, जान्नु पर्ने सीप विद्यामा पारंगत हुने), अकुशल कर्म गर्नमा लजाउने, ओत्तप्प (नराम्रो कर्म गर्नमा भय मान्ने, डराउने), प्रथम ध्यानअनुसार आचरण गर्ने),



Downloaded from http://www.dhamma.digital

द्वितीय ध्यानअनुसार आचरण गर्ने, तृतीय ध्यानअनुसार आचरण गर्ने र चतुर्थ ध्यान अनुसार आचरण गर्ने गरी पन्ध्र प्रकारका आचरणलेल सम्पन्न भनिएको हो । यसरी नै गौतम बुद्धलाई 'सुगतो' पनि भनिएको छ। सही, सत्य र हित कल्याणका कुरा मात्र व्याख्या गरी आफू स्वयं निर्वाणतर्फ लागि सकेका हुनाले सुगतो भनिएको हो ।

बुद्धको अर्को गुण 'लोकविदू' पनि हो अर्थात् लोकका ज्ञाता। तीन वटै लोकलाई जानिसकेको हुनाले उनलाई लोकका ज्ञाता भनिएको । तीन लोक भन्नाले पहिलोमा 'ओकाशलोक' आउँछ, जसमा पृथ्वी, जल, वायु, अग्नि, चार उपादाय वर्ण, गन्ध, रस्स, ओज, (शक्ति, पोस्टिक) गरी चार जोडा जम्मा अट्ठ कलाप (अष्टकलाप) अविनि भौतिक रूपले निजी संसार बन्न आउछ। यी अविनि भौतिक रूप निजी संसारलाई नै ओकाशलोक भनिन्छ। दोस्रो सत्वलोक हो । सत्वप्राणीहरू (अष्टकलाप) भौतिक रूप र कर्म, चित्त, ऋतु, आहार भनी चार जोडा जिवित रूप बन्न आउनेलाई नाम, रूप रूपी शरीर भएको सत्व प्राणीहरूलाई भनिने कुरा जान्नु नै सत्वलोकसम्बन्धी कुरा बुझ्नु हो । यसैगरी तेस्रो संस्कारलोक हो । चित्त चैतसिकको लहर ५२ चैतसिक, ८९ वटा चित्त, २८ रूपले आफ्नो कर्मअनुसार सत्वप्राणीहरू परिवर्तन भई मनुष्यलोक, देवलोक, ब्रह्मलोकमा चार अपाय दुर्गतिमा पुग्छन् । पुण्य कर्मको फलले एक मनुष्यलोक, ६ देवलोक, अकुशल कर्मको फलले चार अपाय दुर्गतिमा पुऱ्याउँछ । र, ध्यान बलले बीस ब्रह्मलोकसम्म पुऱ्याउँछ । यसप्रकार गौतम बुद्ध लोकका बारेमा सम्पूर्ण कुराका ज्ञाता हुन् ।

'अनुत्तरो पुरिसदम्मसारथी' भनेको दमनीय पुरुषका निम्ति अनुत्तर सारथि हो। यो कुमार्गमा लाग्ने असभ्य अज्ञानि व्यक्तिलाई मैत्री र करुणाले दमन गरी दमन गर्नसक्ने उत्तम सारथि भनिएको हो। 'सत्थादेव मनुस्सानं' भनेको गौतम बुद्ध देवता र मनुष्यलाई सत्मार्ग देखाई लौकिक र लोकोत्तर सुखका साथै निर्वाणको ढोका उघारिदिने भएका कारण देवता र मनुष्य सबैका सास्ता (मार्गनिर्देशक) हुन्। यहाँ स्पष्ट गर्नु पर्ने कुरा के छ भने केही पुण्यकर्मले प्राणी देवयोनिमा जन्मने हुन् र सधैं देवता भइरहन पाउँदैन। देवता भनेर असंख्य संख्यामा इन्द्रलगायतका देवताहरू र त्यस्तै असंख्य ब्रह्माहरूलाई बुझ्नुपर्छ। मानिसलाई जस्तै उनीहरूलाई धर्म उपदेशको आवश्यकता पर्छ।

'बुद्ध' भन्नु ठूलो कुरा हो, अर्थात् गौतम बुद्ध व्यक्तिको नाम नभएर बुद्धत्व प्राप्त गर्ने बुद्ध हुन्। यति धेरै गुण भएकालाई 'भगवान्' भनिन्छ, अर्थात् बौद्ध धर्मदर्शनमा भगवान शब्दले विशिष्ट अर्थ राख्छ। यसअनुसार ६ प्रकारको भाग्य भएकालाई मात्र भगवान भन्न सकिन्छ। ६ प्रकारका भाग्य भन्नाले, इस्सरीय भाग्य (आफ्नो चित्तलाई बसमा राख्न सक्ने तथा अनन्त ऋद्धिसिद्धिले सम्पन्न भई काम गर्न सक्ने), धम्म भाग्य (नौ लोकोत्तर धम्म), यश भाग्य (मनुष्यलोक, देवलोक, ब्रह्मलोक, जलचर, थलचर, आकाशचर जहाँ पनि कीर्ति फैलिरहने), सिरि भाग्य (श्रीशोभाले अत्यन्त सुवर्णमय रूप, रिष्टपुष्ट र अति कोमल, सुन्दर रमणीय बत्तीस लक्षण र अस्सी व्यञ्जन सुलक्षणले परिपूर्ण हुने भाग्य), काम भाग्य (इच्छानुसार काम गर्न सक्ने, आफ्नो र अरुको उपकार गरिदिन सक्ने भाग्य) र पयत्त भाग्य (बुद्धत्व प्राप्त नहुँदासम्म दृढ भइरहन सक्ने साहसी र प्रयत्नशील भइरहनसक्ने भाग्य।)

भंग राग, भंग द्वेष, भंग मोह, राग आदि हटाई सकेका, द्वेष नामको क्लेशलाई पनि जडदेखि नै उखलेर बारबार जन्माउने तृष्णारूपी गृहकार र अविद्यारूपी अन्धकारलाई हटाइसकेकाले उनलाई 'भगवान' भनिएको बौद्ध मान्यता छ।

गौतम बुद्धको प्रशंसा अनेक प्रकारले गरिन्छ। यद्यपि उनी भौतिकवादी होइनन्। तर, भौतिकवादलाई स्पष्ट शब्दमा 'मिथ्यादृष्टि' भनेको पाइन्छ। तर, बुद्धलाई भौतिकवादीहरु पनि प्रशंसा गर्छन्। विविध आयामका उपदेश तथा त्यसलाई समयअनुसार प्रस्तुत गर्नसक्ने पछिल्ला होनहार आचार्यका कारण यो सर्वसुलभ भइरहेको छ। व्यक्तिको क्षमता र रुचिअनुसार हरेक वर्ग, क्षेत्र, सम्प्रदाय, लिंग, वर्ण, भाषाभाषी तथा अन्यले ग्रहण गर्ने हुन्। बुद्धमा निहित माथि उल्लेखित गुणहरू कतिपयका लागि अलौकिक वा पत्याउन नै नसकिने हुन्छन्। तर, यहाँ विचार पुऱ्याउनु पर्ने कुरा के हो भने एक सर्वसाधारण र बुद्धमा अवश्य पनि फरक पर्छ।


'बुद्ध'को उपमा पनि त्यति सस्तो र हलुको बनाएर प्रयोग गर्नु बुद्ध गुणलाई नदेख्नु हुन्छ। यही भएर उनलाई बौद्धहरू 'भगवान' भन्दै दश अन्जली र दुई हात जोडी काय, वचन, चित्तले पूजा तथा वन्दना गर्छन्।



Downloaded from http://www.dhamma.digital

# धर्म निरपेक्षता व नेपाल सरकारया उदासिनता

बिपुल शाक्य




हनेवहम्ह थुगु सभाया सभा नायो,पुज्यनिय भिक्षुगण, भिक्षुणिगण, विशेष पाहाँपिं, निर्णायक मण्डल व सकल उपस्थित दाजुकिजा तता:केहे व पासापिन्त जोजलपा याना च्वना ।

थौंया वक्तृत्वकला पर्व सं धर्म निरपेक्षता व नेपाल सरकारया उदासिनता सन्दर्भय् जि विपुल शाक्य, बौद्ध युवा कमिटि पाखें छिकपिनि न्ह्योने छुं छुं खँ कनेत कुतयाना च्वना ।

धर्म निरपेक्षता । दकले न्हनपां भ्मीसं सिकेमागु खँ धैइगु धर्म । धर्म धैगु छु खः ? वास्तवय् धर्म यात साधारण रुपय् थुइकेगु खःसा थ्व मनु मात्रयात भिंकेगु सुत्र वा दर्शण खः धका थुइके फु । धर्म, छगु आस्था व विश्वास नं खः । थि थि मनु तय् थगु हे कथं थि थि आस्था वा धर्म प्रति विश्वास दया च्वनी ।

थ्व हलिमय् (संसारय्) तःताजि कथंया धर्म दु । बुद्ध धर्म, हिन्दु, इसाई, यहुदी आदि । आपलं मनुत धर्मया नामय् अदृक्ष्य ईश्वर प्रति विश्वास देका च्वंगु दु । ईश्वरया पुजा यात धासा दुःख फुक्व तना सुख प्राप्त जुया वइ धैगु आशा व विश्वास याई तर थि थि धर्म मध्यय् बुद्ध धर्मया महत्व वा पह फरक जु । बुद्धं स्वयम नं धया विज्यागु दु कि पुजा आजा भक्तिभावया ल्यू ल्यू सुनं मवने । बुद्धं या पुजा, भक्ति याना नं सुनं दुःख धैगु युक्त संसार तरे जुया वनी मखु ।

वास्तवय् सुख दुःख धैगु थम्हेसिनं हे याना वा कारणं वैगु कर्मया फल खः । भिंगु कर्मया सा फल नं बालागु वइ सा मभिंगु कर्मयासा मभिंगु हे फल प्राप्त जुइ । गथे वाः पिया वा : हे सइ छो पिया छो हे सइ ।

भ्मिगु दे बुद्ध बुगु पवित्र दे खः । वि.सं २०६३ जेक्ष्ठ १४ गते नेपाः धर्म निरपेक्षा दे घोषणा यागु खः । धर्म निरपेक्ष या अर्थ खः धार्मिक स्वतन्त्रता । छुनं धर्म राज्यया मिखाय् समान जुईगु खः । धर्म निरपेक्ष घोषणा याय् न्ह्यो दे हिन्दु राष्ट्र जुया च्वंगु खः । वि.सं २०६८



Downloaded from http://www.dhamma.digital

सालया जनगणनाय् ८१% हिन्दु , ९% बौद्ध , ४% इस्लाम , ३% किराती , १% इसमई धर्म मानेयाइपिं दु धका तथ्याङ्ग पिदंगु खः। हिन्दु राष्ट्र जुया च्वंगु देयात धर्म निरपेक्ष यागु खय् स्वभाविक रुपं हिन्दु धर्मावलम्वी पिन्त चित बुझेमजु । तर थुइके मागु छु धायवले धर्म व्यक्ति मानेयाय्गु खः। देसं मखु । देया थगु धर्म दइमखु ।




देया कानुनय नं उल्लेअ यानातगु दु कि सुनानं थःगु धर्मया विपरित धर्म प्रति आस्था दुपिंत सम्मान याय्मा । धर्मया लोभ केना धर्म परिवर्तन याकि पिन्त सजाय जुई । फुक्क धर्मयात समान रुपय् काय्माः । राज्यं फुक्व धर्मयात समान रुपं स्वया विकास यायेमा । ९५ दुगु बुद्ध धर्म लिपा ९०५ जुसां तवि दे धर्म निरपेक्ष हे जुइमा धैगु जिगु विचार ख । राज्यं एक धर्म नीति कया वन कि थन कलह, द्वेष, भेदभाव व हिंसाया धटना अप्वया वनेफु धैगु खँय् दुइमत मदु ।

बुद्ध बुगु दे जुया झिगु दे नेपालय् हिन्दु धर्म प्रति आस्था दुपिं नेपामिं पी आपालं दु । राज्यया उच्च निकाय सरकाराया जिम्मेवार पदिय व्यक्तिपिं आदि आपालं हे हिन्दु धर्म प्रति आस्था दुपिं जुया नेपाः धर्म निरपेक्ष जुसां तवि धर्म निरपेक्षया आभास जुया च्वंगु मदु । गथे २०७३ सालया भुखाय् लिपा दुना वगु आपालं देग पुनः निर्माणया ज्या स्वल दु । थ्व बाहेक अन्य धर्मया आस्था दुगु देग वा विहार वही देकेगु खसै कुतः यागु अने मदु । जस्तै विहार, वहाः, वही, गुम्वा, आदि पुनःनिर्माण याय्गु ज्याय् सरकार उदासिन जुया च्वंगु खनेदु । अथेहे लुम्बिनी विगु बजेट व पशरपति वइगु बजेट तुलनात्मक रुपं यकुहे फरक वा पशुपतिया विकास व लुम्विनीया विकास जक स्वल धासा स्पष्ट जई । काँक्रे विहारय् बुद्धया प्रतिमा तेके मविउगु खँ झिसं आतक लो ममनी ।

सरकार. छगु धर्म सम्वन्धीत नखः चखः या दिनय् आपलं सार्वजनिक विदा विइगु वा धाय् छगु धर्म या नखः खुन्हु दे न्यंक विदा विइगु व मेगु धर्मया नखस खन्हु सम्वन्धीत प्रदेशय् जक विदा विगु पाय्छी मजु । अथेहे छगु धर्मया सम्वन्धदिगया साधारण लिप्ट उद्घाटन ज्याझ्वः स राष्टपति सहभागी जुइगु अले बुद्ध जयन्ती, ईद आदि पर्व सं विज्ञप्ती जक पिकना सहभागी मजुइगु झिगु न्ह्याने छर्लङ्ग जु । अथेहे शिव रात्री कुन्हु राष्ट पति प्रधानमन्त्री लगायत उच्च अधिकारी पिं पशुपतिनाथया दर्शन या वनेगु याः। छखे स्वःसा थ्व पाय्छि नं जु । थुगु आस्थाया खँ खः । तर थन सिकेमागु खँ राष्ट्रया राष्टपति, प्रधानमत्री धयापी छगु धर्मावलम्बि या जक जुइमखु । सकल जनताया राष्ट्रपति, प्रधानमन्त्री जुगु जुया सकल जनताया भावना नापं पाय्छी जुइकथं ज्यायाय्माः । तर विदम्वना थथे जुया च्वंगु मदु । थुजागु ज्या धर्म निरपेक्ष राष्ट्र यात मल्वः ।

अन्ततः गन समानता दै अन शान्ति दै । गन शान्ति दै अन सम्बृद्ध व सफलता दै । उकिं झिगु देस बुद्ध बुगु देस । शान्ति या प्रतिक राष्ट्र नं बुद्धया मिखाँ स्वया फुक्क धर्म व धर्म प्रति आस्था दु पिन्त समान रुपं स्वय्मा । आवश्यक कथंया विकास याय्त लिचिला च्वने मजिउ ।

धर्म निरपेक्षया नामं छुँ छुँ धर्मावलम्बि पिन्स एकल फाइदा कया च्वंगु यात सरकारं निगरानी तया दिके फय्मा । गलत कथया धर्म प्रचार याईपिं कानुनी दायरा हेय् फेकेमा । धार्मीक सदभाव कायम याना तय्त नीति नियम , अनुगमन , निगरानी तया वन धासा धर्म निरपपेक्षता कायम जुया सफल जुयावनी । देसय् शान्ति जुया वनी ।

अन्तय्, सरकारं थःगु कार्यालय धर्म निरपेक्षता कथं छुनं धर्मया देग वा प्रतिक त दयके मविमा । छुंनं छगु धर्म यात जक तिवः विया वनेगु खःसा देया मे मेगु धर्म प्रति उपेक्षा याना वनेगु खःसा द्वन्द सृजना जुइगु निश्चीत जु । थुकिं दे यात विकास मखु सवनाशया लपुई यंकी । सरकार सजक जुइमा । सम्यक दृष्टि सकल जनता वा धार्मिक आस्था दुपिन्त स्वयेगु ज्याःयाय्मा ।

भवतु सब्ब मंगलम् ।

**(थुगु लेख २७ औं नेपालमण्डल ब्यापी बौद्ध वतृत्वकला पर्वय् दोस्रो पुरस्कार त्याकेत ताःलागु खः)**


 क्रोधित रहनु, कसैप्रति फ्याक्ने मनले आगोको चोक्टालाई आफ्नो हातमा राख्ने जस्तै हो, जुन तिमीलाई नै पोल्छ । - भगवान् बुद्ध

Downloaded from http://www.dhamma.digital

# अष्टाङ्ग मार्ग : बुद्धले दिएको सफलताको सूत्र



**आर. मानन्धर**




## पहिलो सूत्र : सम्यक दृष्टि

बुद्धले दिएको दुःखमुक्तिका आठ सूत्रमध्ये पहिलो सूत्र हो – सम्यक दृष्टि अर्थात ठीक हेराइ । दृष्टि भन्ने कुरा यति महत्त्वपूर्ण छ कि हाम्रा सोचाइ, विचार, कार्यहरू दृष्टिले नै निर्धारण गर्छ । भनिन्छ पनि, 'जस्तो दृष्टि त्यस्तै सृष्टि ।' हो पनि, किन भने–

हेराइ (दृष्टि) अनुसार बुझाइ बन्छ ।
बुझाइ अनुसार सोचाइ बन्छ ।
सोचाइ अनुसार गराइ हुन्छ ।
गराइ अनुसार भोगाइ निश्चित हुन्छ ।

सम्यक दृष्टिलाई अँग्रेजीमा तीन किसिमले अनुवाद गरिएका छन् ।

- Right View/Perspective (ठीक दृष्टिकोण वा ठीक हेराइ)
- Right Vision (ठीक दूरदृष्टि)
- Right Understanding (ठीक बुझाइ)

त्यस्तै 'सम्यक'को पनि धेरै अर्थ लाग्छ – ठीक, उचित, असल । संस्कृत शव्द व्यापक हुने भएकोले संस्कृतको एउटा शव्द बुझाउन पनि अँग्रेजीका धेरै शव्द प्रयोग गर्नुपर्ने हुन्छ। त्यसैले 'दृष्टि' शव्द बुझ्न अँग्रजीका तीनै अर्थ मिलाएर समग्रमा बुझ्नुपर्ने हुन्छ ।

ठीक दृष्टिकोण भन्नाले जीवन र जीवनमा आइपर्ने घटनाहरूलाई हामी कसरी हेर्छौं भन्ने हो । यदि हेराइ नै गलत भयो भने हाम्रो बुझाइ पनि गलत हुन्छ । गलत बुझाइले गलत सोचाइ पैदा हुन्छ । त्यसले समस्याको समाधान गर्नुको साटो दुःखमाथि दुःख थप्ने काम गर्छ । ठीक दूरदृष्टि भन्नाले राम्रो भविष्यको परिकल्पना हो । ठीक दूरदृष्टिले जीवनलाई निश्चित दिशा प्रदान गर्छ, लक्ष्यतर्फ अघि बढ्ने हौसला दिइरहन्छ । साथै कठिन समयमा समस्यासित सामना गर्न उत्प्रेरित गरिरहन्छ । ठीक बुझाइ भन्नाले जुन क्षेत्रमा हामीले दूरदृष्टि बना( उँछौं, त्यस क्षेत्रलाई राम्रोसित बुझ्नुपर्छ भन्ने हो । साथै आफ्नै व्यक्तिगत प्रकृति र रुझानको पनि बुझाइ हुनुपर्छ। राम्ररी नबुझीकन राखेको दूरदृष्टि र लक्ष्यले हामीलाई सफल बनाउँदैन । कथंकदाचित सफल भइहाल्यौं भने पनि खुशी नहुन पनि सक्छौं ।

**राम्ररी नबुझीकन राखेको दूरदृष्टि र लक्ष्यले हामीलाई सफल बनाउँदैन । कथंकदाचित सफल भइहाल्यौं भने पनि खुशी नहुन पनि सक्छौं ।**

यस आलेखमा यी तीनै अर्थमा सम्यक दृष्टिको जीवनमा व्यावहारिक प्रयोजनको लागि छोटो विवेचना गरिन्छ । सम्यक दृष्टिको आध्यात्मिक अर्थ त अर्कै छ – संसारलाई अनित्य, दुःख र अनात्म भनेर देख्नु । अनित्य, दुःख, अनात्म अत्यन्त गहन दार्शनिक विषय हुन् जुन बुझ्न गहिरो चिन्तन र भावना चाहिन्छ। लेखको अन्त्यमा थोरै आध्यात्मिक अर्थ पनि बुझाउने यत्न गर्छु ।



### पहिलो अर्थ : Right View (ठीक दृष्टि वा हेराइ)

जीवनमा दुःख त छ नै । तर त्यो दुःखलाई बढाउने वा घटाउने काम हाम्रो दृष्टिले गर्छ । ठीक दृष्टिले भएको



Downloaded from http://www.dhamma.digital

दुःखलाई बुझेर घटाउनेतिर लाग्छ । तर गलत दृष्टि लिएको मनले नभएको दुःख अझै दशौं गुणा थप्ने काम गर्छ।

अहिले सकारात्मक सोच (पोजिटिभ थिङ्किङ) को धेरै प्रचार भइरहेको छ । निश्चय पनि नकारात्मकभन्दा सकारात्मक सोच राम्रो हो । तर जबरजस्ती गरिएको सकारात्मक सोच पनि धेरै दिन टिक्दैन । वास्तवमा मानिसको सोच बुद्धिमत्तापूर्ण (इन्टेलिजेन्ट) हुनुपर्छ। जीवनमा उही सुखी बन्छ जसको दृष्टि यथार्थपरक (रियालिस्टिक) र बुद्धिमत्तापूर्ण छ। बुद्धिमत्तापूर्ण मानिसको सकारात्मक प्रवृत्ति (पोजिटिभ एटिच्यूड) रहन्छ। सकारात्मक सोचभन्दा सकारात्मक प्रवृत्ति हुनु बढी महत्त्वपूर्ण छ।

यहाँ केही अयथार्थपरक मानसिक प्रवृत्तिको उदाहरण दिन्छु । जस्तो कि हाम्रो मनले हरदम सुखै मात्र चाहन्छ, दुःख अलिकति पनि नहोस् भन्ने चाहन्छ। सुख र दुःख त एउटै सिक्काका दुइटा पाटा हुन्। हामीले हातमा भएको एउटा सिक्काको एउटा पाटो आफूसित राख्नचाह्यौं र अर्को पाटो फाल्नचाह्यौं भने त्यो सम्भव होला ? सुख र दुःख सँगसँगै नै हिँडिरहेका हुन्छन्।

संसारमा कुनै पनि कुरा एकांगी सम्भव छैन । हामीले बुझ्नुपर्ने मुख्य कुरा यो हो कि 'जीवनमा हरेक कुरा एकमुष्ठ (प्याकेजमा) आउँछ' । जसै हामी जन्म्यौं, सुख र दुःख दुवै पनि संगै जन्मे । हामीले जागीर खायौं भने त्यो जागीरमा भएका राम्रा र नराम्रा पक्ष दुवै एकैसाथ आउँछ । हामीले रोज्ने पेशा पनि त्यस्तै हो। जीवन साथी राज्यौं भने पनि ऊसँगै राम्रा र नराम्रा दुवै पक्षसँगै आउँछन्।

**सुखलाई हामी स्वीकार्छौं भने दुःखलाई मात्र नकार्न सकिँदैन। यति मात्रै हो कि कहिले सुखको पाटो माथि पर्छ त कहिले दुःखको पाटो। आफूलाई परेको कुनै दुःखप्रति द्वैष पाल्दा आफ्नै मन बेचैन भइरहन्छ। त्यसैले बुद्धिमानहरू दुःखलाई एउटा अप्रिय यथार्थको रूपमा स्वीकारेर सो दुःख घटाउने वा हटाउने दीर्घकालीन योजना र उपायतिर लाग्छन्।**

सुखलाई हामी स्वीकार्छौं भने दुःखलाई मात्र नकार्न सकिँदैन । यति मात्रै हो कि कहिले सुखको पाटो माथि पर्छ त कहिले दुःखको पाटो । आफूलाई परेको कुनै दुःखप्रति द्वैष पाल्दा आफ्नै मन बेचैन भइरहन्छ। त्यसैले बुद्धिमानहरू दुःखलाई एउटा अप्रिय यथार्थको रूपमा स्वीकारेर सो दुःख घटाउने वा हटाउने दीर्घकालीन योजना र उपायतिर लाग्छन्।

अर्को विचार गर्नुपर्ने कुरा के हो भने हाम्रो मनले चाहेजस्तो हामीलाई सुखैसुख मात्र भयो भने हामी झनै ठूलो दुःखमा पर्नसक्छौं । मेरी आमा भन्ने गर्छिन् – 'दुःख भएकाले सुख खोज्छन् । सुख भएकाले दुःख खोज्छन् ।' सबैतिरबाट सुखी भएकालाई कसैले दुःख दिनुपर्दैन, उनीहरू आफैंले दुःख निम्त्याउँछन् । हामीले सबै किसिमले परिपूर्ण भएका शक्तिशाली तथा धनाढ्यका छोराछोरी देखेका छौं, जो आफ्नै करतूतले दुःख पाइरहेका हुन्छन् । वास्तवमा दुःखमय परिस्थितिसित लड्दा लड्दै नै त हाम्रो बुद्धि र मानसिक क्षमता विकासको हुने हो ।

दोश्रो कुरा, विगतमा भएका कुरालाई सम्झेर पनि हाम्रो मन दुःखित भइरहेको हुन्छ । विगतमा यस्तो भइदिएको भए हुन्थ्यो वा त्यस्तो नभइदिएको भए हुन्थ्यो भन्ने सोचले हामीलाई बित्थैमा तनाव दिइरहेको हुन्छ । विगतबाट शिक्षा लिनु एउटा कुरा हो, तर विगतलाई कोट्याएर मन कुँडाइरहनु अर्कै कुरा हो । वैज्ञानिकहरूले हालसम्म समय-यन्त्र (टाइम मेशीन) बनाएका छैनन् । समय-यन्त्र बनेको भए त विगतमा गएर भएका खराबी सच्याएर फेरि वर्तमानमा फर्किन सकिने हो । जब त्यस्तो गर्नु सम्भव छैन भन्ने कुरा हामीलाई थाहै छ भने विगतमा भएका खराबीलाई बारम्बार सम्झेर बस्नुको कुनै अर्थ छैन । जीवन सँधै अघि बढ्छ । त्यसैले अघि बढ्न चाहनेले विगतलाई सरापेर बस्दैन ।

**बीबीसीले केही वर्षअघि गरेको मनोवैज्ञानिक अनुसन्धानले के नतीजा देखाएको छ भने तनाव, बैचैनी आदि मानसिक समस्याको सबभन्दा ठूला दुइ कारण हुन् – मनमा नकारात्मक कुरा खेलाइरहनु र आफ्नैप्रति मनमनै गुनासो गरिरहनु ।**

हाम्रो मनमा अनेकौं अनावश्यक र अयथार्थपरक, काल्पनिक र विद्वैषपूर्ण कुराहरू खेलिरहेका हुन्छन् । यिनले हाम्रो मानसिक चैन खोस्नेभन्दा अर्को काम गर्दैन। बीबीसीले केही वर्षअघि गरेको मनोवैज्ञानिक अनुसन्धानले के नतीजा देखाएको छ भने तनाव, बैचैनी आदि मानसिक समस्याको सबभन्दा ठूला दुइ कारण हुन् – मनमा नकारात्मक कुरा खेलाइरहनु र आफ्नैप्रति मनमनै गुनासो गरिरहनु ।

अर्को मनोवैज्ञानिक अनुसन्धानले के देखाएको छ भने मानिसको मनको स्वभाव नै यस्तो छ कि त्यसले



Downloaded from http://www.dhamma.digital

सुख थोरै दुःख धेरै महसूस गर्छ । उदाहरणको लागि, तपाईंले एकहजार रूपैंया भेट्टाउनुभयो भने तपाई केही खुशी हुनुहुनेछ, तर तपाईंले एकहजार रूपैंया हराउनुभयो भने तपाई धेरै गुणा बढी दुःखी हुनुहुनेछ। जीवनमा हामी आफूले नपाएका वा कमजोर पक्षलाई लिएर बढी बिलौना गर्छौं । तर आफूसित भएका राम्रा कुराहरू र सबल पक्ष( लाई नजरअन्दाज गर्छौं । ठीक हेराइ भनेको आफूसित भएका राम्रा कुराहरूमा ध्यान दिँदै तिनैलाई उपयोग गर्दै सुख र सफलतातिर अघि बढ्नु हो ।

## दोश्रो अर्थ : Right Vision (ठीक दूरदृष्टि)

हेलेन केलरको नाम धेरैले सुनेको हुनुपर्छ । शिशु अवस्थामै उनले दृष्टि र श्रवणशक्ति गुमाएकी थिइन् । अर्थात् उनी बहुअपांगता भएकी महिला भएर हुर्किन् । तर उनले धेरै पढिन् । अपांगता भएका र महिलाको अधिकारमा उल्लेख्य काम गरिन् । पुस्तकहरू लेखिन् । राजनीतिमा योगदान दिइन् । आँखा नदेख्ने, कान नसुन्ने उनको संघर्ष र सफलताको कथाका धेरै उत्प्रेरक पुस्तक लेखिए, चलचित्र बनाइए ।



**हेलेन केलरलाई देखेर एकजना मानिसले एक्कासी भन्यो, "अहो, तपाईं आँखा देख्नुहुन्न । तपाईंलाई बाँच्न धेरै गाह्रो हुँदो हो ।" उनले जवाफमा भनिन्, "मसँग आँखा छैन, तर मसित दूरदृष्टि (भिजन) छ ।" सोही दूरदृष्टिले उनले त्यस्ता महान् कार्यहरू गरिन्, जुन हामीजस्ता आँखा भएका लाखौं मानिसले गर्न सकेनन् ।**

उनलाई देखेर एकजना मानिसले एक्कासी भन्यो, "अहो, तपाई आँखा देख्नुहुन्न । तपाईंलाई बाँच्न धेरै गाह्रो हुँदो हो ।" उनले जवाफमा भनिन्, "मसँग आँखा छैन, तर मसित दूरदृष्टि (भिजन) छ ।" सोही दूरदृष्टिले उनले त्यस्ता महान् कार्यहरू गरिन्, जुन हामीजस्ता आँखा भएका लाखौं मानिसले गर्नसकेनन् । अनि यसैबाट उनको कहावत प्रसिद्ध भयो, "अन्धो हुनुभन्दा पनि खराब कुरा हो–जीवनमा कुनै दूरदृष्टि (भिजन) नहुनु ।" (The only thing worse than being blind is having sight but no vision)

दूरदृष्टि जति परको राख्यो त्यति नै शक्तिशाली हुन्छ। उदाहरणको लागि कुनै लक्ष्य नभएको विद्यार्थीभन्दा परीक्षामा उच्च ग्रेड ल्याउने लक्ष्य राखेको विद्यार्थी बढी उत्प्रेरित हुन्छ । उच्च ग्रेड मात्र ल्याउने लक्ष्य राखेको विद्यार्थीभन्दा विद्यार्थी जीवनपछि कुन क्षेत्रमा लाग्ने भन्ने स्पष्ट लक्ष्य भएको विद्यार्थी बढी उत्प्रेरित हुन्छ । पैसा कमाउन मात्र पेशामा लागेका पेशाकर्मीभन्दा आफ्नो पेशाबाट सेवा पुर्याउने उदेश्य लिएको व्यक्ति बढी उत्प्रेरित र आफ्नो पेशामा खुशी रहन्छ। महान नेताहरू त आफ्नो जीवनकालको मात्र होइन, सैयौं वर्षपछिसम्मन्को जगत कल्याणको दूरदृष्टि राखेर अघि बढ्छन् । त्यसैले उनीहरूले जस्तै दुःख पनि सहन सक्छन् । तुरन्तै लक्ष्य प्राप्त नभए पनि अधीर हुँदैनन् । गौतम बुद्धले बोधिसत्व हुँदै 'प्राणी मात्रलाई दुःख-मुक्तिको उपाय सुझाउने' दूर दृष्टि राखेका थिए । त्यसैले त २६०० वर्षपछि पनि मानिसहरू उनको पछि लागेका छन् ।

## दोश्रो अर्थ : Right Understanding (ठीक बुझाइ)

लक्ष्य राख्नु राम्रो हो, तर धेरै मानिसले लहलहैमा लक्ष्य राखेका हुन्छन् । कसैले डाक्टर बन्ने इच्छा राख्नुको कारण डाक्टरले पाउने मानसम्मान वा कमाइ हुनसक्छ । यी बाहिरी आकर्षणहरू हुन् । यथार्थ यो हुन्छ कि जब ऊ डाक्टर बन्छ, तब उसले पाउँछ कि कसैले खासै सम्मान पनि गर्दैन र कमाइ गर्न पनि सजिलो छैन । यस्तै धेरै युवाहरू संगीत, अभिनय, मोडलिंग आदि क्षेत्रमा आकर्षित हुन्छन् । तर त्यो भित्री चाहना नभएर बाहिरी झिलिमिलीको आकर्षण मात्र पनि हुनसक्छ । त्यसैले नेतृत्व विकासका प्रशिक्षक जोन म्याक्सवेलले प्रख्यात पुस्तक नै लेखे – 'पुट योर ड्रीम इन्टु टेष्ट' । हामीले आफ्नो सपनालाई पनि जाँचेर हेर्नुपर्छ ।

**लक्ष्य राख्नु राम्रो हो, तर धेरै मानिसले लहलहैमा लक्ष्य राखेका हुन्छन् । कसैले डाक्टर बन्ने इच्छा राख्नुको कारण डाक्टरले पाउने मानसम्मान वा कमाइ हुनसक्छ । यी बाहिरी आकर्षणहरू हुन् । यथार्थ यो हुन्छ कि जब ऊ डाक्टर बन्छ, तब उसले पाउँछ कि कसैले खासै सम्मान पनि गर्दैन र कमाइ गर्न पनि सजिलो छैन ।**



Downloaded from http://www.dhamma.digital

जीवन दोहोरो यात्रा हो – आन्तरिक र बाहिरी । आन्तरिक भनेको आफ्नोबारे बुझाइ हो – आफ्ना भित्री रुझान र खुबीहरू । आफ्ना रुझान र खुबी अनुसारको लक्ष्य रोज्यो भने खुशी हुनसकिन्छ । त्यसैले पहिला आफ्नो प्रकृति र रुझानबारे थाहा पाउनुपर्छ ।

लक्ष्यसम्म सफलतापूर्वक पुग्न चाहनेले लक्ष्यसम्म पुर्याउने मार्गबारे पनि जानकारी हासिल गर्नुपर्छ । मानौं कि कसैले सगरमाथाको चुचुरोमा पुग्ने इच्छा राख्यो । तब ऊ तुरन्तै सगरमाथातिर लम्किँदैन । पहिला उसले हिमालयको बारे, त्यहाँसम्म पुग्ने बाटो अनि मौसम आदिको जानकारी लिन्छ, बाटोको नक्शा केलाउँछ । तालिम लिन्छ, तयारी थाल्छ । राम्रा, रमाइलाको साथै अप्ठेरा र जोखिमपूर्ण पक्षको पनि पूरै जानकार बन्छ । ठीक बुझाइ भनेको सम्पूर्ण बुझाइ हो । आफ्नो लक्ष्य र दूरदृष्टिको लागि कुनै क्षेत्र रोज्नअघि त्यसका सकारात्मक पक्ष मात्र नभएर नकारात्मक पक्ष पनि पूरै बुझ्नुपर्छ । यदि दूरदृष्टि भित्रैबाट आएको हो भने त्यस क्षेत्रका दुःख र कठिनाइ पनि खुशीसाथ सामना गर्ने क्षमता हुन्छ । सकिँदैन जस्तो लाग्छ भने हामीले आफूलाई मिल्दो कुनै अर्कै क्षेत्र रोज्नुपर्छ ।

अझै बुझ्नुपर्ने मुख्य कुरा हो – दूरदृष्टि भनेको लक्ष्य मात्रै पनि होइन । जस्तो कि डाक्टर बन्ने एउटा लक्ष्य हुनसक्छ । लक्ष्यसँगै ध्येय (मिसन) हुनुपर्छ । डाक्टर बन्नु लक्ष्य हो भने ध्येय हुनसक्छ– 'म मानिसको पीडा कम गर्न सहायक बन्छु' । अनि दूरदृष्टि हुनसक्छ– 'स्वस्थ संसारको निर्माण' । तब डाक्टरी एउटा कमाउने पेशा मात्र नभएर अभिरुचि (प्यासन) बन्छ । अभिरुचिले खुशी दिन्छ र जीवनभर त्यस क्षेत्रमा धेरैभन्दा धेरै योगदान दिने प्ररणा दिन्छ । दूरदृष्टिले विकल्पहरू पनि दिन्छ । भनौं, आर्थिक वा अरू नै कुनै कारणले डाक्टर बन्नसकेन भने पनि अन्य तरीकाले पनि स्वस्थ संसारको निर्माणमा जुट्नसकिन्छ । डाक्टर बन्न सकेन भनेर निराश भइहाल्नुपर्ने हुँदैन । 'स्वस्थ संसारको निर्माण'को लागि धेरै पेशागत क्षेत्रबाट योगदान दिनसकिन्छ, जस्तै पोषण, जीवरसायनशास्त्र, सूक्ष्मजीवविज्ञान, मनोविज्ञान वा सामाजिक अभियान । डाक्टर पढ्न सम्भव भएन भन्दैमा दूरदृष्टिबाट पछि हट्नुपर्छ भन्ने केही छैन । यो पनि हुनसक्छ कि संसारलाई तपाईंको खाँचो डाक्टरको रूपमा भन्दा अन्य रूपमा बढी छ ।

**डाक्टर बन्न सकेन भनेर निराश भइहाल्नुपर्ने हुँदैन । 'स्वस्थ संसारको निर्माण'को लागि धेरै पेशागत क्षेत्रबाट योगदान दिनसकिन्छ, जस्तै पोषण, जीवरसायनशास्त्र, सूक्ष्मजीवविज्ञान, मनोविज्ञान वा सामाजिक अभियान । डाक्टर पढ्न सम्भव भएन भन्दैमा दूरदृष्टिबाट पछि हट्नुपर्छ भन्ने केही छैन । यो पनि हुनसक्छ कि संसारलाई तपाईंको खाँचो डाक्टरको रूपमा भन्दा अन्य रूपमा बढी छ ।**

## आध्यात्मिक अर्थमा सम्यक दृष्टि

गौतम बुद्धले संसारका तीनवटा स्वभाव बताएका छन् । यसलाई बौद्ध दर्शनमा 'त्रिलक्षण' भनिन्छ । ती हुन् – अनित्य, दुःख र अनात्म ।

**अनित्य** : संसार अनित्य छ भन्ने कुरा त हामी सहजै अनुभव गर्नसक्छौं । हिजो फक्रेका सुन्दर फूल आज सुकिसकेका हुन्छन् । त्यस्तै हामी पनि निरन्तर परिवर्तन भइरहका हुन्छौं । मृत्यु त सबैका लागि एक मात्र अन्तिम सत्य हो ।

**दुःख** : दुःख-सत्यको विषय त पहिलो लेखमै नै लेखिसकेको छु । (लेखको लिंक राख्ने ।) जन्म हुनु नै दुःख हो । भोक-प्यास दुःख हुन् । तिनलाई मेट्दा क्षणिक सुखको अनुभव त हुन्छ । तर वास्तवमा त्यो सुख त दुःखकै जगमा उभिएको छ !

**अनात्म** : 'म छु' भन्ने जुन भावना हामीभित्र हुन्छ, त्यो नै दुःखको आध्यात्मिक कारण हो । हामी सबैले सतत 'म'को अनुभव गर्छौं । तर बुद्ध भन्छन् 'म'को अनुभव नै भ्रम हो, अज्ञान हो । त्यसैले बुद्धको दर्शनलाई 'अनात्मवादी' दर्शन भनिन्छ । संज्ञान, स्नायुविज्ञान आदि क्षेत्रमा काम गर्ने अहिलेका वैज्ञानिकहरू पनि यसै निचोड नजिकमा पुगेका छन् । उनीहरूले धेरै खोज्दा पनि हाम्रो दिमागभित्र कतै पनि 'म' अनुभव गर्ने केन्द्र भेट्टाउन सकेनन् । बरु उनीहरूले पाएका छन्, समानान्तर रूपमा चल्ने दिमाग वा मनका स्वतन्त्र भागहरूको खुकुलो सञ्जालको अचेतन क्रियाहरूको परिणाम हो – 'म'को अनुभव । 'म'को अनुभव दिमागको एक स्थानबाट अर्को स्थानमा निरन्तर परिवर्तन भइहन्छ । तर हामीलाई नित्यजस्तो मिथ्याभास हुन्छ । यो वैज्ञानिक निष्कर्ष बौद्धदर्शनले व्याख्या गर्ने 'आत्मभाव', जुन हामीले अज्ञानतावश महसूस गरिरहेका हुन्छौं, को नजिक छ ।



Downloaded from http://www.dhamma.digital



# बुद्धशिक्षामा वातावरण

**पूर्णमान महर्जन**
कीर्तिपुर

वातावरणसम्बन्धी तथागत सम्यकसम्बुद्धको पृथक/छुट्टै शिक्षा/उपदेश उल्लेख भएको देखिँदैन । तथापि बुद्धशिक्षा वातावरणसित गहिरो सम्बन्ध रहेको पाइन्छ । आजभन्दा करिब २६०० वर्ष पहिले भगवान् बुद्धले वातावरणसम्बन्धी जुन उपदेश गर्नुभएको थियो, त्यो आजको २१ औं शताब्दीमा पनि उतिकै समसामयिक, सान्दर्भिक र मननयोग्य रहेको छ । बुद्धशिक्षामा पञ्चशील, अष्टशील र दशशील ठूलो महत्व छ। निर्वाण मार्गतिर लाग्न सबभन्दा पहिला शीलको जग खडा गर्नुपर्दछ, अनि समाधि प्राप्त हुन्छ, त्यसपछि प्रज्ञातिर उन्मुख हुन्छ । गृहस्थी या उपासक उपसिकाहरुले पालन गर्नुपर्ने पञ्चशील, अष्टशील र श्रामणेर प्रव्रजितहरुले पालन गर्नुपर्ने दशशीलमा "पाणांतिपाता वेरमणि सिक्खा पदं समादियामि" अर्थात प्राणीहिंसाबाट विरक्त हुने शिक्षापद पालन गर्दछु भन्ने शीलले सबभन्दा अग्रणी स्थान प्राप्त गरेको छ। धम्मपदमा उल्लेख गरिएको छ -

**"सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो ।**
**अत्तानं उपमं कत्वा, नहनेय्य न घातये ॥"**

अर्थात दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काप्दछन् । त्यसकारण प्राणीलाई आफूझै सम्झी हिंसा नगर्नु नगराउँनु । यो थियो भगवान् बुद्धको करिब २६०० वर्ष पहिलेको शिक्षा। आज संसारमा रहने सबै प्राणीहरुको बाच्न पाउँने अधिकार खोस्नु हुँदैन भनेर आवाज निस्केको केही दशक पनि भएको छैन । अर्को धम्मपद हेरौं -

**"सुखकामानि भूतानि, यो दण्डेन विहिंसति ।**
**अन्तनो सुखमेसानो, पेच्च सो न लभते सुखं ॥"**





Downloaded from http://www.dhamma.digital

अर्थात आफ्नो सुखको लागि सुखकामी प्राणीलाई जसले दण्डद्वारा हिंसा पीडा दिन्छ, त्यसले परलोकमा सुख पाउँदैन । यसरी भगवान् बुद्धले त्यसबेला नै प्राणीको बाच्न पाउँने अधिकारलाई महत्वपूर्ण स्थान प्रदान गरेको देखिन्छ । त्यसबेला केही बच्चाहरुले आफूलाई टोक्न आउला भनी एउटा सर्पलाई मार्न खोजीरहेको देखेर बुद्धले सर्पलाई नमार भन्नुभएको थियो । उहाँको समयमा धर्मको नाउँमा पशुवलि दिने प्रथा यत्रतत्र थियो । अरुलाई हिंसा गरेर, मारेर धर्म हुन्छ भन्ने कुरा गलत अनि मिथ्यादृष्टि हो, पाप हो भन्ने कुरा उपदेश गर्नुभई त्यसबेलाको समाजमा एक क्रान्तिकारी कदम फिजाउँनु भयो । प्राणी सबैमा समान करुणा र मैत्री राख्नु नै धर्म हो भन्ने कुराको ज्ञान दिनुभयो ।

बुद्धत्व प्राप्ति भन्दा अगाडि सानैदेखिनै सिद्धार्थ शान्त दान्त, दयालु मयालु, सहृदयी, कारुणिक अनि सरल स्वभावका थिए । एकदिन देवदत्तले आकाशमा उडिरहेका



हाँसलाई वाणले भूईँमा खसाले । घाइते हाँस सिद्धार्थकै छेउमा खस्यो । राजकुमार सिद्धार्थले तुरुन्तै हाँसको जिउमा रहेको वाण निकालि घाउ सफासुग्घर गरेर मलम लगाइदिए । घाइते हाँसले पुनर्जिवन प्राप्त गरे र कसैप्रति दयामाया गर्दाको बेग्लै अनुभूति सिद्धार्थले महसुस गरे ।

मानिसलाई जसरी बाच्न पाउँने अधिकार छ, त्यसैले प्राणी सबैलाई बाच्न पाउँने अधिकार हुनुपर्दछ । कसैलाई दुःखकष्ट, पीडा दिनु पाप हो भने प्राणीको सेवा गर्नु धर्म हो ।धर्मको नाउँमा निर्दोष प्राणीलाई काटमार गरेर वातावरण कहिल्यै पनि स्वच्छ हुँदैन । इतिहासको पाना पल्टाउने हो भने ई.पू. २६६ मा सम्राट अशोकले कलिङ्ग युद्ध गरेर रगतको खोलो बगाएर विजय पाए । युद्धभूमिमा हजारौं हजार क्षतविक्षत लाश देखेपछि अशोकलाई आत्मग्लानि भयो/पश्चाताप भयो । यस्तो हृदयविदारक दृष्यले सम्राटको मन छटपटी भइरहँदा सानो उमेरको प्रव्रजित निग्रोधको प्रमाद अर्थात बेहोसीपन मृत्युको बाटो हो र अप्रमाद अर्थात सजगता, सतर्कता या स्मृति मुक्तिको मार्ग हो भन्ने शिक्षाबाट सम्राट अशोकको हृदय परिवर्तन भयो । त्यसपछि उनले आश्विन शुक्ल दशमीको दिनमा शस्त्रअस्त्र सदाका लागि परित्याग गरी बुद्धशिक्षा अंगाली धर्मको मार्गमा लागेर आफैमाथि विजय प्राप्ति गरे । यसलाई आजसम्म शस्त्रअस्त्र त्याग दिवस/धर्मविजया दिवसको रुपमा मनाउँदै आएको छ ।

पछि निग्रोध भिक्षुको गुरु मोग्गलिपुत्ततिस्सको "पुण्य बढाउनका लागि वृक्षारोपण गर्नु, फूलबारी बनाउनु, खोला तर्न पुल बनाउनु, बाटोमा पाटी पौवा बनाइदिनु, पानी पिउनका लागि र सिचाइको लागि कुवा आदि खनिदिनु, स्वास्थ्य सेवाको लागि औषधोपचार सेवा पुऱ्याउनु, जसले यस्ता फलफूलका विरुवा, हरियो वन, इनार, पोखरी आदि वातावरण सुव्यवस्थाको शान्त विस्तृत आराम उपस्सय बनाउँछ, उसको पुण्यदिन दुई गुणा रात चौगुणा भइ वृद्धि हुन्छ र यस्ता व्यक्तिहरु सुगतीगामिनी हुन्छन्" भन्ने अमूल्य उपदेशबाट प्रभावित भएर सम्राट अशोकले बाटो दुबैतिर वृक्षारोपन गरे, पानी पिउनका लागि ठाउँ ठाउँमा इनार, कुवा बनाए, आराम लिनका लागि पौवा बनाए, औषधोपचारको लागि अस्पताल बनाए, इतिहासमा पहिलोपल्ट पशुहरुको लागि समेत अस्पताल बनाए । यसरी बुद्धशिक्षाले उनलाई चण्डाशोकबाट धम्माशोक बनाए र वातावरणका लागि पहिलोपल्ट अविस्मरणीय कामहरु भए । सम्राट अशोकको इतिहास हेर्ने हो भने उनले बोधिवृक्षलाई नित्य पूजा गर्थे । आफ्नी रानीलाई



Downloaded from http://www.dhamma.digital

भन्दा बोधिवृक्षलाई अधिक माया गर्थे । त्यसैले रानीले बोधिवृक्षलाई विष खन्याउन लगाएका थिए । अशोकले दुध खन्याएर बोधिवृक्षलाई बचाएका कुरा उल्लेख छ ।

बुद्धशिक्षा अनुसार जुन व्यक्तिले रुखको छाँयामा बसी शीतलता प्राप्त गर्दछ, उसले यदि त्यही रुख या रुखको हाँगा काट्छ भने त्यो मित्र द्रोही, विश्वास घाटी र पापी हुन्छ । बगिरहेको पानीमा दिशाा पिसाब नगर्नु, नथुक्नु, कुल्ला नगर्नु आदि बौद्ध विनय हुन् । घाँसमा पिसाब नगर्नु, घाँस र कीराहरु नकुल्चिनु पनि विनय अन्तर्गत आउँदछन् । वास्तवमा सिद्धार्थ कुमार र पछि बुद्ध भइसकेपछि उहाँको जीवनमा जुन जुन मूल मूल घटनाहरु भए, ती सबै वन-जंगलमानै भएका थिए । उनको जन्म लुम्बिनी वनमा, बोधिज्ञान प्राप्त बोधिवृक्ष मुनि (बुद्धगया) मा, पञ्चभद्रवर्गीय भिक्षुहरु कोण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजिलाई सबैभन्दा पहिलो अमृतोपदेश या धर्मचक्र प्रवर्तन श्रृषिपतन मृगदावनमा र ८० वर्षको उमेरमा महापरिनिर्वाण मल्ल राजाहरुको शाल बगैंचाको शाल वृक्षमुनि (कुशीनगरमा) भएको हो । उनी धेरै जसो आफ्नो शिष्यहरुलाई उपदेश दिंदाखेरी रुखमुनिनै बसेर उपदेश दिनुहुन्थ्यो र शिष्यहरुलाई ध्यान भावनाका लागि वनजंगलमा जान अनुरोध गर्नुहुन्थ्यो ।

उहाँलाई प्रकृतिको स्वभाव मन पर्थ्यो । त्यसैले उहाँको जीवनको धेरै समय प्रकृतिमै रहेर बितेको थियो । त्यसैले होला बुद्धत्व प्राप्तिपछि प्रकृतिको स्वभावलाई उहाँले धर्मको रुपमा अंगाल्नु भयो र प्रकृतिको रुख, वन, पर्यावरण र सत्वप्राणीहरुप्रति सहिष्णुता तथा संरक्षणसम्बन्धी आदर्श देखाउनु भएको छ। रुख विरुवाहरु जिवितिन्द्रिय हुने भएको हुनाले रुख, काट्न, कटाउन र आगो लगाउँने गरेमा पाचित्तिय आपत्ति लाग्ने विनय नियम तथागतले प्रज्ञप्त गर्नुभएको थियो । एकपटक आलवि नगरमा आलवक भन्ने नयाँ भिक्षुले रुख काट्ने क्रममा उक्त रुखमा बस्ने वृक्ष आश्रित देवताको वच्चाको हात काटिन पुगेको थियो । बुद्धले उक्त घटना थाहा पाउनु भई उक्त कार्य गर्ने भिक्षुलाई मोघपुरुष/मूर्खको संज्ञा दिंदै निन्दा गर्नुभएको थियो । त्यस्तै एक समय छवग्गिय भिक्षुहरु रुखमा चढेर एउटाबाट अर्कोमा जाने गरेको कुरालाई निन्दा गर्नुहुँदै भिक्षुहरुलाई दुक्कट आपत्ति हुने विनय प्रज्ञप्त गर्नुभयो । सिद्धार्थ गौतमले ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिवृक्षमुनि बसेर बोधिज्ञान प्राप्त गरेपछि "हे बोधिवृक्ष ! तिमीले निश्वार्थ रुपले मलाई छाँया दियौ, शुद्धहावा दियौ, वर्षातको पानीबाट बचायौ । त्यसको बदलामा तिमीले मबाट केही लिने आशा राखेनौ । त्यही गुणको आधारमा मैले बुद्धत्व प्राप्त गर्न सफल भए । म तिमीप्रति धेरै कृतज्ञ छुँ " भनेर कृतज्ञ भाव व्यक्त गर्नुभएको हुनाले भगवान् बुद्धले रुख अनि वनजंगललाई कति महत्व दिनुभएको थियो भन्ने कुरा यसबाट स्पष्ट हुन्छ ।

एकपटक कौशाम्बीमा ग्रन्थधुर/धर्मघर र विपश्यनाधुर/विनयघर (विदर्शनाधुर) बीच भएको कलहलाई शान्त पार्न तथागतले उपदेश गर्नुहुँदा उनीहरुले नमानेपछि उहाँ एकान्त विहारको लागि पारिलेय्यक वनमा जानुभई दशौं वर्षावास बिताउनु भएको थियो । त्यस वनमा तीन महिनासम्म पारिलेय्यक नामक हात्तीले तथागतको सेवा गर्नुभएको कुरा उल्लेख छ । यसबाहेक सिद्धार्थ गौतमको पूर्व वचन अनुसार बुद्धभएपछि मगधको नरेश राजा बिम्बिसारलाई प्रथम धर्म उपदेश गर्न भिक्षु संघकासाथ षष्ठीवनोद्यानमा बस्नु भएको थियो । पछि राजा बिम्बिसारले आफ्नो दरबारबाट नजिक पनि टाढा पनि नभएको वेणुवन तथागत बुद्धसहित भिक्षुसंघलाई श्रद्धापूर्वक दान गर्नुभएको थियो । बुद्ध शासनको पहिलो जग वेणुवनबाट सुरुवात भएको मानिन्छ ।

अनाथपिण्डिक महाजनले बुद्ध प्रमुख भिक्षुसंघलाई १८ करोड धन खर्चेर किनी जेतवन दान गर्नुभएको थियो । उक्त रकमसहित ५४ करोड धन खर्च गरी जेतवन विहार बनाई दान गरेको कुरा बौद्ध साहित्यमा उल्लेख छ । तथागत सम्यकसम्बुद्ध कपिलवस्तु नगरमा आउनू हुँदा तथागतका ज्ञातिहरुले निग्रोध उद्यानमा विहार बनाईदिनु भएको थियो । अनुप्रिय आम्रवन, आम्रपालीवन, जीवकम्बवन, कपासको वन, भेशकला वन आदि भगवान् बुद्धको जीवनीसित सम्बन्धित अरु वनहरु हुन् । आजभन्दा करिब २६०० वर्षअगाडि वनजंगलप्रति बुद्धको सजगता र कृतज्ञ भावले मानिसको लागि पर्यावरणको संरक्षण महत्वलाई उजागर गर्दछ ।

बुद्धको समयमा उहाँको उपदेश श्रवण गरेपछि जो पनि वातावरणप्रति सचेत हुन्थे । आजभन्दा ४ असंख्य १ लाख कल्प पहिले दिपंकर बुद्धको समयमा उहाँको रम्य नगरमा आगमन हुँदा नगरका मानिसहरुले बाटो



Downloaded from http://www.dhamma.digital

सरसफाई गरेको देखेर गौतम बुद्ध हुने बोधिसत्व सुमेध श्रृषिले पनि बाटो सफा गर्न जिम्मा लिएका थिए । तर दिपंकर बुद्ध नजिकै आइपुग्नु भएको हुनाले सुमेध ऋषिले दिपंकर बुद्धलगायत भिक्षुसंघलाई हिलोबाट पार लगाउन आफ्नो शरीरमा टेकेर/कुल्चेर जान दिपंकर बुद्धलाई प्रार्थना गर्नुभएको थियो । यस कुराले भगवान् बुद्धको समयमा मात्र होइन, त्यो भन्दा पहिले पहिलेका बुद्धहरुको समयमा पनि बुद्धको आगमनमा वरिपरिको वातावरण सफा राख्ने/सफा गर्ने चलन रहेको व्यहोरा पुष्टि गर्दछ। भगवान् बुद्धले समय समयमा वातावरणलाई सफा सुग्घर राख्नु पर्दछ, वनजंगललाई संरक्षण गनुपर्दछ भन्ने शिक्षा दिने हुनाले भिक्षुसंघसहित जाने विशेष विशेष कार्यक्रममा मानिसहरुले मार्गहरु सफा गर्ने गर्दथे । प्रकृतिको सुन्दर वातावरण भगवान् बुद्ध मन पराउँनु हुन्थ्यो । त्यसैले भिक्षु कालुदायीले भगवान् बुद्धलाई लुम्बिनीमा निमन्त्रणा गर्दा खेरी बाटोको सुन्दर प्रकृतिको वर्णन यसरी गरे -"महावीर ! आजकल ऋतुगण साह्रै सुखदायी छ । अति जाडो पनि होइन, अति गर्मी पनि होइन । घाम कडा पनि होइन, नरम पनि होइन । कपिलपुर जाने मार्गमा भर्खर भर्खर फुल फुल्न लागेको हुनाले साह्रै आनन्ददायक छ। बाटोमा न हिलो छ, न गृष्मकालमा झैं धुलो उड्छ । ऋतुराजले शोभा प्रर्दशन गरिराखेको छ, नाना प्रकारका पंक्षीहरुको संगीतले मार्गको सौन्दर्य अझ दुगुना बढेको छ ।"

हाम्रो शरीर नाम र रुपले बनेको हुन्छ। नाम भनेको मन/चेतना/चित्त हो भने रुप भनेको भौतिक गुणहरु हुन्। यो रुप पृथ्वी (कडा र नरम), आपो (जमेको र तरल), तेजो (तातो र चिसो) र वायो (आधार दिनु र घचेट्नु) जस्ता प्राकृतिक कुराहरुले बनेको छ। प्राकृतिक कुराहरुले बनेको यो शरीरले प्रकृतिसँग सामञ्जस्यता कायम राखेर जानु आवश्यक छ। भगवान् बुद्ध भन्नुहुन्छ "प्रकृतिबाट आफूलाई चाहिने भन्दा बढी नलिनु नै वातावरण बचाउँनु हो ।" संसारमा साधन सीमित छ । तर जनसंख्याको वृद्धि तीव्ररुपमा भइरहेको छ । पृथ्वीलाई ठूलो बनाउनु संभव छैन । अपवादको रुपमा वाहेक पृथ्वीमा रहेको साधन बढाउँन सकिंदैन । त्यसैले विद्यमान साधनको अधिकभन्दा अधिक कसरी उपभोग गर्ने भन्ने कुरा नै आजको चासोको विषय बनेको छ । निम्न उदाहरणलाई मध्यनजर राखेमा तथागत महाकारुणिक शास्ता भगवान् बुद्धको समयमा नै उपलब्ध साधनको अधिकभन्दा अधिक उपभोगको अभ्यास भएको देखिन्छ। धम्मपद अट्ठकथा अनुसार यो घटना कौशाम्बीको थियो । भगवान् बुद्धको उपस्थापक भिक्षु आनन्दको उपदेशबाट प्रभावित भएर एकदिन महारानी श्यामावतीले भिक्षु आनन्द समक्ष ५०० वटा चीवर चढाउनु भयो । राजा उडेनले सो ५०० वटा चीवर भिक्षु आनन्दले सहर्षपूर्वक स्वीकार गरेको कुरा सुनेर आश्चर्यपूर्वक सोध्नुभयो -"भन्ते ! यतिका चीवर तपाई के गर्नुहुन्छ ? बढी भएन र ?" राजाको यस्तो कुरा सुनेर भिक्षु आनन्दले उत्तर दिनुभयो, "आफूलाई चाहिने जति राखेर बाँकी सबै चीवर थोत्रो चीवर लगाउनेहरुलाई दिन्छु ।" राजाले फेरि प्रश्न राखे -"भन्ते ! अनि पुराना ५०० वटा चीवर के गर्नुहुन्छ नि ?"

"बिछ्यौनाको तन्नाको रुपमा काम लिनेछु ।"

"अनि पुराना तन्ना के गर्नुहुन्छ नि ?"

"भुइँमा ओछ्याउन प्रयोग गर्छु ।"

"पुरानो भुइँमा ओछ्याइ राखेको कपडा के गर्नुहुन्छ नि ?"

"खुट्टा पुछ्न काम लिनेछु ।"

"पुरानो भुस्रो के गर्नुहुन्छ नि ?"

"त्यसलाई टुक्रा टुक्रा पारेर माटोमा मुछेर भित्तामा लिप्ने छु र मूसाको प्वाल टाल्ने छु ।"

बुद्धशिक्षामा वातावरणसम्बन्धी अलग्ग/पृथक सुत्र नभएतापनि बुद्धको विविध उपदेशमा वातावरणसम्बन्धी अत्यन्त जीवनपयोगी ज्ञान पाइन्छ। १९ औं शताब्दीपछि जनसंख्याको तीव्र वृद्धि र मानिसको लोभ, लालच र लालसाका कारण वातावरणमा आएको नकारात्मक परिवर्तनले मानिस आफैलाई पिरोल्न थालेपछि वातावरणविद्हरुले यसमा चासो दिएको खासमा भन्ने हो भने धेरै भएको छैन्। आजभन्दा करिब २६०० वर्ष पहिले नै प्रकृतिवाट चाहिने भन्दा बढी नलिनु, साधनको अधिकभन्दा अधिक उपयोग गर्न, प्राणीको बाच्न पाउने अधिकार हनन नगर्नु, वातावरणलाई सफा र सुव्यवस्थित गर्न, सजक, सचेत, सतर्क र होसमा रहेर जीवनयापन गर्नु आदि इत्यादि तथागत सम्यक्सम्मबुद्धले वातावरणसम्बन्धी दिनु भएका शिक्षाहरु हुन्, जुन आजपनि उतिकै सान्दर्भिक, समयसापेक्ष र मनन्योग्य छन् ।



Downloaded from http://www.dhamma.digital

# वासवदत्ता र भिक्षु उपगुप्त

सुर्य घिसिङ



रातको गहिरो शुन्यता, चारैतिर फैलिएको अँध्यारोमा पनि बजारको रौनक चम्की रहेको थियो । चारैतिर मानौ यौवन उन्मादमा थियो, युबा युबतीको झुन्ड झुन्ड हास्दै हास्दै रम्दै घुमी रहेको थियो । त्यसै समयमा वासदत्ता पनि आफ्नो रथमा नगर घुम्नका लागी निक्लिन । यौवनको मदमा मस्त नगरक युवा वसवदत्ता निक्लेको देखेर सबैको आँखा उसको रुप, यौबनमा गएर रोक्कियो । उनको एकै झलकमा लोक मस्त हुन्थे । जसलाई उनीसंग(साथ मिल्छ उसले त दुनियाँमा आफुले आफैलाई धन्य भागी सम्झिन्थ्यो ।

वासवदत्ता एक नगर बधु थिइनँ यानी सारा नगरको बधु, नगर(नटि(सारा शहरमा उसको यौवनको जादु छाएको थियो । जो सुन्दर स्त्री हुन्थ्यो, उसलाई नगरबधु बनाइन्थ्यो ताकी लोकमा संघर्ष नहोस, कलह नहोस, झगडा नहोस । जो अति सुन्दर छ उसका लागी धेरै प्रतियोगिता चल्नेछ, झगडा हुनेछ, त्यो सबैको होस, एकको मात्र नहोस । यी वासबदत्ता त्यस समयको सुन्दर युवती थिइनँ ।

वासवदत्ता अभिसारका लागी निक्लेकी थिइन आफ्नो रथमा सवार भएर, फुलले सजिएर । उसले नजिकैबाट गइरहेको बौद्ध भिक्षु उपगुप्तलाई देखेर तीन छक्क परिन, उसको मदमस्त चाल, हातमा एक भिक्षा पात्र, शरीरमा एक चिवर कुनै आभुषण छैन । उसले त आभुषणले लादिएको सौन्दर्य देखेकी थिइनँ । सुन्दर बस्त्रमा बेरिएको शरीर, जसले शरीरको कुरुपतालाई केवल लुकाउनु सक्छ । त्यसमा सौन्दर्य भर्न सक्दैन, यसले हाम्रो आँखामा एक भ्रम उत्पन्न गराइ दिन्छ, एक आवरणको चस्मा लगाइ दिन्छ ।

आज उसको नयनले प्राकृतिक सौन्दर्यलाई देख्यो । शुद्ध र स्फटिक हिरा जुन अहिले काट छाँट गरिएको छैन, परन्तु त्यसबाट आभा छल्किएर प्रसाद झै छरिदै थियो । उसको आँखालाई बिश्वास नै भएन । के यस्तो सौन्दर्य पनि हुनसक्छ । यस कुरुप संसारमा, जो केवल देहको भोगमा लिप्त हुन्छ । उसको अनुहारमा वास्नाको एक कालो छाँयाले उसलाई घेर्न सुरु गर्यो ।

उसले ढोकामा भिख माग्दै गरेको सम्राट देखेको थियो । उसको ढोकामा भिड लागि रहन्थ्यो राजपुत्र, नबयुबक, धनपतीहरुको(तर सबैसँग उसको भेटघाट हुँदैन थियो । धेरै महंगो थिइनँ वासवदत्ता । तर यो भिक्षु जस्तो सुन्दर ब्यक्ति उसले कहिले देखेको थिइनन ।

वासवदत्ताले रथलाई रोकेर भिक्षुलाई बोलाइन । जुन भिक्षु उपगुप्ता थिए । उ शान्त मुद्रामा आफ्नो भिक्षापात्र लिएर गइ रहेका थिए । उसले सोचेको पनि थिएन कि कुनै नगरबधुले पुकार्नेछ । उ त आफ्नो आँखा भन्दा चार फिट अगाडी(जस्तो भगवान बुद्धले भन्नुभएको थियो । चार फिट भन्दा धेरै नहेर्नु, आफ्नो आँखालाई निहुँराएर चुपचाप मार्गमा हिडिरहेका थिए । उ हिडनुमा एक अपुर्ब प्रसाद थियो । एक लय थियो, एक गौरव गरिमा थियो । जुन एक भिक्षुको हिडाइमा नै हुनसक्छ । जुन एक शान्त



Downloaded from http://www.dhamma.digital

पोखरी जस्तै स्फटिक जरुर छ तर त्यो गहिरो पनि छ । उसको तृष्णा, दुस्ख( वेदना, मोह, लोभ सबै हराइ सक्यो, उ शान्त छ । आफ्नो भित्र रमाएर चुपचाप गइरहेको छ ।



भिक्षुहरु ( संन्यासी ) अपुर्ब रुपले सुन्दर हुन्छन् । संन्यासले जस्तो सौन्दर्य दिन्छ मनुष्यलाई अरु कुनै चिजले दिदैन । संन्यास्त भएर तिमी सुन्दर भएनौ तब बुझ् कि काहीँ भुलचुक भइरहेको छ । र संन्यासीको कुनै श्रृङ्गार छैन । संन्यास यति ठुलो श्रृङ्गार हो कि फेरि अरु श्रृङ्गारको कुनै जरुरत पर्दैन ।

तिमिले देख्यौ कि संसारी भोगिको, जवानीमा सायद सुन्दर हुन्छन् । तर जसै(जसै बृद्धपन आउन थाल्छ, असुन्दर हुन थाल्छ । तर त्यो भन्दा उल्टो घटना पनि घटछ । संन्यासीको जिबनमा, जसै जसै संन्यासी बृद्ध हुन थाल्छ, त्यसै त्यसै अरु सुन्दर हुन थाल्छ । किनकी संन्यासी कहिले बूढो हुँदैन ।

उ रथलाई रोक्छिन, भिक्षुको अगाडी नयन ओछ्याएर उभि रहन्छिन । बौद्ध भिक्षु उपगुप्तालाई देखेर उनी छक्क परिन, दिपकको प्रकाशमा( बाटोको किनारमा जुन दिपस्तम्भ छ त्यसको प्रकाशमा उसले सबल, स्वास्थ्य, तेज दिप्त गोरो बर्णको भिक्षुलाई हेरेको हेरै भइन । यस्तो रुप उसले कहिले देखेको थिएन । भिक्षुको सहज सौर्न्दर्यले उसको मनलाई हल्लाइ दिन्छ । आजसम्म संसार उसको प्रेमको खातिर छटपटिन्थ्यो, पहिलोपटक वासवदत्ता कसैको प्रेमको लागी तडपिन । उ भिक्षुलाई आफ्नो घरमा आमन्त्रित गर्छिन । भिक्षुले धेरै बहुमुल्य कुरा उत्तरमा भन्छ ।

उपगुप्तले उनलाई भनेस(“जुन दिन समय आउँनेछ, त्यस दिन म स्वयं नै तिम्रो कुञ्जमा उपस्थित हुनेछु ।“

वासवदत्ता भन्छिनस(“भिक्षु मेरो घरमा आउ, रथमा बस, म तिमीलाई आफ्नो घरमा लैजाने छु, त्यहाँ तिम्रो सेवा गर्नेछु, सबै मेरो दास बन्न आतुर रहन्छन तर मेरो मन तिमीमा आयो । म स्वयं तिम्रो दासी बन्न तयार छु ।“

भिक्षु उपगुप्ताले भने , आउनेछु, सुन्दरी अवस्य आउनेछु । समयले जब बोलाउनेछ म आउनेछु । अहिले मेरो होईन तिमीलाई वासनाको जरुरत छ । जब तिमि( लाई मेरो जरुरत पर्नेछ, अबस्य आउनेछु(यो मेरो बाचा भयो । समयको प्रतीक्षा गर ।

धेरै दिन बितेर गयो, वासवदत्ता प्रतीक्षा गरिरहिन । अब उसको मन केही कुरामा रम्दैन थियो । त्यो अपुर्ब रुप आँखाको सामुन्नेबाट हिडि रहन्थ्यो । एक छाँया जस्तै उसलाई चाहेर पनि भोग्नु त टाढाको कुरा त्यसलाई छुन पनि सक्दैन थिइनँ । यस संसारमा अब राग(रंग उसलाई केही पनि राम्रो लाग्दैन थियो । यो उसले बुझ्न सकेकी थिइनन कि कसरी पाउन सकिन्छ त्यस भिक्षुलाई जुन मार्गले उसले संसारको प्रत्येक बस्तुलाई पाउन जान्दछ । त्यसै मार्गले उसले भिक्षुलाई खोजी रहेकी थिइनँ । सुगन( धलाई देख्न सकिदैन त्यसलाई त केवल महशुस गर्न सकिन्छ । उसलाई त फुललाई कुल्चेर अत्तर निकाल्न आउथ्यो तर अदृश्य सुगन्धलाई कसरी पक्रने उसलाई थाहै थिएन ।



Downloaded from http://www.dhamma.digital

धेरै लोकहरु आउथे, धेरै लोकसग समन्ध बना(उथी । नगर(बधु थिइनँ उनी, त्यो उसको काम थियो । बेस्या थिइनँ वासवदत्ता । तर अब देहमा त्यो दिप्ती देखिदैन थियो । अरु केही नै आँखामा बसेको थियो, उ जान्दिन थिइनँ कि कसरी पाउने ? अब बिस्तारै बिस्तारै समयको साथमा उसको देहमा रस कम हुँदै जाँदै थियो । उसको सौर्न्दर्य बिस्तारै बिस्तारै निखीदै थियो । उपगुप्ताको त्यो शान्त आँखाले उसको पिछा गरि रहन्थ्यो । भिक्षुको त्यो आभा, त्यो निर्मलता, उसले चाहेर पनि भुल्न सकिनन । रातमा सपनामा अचानक बिउ(ँझिन्थिइन, दासीलाई बोलाउथिन, पसिनामा लतपतिएको उसलाई दासी पानी दिन्थिन । त्यस पूरा रात उसलाई निन्द्रा आउदैन थियो । अबत मदिराले पनि आफ्नो काम गर्न बन्द गर्यो । उ होश गुमाउने उपाय बढाउथिइन तर त्यो आँखाले उसको पिछा गरिरहन्थ्यो ।

तर उसले उपगुप्ताको कुरालाई सुनेको थियो । जब समय आउनेछ तब म आउनेछु ।“

यति बल पुर्बक भनिएको थियो  कि यो कुरा त स्पष्ट भयो(उपगुप्ता ती लोकहरु मध्येका होइनन् । जे भनेका छन त्यस्तै नै हुनेछ, समयको प्रतीक्षा गर्नुपर्ने हुन्छ । त्यसैले वासदत्ताले कहिले बोलाउने चेस्टा गरिनन । कहिलेकाही बाटोमा आउदै जाँदै गरेको उपगुप्तालाई देखे पनि बोलाउने हिम्मत गर्न सकिनन । सायद उसले यसलाई उचित सम्झिनन । भिक्षुले त आफ्नो कुरा भनिसकेको थियो । प्रतीक्षा अरु प्रतीक्षा, उसको सारा जीवन बित्यो । एक आसाको किरण प्रकाश पुन्ज जस्तै उभित्र चम्की रहर्यो जानी नजानी ।

फेरि एक रात , पुर्णिमाको रात , उपगुप्ता मार्गमा हिडिरहेका थिए । उसले देख्यो कि बाटोमा कोही रुग्णरबिरामी लडि रहेको छ । गाउँभन्दा धेरै बाहिर एक निर्जन स्थानमा, शहरको भिडभाड, चमक धमक भन्दा टाढा । उसले आवाज दियो को छ त्यहाँ वासवदत्ता कराइ रहिन । उसको पुर्ण शरीर जर्जर, वसंतका दानाले गले सडेको थियो, त्यो सुन्दर काया, सुगन्धित अत्तरमा जो महकिन्थ्यो, आज गलेको थियो ।

उपगुप्ताले प्रकाशमा देख्यो वासवदत्ता, अरे, मलाई चीन म हुं उपगुप्ता

वासवदत्ताले आँखा उघारिन सायद अन्तिम घडी नजिकै थियो । श्वास पनि मन्द हुँदै जाँदै थियो । उसले उपगुप्ताको स्पर्श भनेर थाहा पाइन, उसको जलेको ती घाउ हरुमा एक शान्ति लता कुदेको महशुस गरिन । आँख(ाबाट आँसुधारा बगेर निक्लियो । उपगुप्ताले वासदत्ताको शिर उठाएर आफ्नो काखमा राखे र बसंत रोगले उसको अनुहारमा उठेको फोकामा स्नेह पुर्बक हातले स्पर्श गरे ।

यो जुन महारोग छ(बसंत रोग यसलाई भनिन्छ । नाम पनि हामीले क्या खुब छानेको छौ, यस देशमा नाम पनि हामी बडा हिसाबले छान्छौ । सारा शरीरमा काम बिकारका कारण फोका फैलिएर गयो, यौन रोग हो । तर हामीले नाम दियौ बसंत रोग(जवानीको रोग । बसंतको रोग जुन अहिलेसम्म सौन्दर्य बनिएर प्रकट भइरहेको छ । जुन छाला अहिलेसम्म आभा युक्त थियो, त्यो अब घाउले भरियो । सम्पुर्ण शरीर घाउले भरिएको छ, सडि रहेको छ ।

वासबदत्ताले भनिन, मलाई नछुनु, मलाई बसंत रोग भएको छ । कोही पनि मलाई छुन चाहादैनन । कुनै प्रेमी छैन, सबैजना नाक मुखमा कपडा राखेर नजिकैबाट जान्छन् । आज यौबन सकिएर गयो, यस्तो क्षणमा कोही प्रेमी बाकी रहेन, कोही पनि नगरमा राख्न तयार भएनन । मेरो घातक बिरामी तपाईंलाई पनि लाग्न सक्छ । उपगुप्ता मलाई एक घुट पानी पिलाइ दिनुहोस, दुई दिनबाट एक थोपा पानी घाटीमा परेको छैन । तीन दिनबाट मृत्युलाई पर्खेर बसेको छु ।

उपगुप्ताले आफ्नो भिक्षापात्र उसको कंठमा लगाइ दिए । पानीको एक थोपाले घाटीलाई मात्रै होईन भित्री मनलाई सम्म तृप्त गरायो । वासबदत्ताको आँखा खुल्लाको खुल्लै रहर्यो मानौ उपगुप्तालाई नियाली रहेकी छिन । प्राण त्यागिन वासवदत्ताले उपगुप्ताको काखमा ।

जसको एक झलक पाउन संसार लालयित हुन्थ्यो, जसको चरण सम्राटहरु चुम्थे । आज उसैले एक असहाय(अबलाको मृत्यु बरण गरिन । शहरभन्दा धेरै टाढा फ्याकिएकी थिइनँ, कतै यो रोग अरु कसैलाई नलागोस भनेर । त्यहीँ स्त्री जसलाई सारा संसार आँखामा सजाएर घुम्थ्यो, अन्तिम समयमा त्यो शिर एक भिक्षुको काखमा थियो, जसलाई पनि उनी भोग्न चाहन्थिन । एक दयामया मुर्ती उपगुप्ता, जसले आउनेको, सेवाको बाचा गरेका थिए त्यो पूरा गरे ।



Downloaded from http://www.dhamma.digital

# यस्ता छन् असफलताका ३१ कारण; सुधार्नुहोस् र सफल बन्नुहोस्

जीवनको सबैभन्दा ठूलो वियोग भनेको धेरैजसो मानिस गम्भीरतापूर्वक कोसिस गर्छन, तैपनि उनीहरू असफल हुन्छन् । धेरैजसो मानिस असफल हुन्छन् । थोरैमात्र सफल हुन सक्छन् ।

मलाई एकपटक हजारौं स्त्री-पुरुषका बारेमा विश्लेषण गर्ने अवसर प्राप्त भयो । तीमध्ये ९८ प्रतिशत मानिस असफलताको श्रेणीमा भएको मैले पाएँ ।

मेरो विश्लेषणले असफलताको पछाडि ३१ वटा प्रमुख कारण भएको प्रमाणित गर्यो । विश्लेषणबाट मानिसले धन जम्मा गर्न सक्ने ३१ वटा प्रमुख सिद्धान्त पनि सामुन्ने आयो । यस अध्यामा असफलताका ३१ वटा प्रमुख कारण विस्तारपूर्वक वर्णन गरिँदैछ । सूचीलाई पढ्नुहुँदा तपाईँ आफूतिर फर्किएर कतै यही बानी आफ्नो र सफलताका बीच बाधक त बनिरहेको छैन भनेर सोच्नुहोस् । कतै तपाईं यही बानीको कारण असफल बनिरहनुभएको त छैन भन्ने कुरा याद गर्नुहोस् ।

**१. हानिकारक अनुवांशिक पृष्ठभूमिः-**

मस्तिष्क कमजोर हुने मानिसलाई केही गर्न सकिँदैन । यो दर्शनले यस कमजोरीलाई हटाउने केवल एउटा तरिका सुझाव दिन सक्छ । त्यो हो, मास्टर माइन्डको साहयता । यसबाट लाभ उठाउनुहोस् । यो असफलताको ३१ कारणमध्ये व्यक्तिद्धारा सजिलै सुधार्न नसकिने एकमात्र कारण हो ।

**२. स्पष्ट लक्ष्यको अभाव :**

कुनै केन्द्रीय या निश्चित लक्ष्य नहुनेका लागि सफलताको आशा हुँदैन । सायद यही उनीहरूको असफलताको प्रमुख कारण थियो ।

**३. अपर्याप्त शिक्षा :**

यो एउटा तुलनात्मक रुपले सजिलैसित पूरा गर्न सकिने कमी हो । प्रयः स्वनिर्मित वा स्वशिक्षित व्यक्ति नै पूर्ण शिक्षित हुन्छन् भन्ने कुरा अनुभवबाट प्रमाणित भएको छ । शिक्षित बन्नका लागि केवल कलेजको डिग्री भएर पुग्दैन । शिक्षित त आफूले चाहेको कुरा जीवनमा पाउन सिकेका व्यक्ति हुन्छन् । यस प्रक्रियामा उनीहरू अरुको अधिकार हनन गर्दैनन् । शिक्षामा केवल ज्ञान सामेल हुँदैन । ज्ञानको प्रभावकारी एवम् सतत् प्रयोग पनि सामेल हुन्छ । मानिसलाई केवल उसको ज्ञानको लागी पैसा प्राप्त हुँदैन । बरु उसले ज्ञानलाई कसरी प्रयोग गर्छ भन्ने कुराले पैसा प्राप्त हुन्छ ।

**४. औसत दर्जाभन्दा माथि उठ्ने महत्वाकाङ्क्षाको अभावः**

उदासीन, जीवनमा अगाडि बढ्न नचाहने र मुल्य चुकाउने इच्छा पनि नभएका व्यक्तिलाई आशा प्रदान गर्न सकिदैँन ।

**५. आत्मअनुशासको कमीः**

अनुशासन स्वयमथी नियन्त्रणबाट आउँछ । यसको अर्थ मानिसले सबै नकारात्मक गुणलाई नियन्त्रणमा राख्नुपर्छ भन्ने हो । स्थितिलाई नियन्त्रनमा लिनुपूर्व तपाईंले आफैँलाई नियन्त्रनमा राख्नुपर्छ । आफुलाई अनुशासित गर्ने कार्य सबैभन्दा कठिन काम हो । यदि आफैँलाई जित्न सक्नुहुन्न भने तपाईं आफैँसित हार्नुहुन्छ। ऐना अगाडि उभिँदा तपाईंले आफ्नो सबैभन्दा राम्रो साथी र ठूलो शत्रु एकसाथ उभिएको देख्न सक्नुहुन्छ ।

**६. खराब स्वास्थ्य :**

कुनै पनि व्यक्तिले राम्रो स्वास्थ्यबिना उल्लेखनीय सफलताको सुख भोग्न सक्दैन । खराब स्वास्थ्यका केही कारणमाथि नियन्त्रन गर्न सकिन्छ । स्वास्थ्य बिग्रिनुको मुख्य कारण हुन्:

अ. स्वास्थ्यका लागि हानिकारक भोज्यपदार्थ अधिक मात्रामा खानु,

आ. विचारको खराब बानी, नकारात्मक कुरा बोल्नु,

इ. उचित शारीरिक व्यायामको अभाव,

ई. सेक्सको अधिकता र यसको गलत प्रयोग,

उ. गलत तरिकाले श्वास लिने कारणले स्वच्छ हावाको अपर्यात्त आपूर्ति ।

**७. बच्चा अवस्थामा वातावरणको खराब प्रभावः**

आपराधिक प्रवृत्ति भएका अधिकांश मानिसमा यस्तो प्रवृत्ति खराब वातावरण र बाल्यकालमा खराब



Downloaded from http://www.dhamma.digital

सङ्गतको करणले गर्दा हुन्छ ।

**८. आलटालः**

यो असफलताको सबैभन्दा आम कारणमध्ये एक हो । आलटाल गर्ने व्यक्ति अन्य प्रत्येक व्यक्तिको पछाडी छायाँझैं उभीएको हुन्छ। उसले प्रायस् सफलतालाई बिगार्ने मौका पर्खिन्छ । हामीमध्ये अधिकांश मानीस जीवनभरि असफल भइरहन्छौं । किनकि हामी कुनै महत्वपूर्ण काम सुरु गर्नुभन्दा पहिले समय पर्खिन्छौं । सही समयलाई नपर्खिनुहोस । समय कहिल्यै पनि पूर्णरुपले सहि हुँदैन । आफू उभिएकै ठाउँबाट सुरु गर्नुहोस । तपाईंसित भएको ओजारको सहायताले काम सुरु गर्नुहोस । अगाडि बढ्दै जाँदा अझै राम्रो औजार आफै प्राप्त हुँदै जान्छ ।

**९. लगनको अभावः**

हामीमध्ये अधिकांश मानिसले कुनै कार्यको सुरुवात त गर्दछौं तर आफूले सुरु गरेको काम पूरा गर्नमा धेरै कमजोर हुन्छौं । यतिमात्र होइन । मानिसले पराजयको सम्भावना देख्नेबित्तिकै हिम्मत हार्छ । लगनको कुनै विकल्प हुँदैन । सफल व्यक्तिले लगनलाई आफ्नो मात्र बनाउँछ। उसको जविनमा असफलता सधैं टाढै रहन्छ। असफलताले लगनसित लड्न सक्दैन ।

**१०. नकारात्मक व्यक्तित्वः**

नकरात्मक व्यक्तित्वका कारण देखाउँदै मानिसहरूलाई आफूमबाट टाढा राख्ने व्यक्तिका लागि सफलताको कुनै आशा हुँदैन । सफलता शक्तिको प्रयोगद्धारा आँउछ । शक्ति अन्य मानिसको सहयोगपूर्ण प्रयासद्धारा प्राप्त गरिन्छ ।

**११. कामेच्छामा नियन्त्रणको अभावः**

सेक्सको ऊर्जा सबै प्रेरक ऊर्जामध्ये शक्तिशाली हो। जसद्धारा मानिस कार्यका लागि प्रर्वत्त हुन्छ । वास्तमा यो सबैभन्दा सशक्त भाव हो । यसकारण यसलाई नियन्त्रण गर्नुपर्छ । रुपान्तरणद्धारा अन्य च्यानलमा बदल्नुपर्छ ।

**१२. केही पाउने खालको अनियन्त्रित इच्छाः**

जुवाको बानी लाखौं मानिसलाई असफल बनाउँछ । यसको प्रमान सन् १९२९ को वाल स्ट्रिट क्र्यासको अध्यनबाट पाउन सकिन्छ । त्यसक्रममा लाखौं मानिसले स्टक मार्जिनमा जुवा खेलेर पैसा कमाउने कोसिस गरे ।

**१३. निर्णय गर्ने उचित शक्तिको अभावः**

सफल हुने मानिस तत्काल निर्णयमा पुग्छ । यदि उसले त्यस निर्णयलाई बदल्यो भने पनि धेरै ढिलो बदल्छ । असफल हुने मानिसले या त निर्णय लिन सक्दैन या एकदमै ढिलो लिन्छ । उसले प्रायः आफ्नो निर्णय बदल्छ । क्षणभरमै बदल्छ । अनिर्णय र आलटाल जुम्ल्याहा भाइ हुन् । एउटा भेटिएकै ठाउँमा अर्को पनि भेटिन्छ । यिनले असफलताको डोरीले बाँध्नुपूर्व नै तपाईं यसलाई मारिदिनुहोस् ।

**१४. छ वटा मूलभुत डरमध्ये एक या धेरैः**

अन्तिम अध्यायमा छ वटा मूलभूत डरको बारेमा विश्लेषण गरिएको छ । आफ्नो सेवाको प्रभावकारी मार्केटिङ गर्नुभन्दा पहिले यी डरलाई जित्नुपर्छ ।

**१५. अति सावधानीः**

अलिकति पनि जोखिम नलिने व्यक्तिलाई आमरुपले बचेको कुरा मात्रै मिल्छ । किनकि जोखिम लिने मानिसले राम्रो कुराको छनौट गरेर लगिसकेको हुन्छ । अति सावधानी पनि कम सावधानी जति नै खराब हुन्छ। दुवै प्रकारको अतिबाट बच्नुहोस । जीवनमा जोखिम तत्व सधैं रहन्छ भन्ने कुरा नभुल्नुहोस् ।

**१६. विवाहमा गलत जीवनसाथीको छनौटः**

यो असफलताको सबैभन्दा आमकारण हो । वैवाहिक सम्बधन्ले मानिसलाई अन्तरङ्ग रुपबाट नजिम ल्याउँछ । यो सम्बन्धको सुखद तालमेल नहुँदासम्म असफलताले पक्कै पनी ठूलो कुरा त यस असफलताको एउटा यस्तो रुप छ । यसभन्दा पनि ठूलो कुरा त यस असफलताको एउटा यस्तो रुप छ, जसमा दुःख र कष्ट हुन्छ । जसले महत्वाकाङ्क्षाको सबै लक्ष्वणलाई नष्ट गरिदिन्छ ।

**१७. व्यापारमा सहयोगीको गलत छनौटः**

यो व्यापारमा असफलताको सबैभन्दा आमकारणमध्ये एक हो । मार्केटिङमा तपाईंले नियोक्ता छनौट गर्दा एकदमै सावधानी अपनाउनपर्छ । जसले तपाईंलाई प्रेरण दिओस । जो आफु बुद्धिमान र सफल होस। अनुसरण गर्न लायक नियोक्ताको छनौट गर्नुहोस् ।

**१८. अन्धविश्वास र पूर्वाग्रहः**

अन्धविश्वास डरको एउटा रुप हो । यो अज्ञानको निसानी पनि हो । सफल हुने मानिसले आफनो मस्तिष्क खुल्ला राख्छ । ऊ कुनै कुराले डराउँदैन ।

**१९. व्यवसायको गलत छनोटः**

आफ्नो रुचि नभएको कार्यमा कुनै पनि मानिस सफल बन्न सक्दैन । व्यक्तिगत सेवाको मार्केटिङमा



Downloaded from http://www.dhamma.digital

सबैभन्दा महत्वपूर्ण कदम आफू पूर्ण उत्साहका साथ लाग्न सक्ने व्यवसाय छनौट गर्नु हो ।

**२०. प्रयासमा एकाग्रताको अभावः**

सबै व्यवसायमा अलिअलि जानकारी राख्ने व्यक्ति निपुण हुन सक्दैन । आफ्नो सबै प्रयासलाई एक निश्चित प्रमुख लक्ष्यमा केन्द्रित र एकाग्र गर्नुपर्छ ।

**२१. फजुल खर्च गर्ने बानीः**

फजुल खर्ची व्यक्ति कहिल्यै सफल हुन सक्दैन । ऊ सधैं गरिबीको डरमा बाच्छँ । आफनो आयको एक निश्चित भाग बेग्लै राखेर नियोजित बचतको बानी विकसित गर्नुपर्छ ।

**२२. उत्साहको अभावः**

उत्साहबिना कसैले पनि विश्वास जगाउन सक्दैन् । उत्साह सङ्क्रामक पनि हुन्छ । यो नियन्त्रित अवस्थामा हुने व्यक्तिलाई आमरुपमा सबै मासिले स्वागत गर्छन ।

**२३. असहिष्णुताः**

अविवेको व्यक्ति अपवदस्वरुप मात्रै अगाडी बढ्न सक्छ । असहिष्णुताको अर्थ हो, उसले ज्ञान प्राप्त गर्न बन्द गरिदिएको छ । असहिष्णुताको सबैभन्दा विनाशकारी रुप धर्म, प्रजाति र राजनीतिक विचारको मतभेदसित सम्बन्धित छ ।

**२४. असंयमः**

असंयको सबैभन्दा विनाशकारी रुप भोजन, मदिरा र सेक्सको गतिविधिसित सम्बन्धित हुन्छ । यीमध्ये कुनैमा पनि अति लाग्नु सफलताका लागि घातक हुन्छ ।

**२५. अरुलाई सहयोग गर्ने अयोग्यताः**

धेरैजसो मानिस जीवनमा आफेनो पद र ठूलो अवसर यही गल्तीका कारण गुमाँउछन् । मानिसहरू असफल हुनुको यो कारणमा बाँकी सबै कारण मिसाउँदा पनि यो जति हुँदैन । यो एक गल्ती हो । यसलाई कुनै पनि समझदार व्यापारी वा नेताले सहन सक्दैनन् ।

**२६. तपाईंले प्रयासद्धारा प्रप्त नगरेको शक्तिः**

निर्धन व्यक्तिका छोरा-छोरी र बाँकी मानिसको सफलतामा फरक हुन्छ । प्रयासबिना धन प्राप्त गर्नेहरूले यसलाई आफूले कमाएको हुँदैनन् । उनीहरू यसको निमित्त योग्य पनि हुँदैनन् । बिस्तारै - बिस्तारै प्राप्त नगरेको शक्ति सफलाताको लागि घातक हुन्छ । छिटो छिटो प्राप्त गरिएको सम्पन्नता गरिबीभन्दा धेरै खतरनाक हुन्छ ।

**२७. जानी बुझी गरिएको बेइमानीः**

इमानदारिताको कुनै विकल्प हुँदैन । कुनै -कुनै अवस्थामा व्यक्तिको नियन्त्रण हुँदैन । परिस्थितिको दबाबको कारण व्यक्तिले क्षणिक रुपले बेइमानी गर्न सक्छ । यस्तो बेइमानीले कुनै हानि गर्दैन । जानीजानी बेइमानीको बाटो छनौट गर्ने व्यक्तिबाट भने कुनै आशा हुँदैन । ढिलोचाँडो उसलाई आफ्नो कर्मको फल प्राप्त हुन्छ । यसको परिणमस्वरुप उसको प्रतिष्ठा माटोमा मिल्न सक्छ । उसले आफ्नो स्वत्रन्ततासमेत गुमाउँछ ।

**२८. घमन्ड र अहङ्कारः**

यो गुण रातो बत्तीसरह हो । यसले अरुलाई टाढा रहनका लागि चेतावनी दिन्छ । यो सफलताका लागि निकै घातक हुन्छ ।

**२९. सोच्नुको सट्टा अनुमान लगाउनुः**

धेरैजसो मानिस अति उदासीन या अल्छी हुन्छन् । उनीहरू सही सोच्नका लागि आवश्यक सबै तथ्य प्राप्त गर्ने कष्ट उठाउँदैनन् । उनीहरू अनुमानका आधारमा विचारमा वा सोचविचारबिना हत्तपत्त निर्णय गर्न मन पराउँछन् ।

**३०. पूँजीको अभावः**

पहिलो पटक व्यापारमा लाग्ने व्यक्तिमा यो असफलताको एक आमकारण हो । ऊसित आफ्नो गल्तीको भट्कालाई सहन गर्नका लागि पुँजीको पर्याप्तता हुँदैन । त्यसैले उसले बजारमा आफ्नो प्रतिष्ठा स्थापित गर्ने समयसम्म आफुलाई कायम राख्न सक्दैन ।

३१. यसमा तपाइँ आफू पीडित भएको असफलताको त्यस विशिष्ट कारणलाई लेख्नुहोस, जुन यस सूचीमा सामेल छैन। असफलताका यी ३१ प्रमुख कारणमा जीवनको वियोगको वर्णन पाइन्छ । जुन लगभग प्रत्येक कोसिस गरेको र असफलता भएको व्यक्तिको बारेमा सही हुन्छ ।

इदि तपाईं आफूलाई राम्रोसँग बुझने व्यक्तिलाई यो सूची पढ्न प्रेरित गर्न सक्नुहुन्छ भने तपाईंका लागि सहायक हुनेछ । उसले यस सूचीलाई पढोस् र असफलताका ३१ वटा कारणको सन्दर्भमा तपाईंको विश्लेषण गरोस् । (सोच्नुहोस् र धनी बन्नुहोसबाट)



Downloaded from http://www.dhamma.digital

# सुगति तथा निर्वाण कामना



जन्मः
वि.सं. १९८८/३/३

दिवंगतः
वि.सं. २०७६/१०/१७

हाम्रा प्रातस्मरणीय अनन्त गुणवान् पिता श्री **चिरीभाइ महर्जन**को ८८ वर्षको उमेरमा असामयिक निधन भएकोले उहाँको सुगति तथा निर्वाण कामनार्थ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दुःखद घडीमा हामीलाई सान्त्वना प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूमा मैत्री कामना व्यक्त गर्दछौं ।

Dhamma.Digital

छोरा/बुहारीहरू

नातीकाजी महर्जन/बालदेवी महर्जन
किसान महर्जन/कान्छी महर्जन
बाबुराजा महर्जन/रामदेवी महर्जन
मचाकाजी महर्जन/नानीशोभा महर्जन

छोरी/ज्वाई
नानीमैंया महर्जन/राम महर्जन


नाती/नातिनी/पनातिहरू
बालकृष्ण महर्जन/शोभा महर्जन
नातीहरू : लकस, निजल महर्जन
नातिनीहरू : रिजु, सजिना, निजला महर्जन
पनाति : सबिन महर्जन

ठूलो भऱ्याङ्ग, सितापाइला, काठमाडौं, नेपाल ।




Downloaded from http://www.dhamma.digital

# सुगति तथा निर्वाण कामना



दि. चन्द्रमान दर्शनधारी



दि. जगतमाया दर्शनधारी



दि. उत्तम कुमार दर्शनधारी

हाम्रा प्रातस्मरणीय अनन्त गुणवान्

**दिवंगत सासु जगतमाया दर्शनधारी/ससुरा चन्द्रमान दर्शनधारी**

**साथै दिवंगत उत्तर कुमार दर्शनधारीको**

सुगति तथा निर्वाण कामनार्थ

भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

प्रार्थी

**आशामाया दर्शनधारी**

प्रमुख दर्शनधारी परिवार

सिद्धिपुर-६, ललितपुर, नेपाल



Downloaded from http://www.dhamma.digital